
पुस २०, २०६३

# समय

राष्ट्रिय साप्ताहिक



# छटपटाहटमा
## साम्प्रदायिक शक्ति

■ कतारः मृत्युको पासो ! ■ पर्यटन विशेष

मूल्य रु. २५






साम्प्रदायिक दंगा भड्केर नेपालगञ्जमा लगाइएको कर्फ्युपछि सुनसान सडक

रुद्र खड्का



वर्ष ३, अंक १३७, पुस १४–२०, २०६३




आवरण : दंगाग्रस्त नेपालगञ्ज

*तस्बिर : रुद्र खड्का*

**आवरण :** सत्ताधारी दलमध्ये एक सद्भावना आनन्दीदेवीले आयोजना गरेको तराई बन्दको भोलिपल्ट नेपालगन्जमा सल्किएको साम्प्रदायिक दंगामा करोडौं मूल्यबराबरको निजी र सार्वजनिक सम्पत्ति तथा एक सर्वसाधारणको ज्यान जाँदासम्म सरकारले मुकदर्शक बनेर साम्प्रदायिक शक्तिको छटपटाहट हेरिरह्यो ३०


**पर्यटन विशेष**
हिउँदको मौसममा पोखरा, चितवन र लुम्बिनी घुम्न जाने कि ? स्वदेशी पर्यटनबारे सामग्री ३८

**कर्णाली**
दुर्गम कर्णाली क्षेत्रमा सरकारले घोषणा गरेको एक घर, एक रोजगारको कार्यक्रम तुहिने अवस्थामा पुगेको छ १८

**राजनीति**
राजधानीमा माओवादीको समूहगत बसोवास २२
राजदूत नियुक्तिको विरोधमा जमेर उत्रिएको छ एमाले ३५

**रिपोर्ट**
अझै बन्न सकेन संविधानसभा निर्वाचनको वातावरण २६

**खेलकुद**
एसियाडमा सहभागिताको ५५ वर्षे इतिहासमा पनि नेपालले कुनै उपलब्धि हासिल गर्न सकेको छैन ४७



रंग : पाकिस्तानी सांगीतिक ब्यान्ड 'जल'का कलाकारहरूलाई के थाहा, 'कन्सर्ट' गर्न नेपाल जाँदा जेलमा कोच्चिनुपर्ला ! ५६

सम्पादकीय ........ ५
चसक ........ ६
डाँक ........ ८
दर्शन ........ १०
मुलुक ........ १३
साहित्य ........ ५१
अनुहार ........ ५७
शून्य समय ........ ५८

समय
का.जि.प्र.का.द.नं. १७०/२०६०/६१

**प्रबन्ध निर्देशक**
नवीन जोशी
**कार्यकारी निर्देशक**
विजय श्रेष्ठ
**सम्पादक**
युवराज घिमिरे
**सहायक सम्पादक**
राजेश घिमिरे
**प्रमुख संवाददाता**
विश्वमणि पोखरेल
**वरिष्ठ संवाददाता**
मनीष गौतम
मनोज दाहाल
किरण भण्डारी
सुवास देवकोटा
मधुसूदन पौडेल
**संवाददाता**
नवीन अर्याल
छत्र कार्की
गोविन्द परियार
ज्योति देवकोटा
**उपसम्पादक**
डिल्ली आचार्य
**क्षेत्रीय**
रुद्र खड्का (नेपालगन्ज)
श्याम भट्ट (महेन्द्रनगर)
दीपक ज्ञवाली (बुटवल)
ओमआस्था राई (धरान)
केशव लामिछाने (पोखरा)
**तस्वीर**
भास्वर ओझा
तेजबहादुर बस्नेत
**कार्टुन**
अविन श्रेष्ठ
**ग्राफिक/ले-आउट**
सुनील खड्गी (**संयोजक**)
किशोरराज पन्त
रामकृष्ण राना
**लेखा**
गोपाल भट्टराई
राजकुमार श्रेष्ठ
**वितरण**
दीपक श्रेष्ठ
मिलन लम्साल
**बजार**
सुरज भडेल (**प्रबन्धक**)
राजेश महर्जन
अर्जुन वज्राचार्य
सफला शर्मा
**भृकुटी प्रकाशन (प्रा) लि.**द्वारा प्रकाशित तथा मिलेनियम प्रेस, हात्तीवन, ललितपुरमा मुद्रित

**कार्यालय ठेगाना :**
**भृकुटी प्रकाशन प्रा. लि.**
लाजिम्पाट, काठमाडौं, नेपाल
पो.ब.नं. ८८३०, फोन : ४४४३८८८
फ्याक्स : ४४२११४७ (सम्पादकीय)
४४११९१२ (बजार तथा वितरण)
ईमेल: samay@vianet.com.np
**प्रमुख वितरक**
काष्ठमण्डप डिष्ट्रिव्यूसन प्रा. लि.
टेकु काठमाडौं
फोन नं. २०१०८२१, २२२०३२२

सम्पादकीय

# राजदूत नियुक्तिपछि

**झन्डै आठ महिनाको** रिक्ततापछि सरकारले चौधजना राजदूतको नियुक्तिलाई औपचारिकता दिन खोजेकै बेला त्यसलाई रद्द गर्न माओवादी तथा सत्तामा साझेदार दल नेकपा (एमाले) अगाडि आएका छन्। दुवैको आलोचना र मागको पछाडि राजदूत नियुक्तिमा आफूले पर्याप्त भाग नपाएको आक्रोश देखिन्छ।

गिरिजाप्रसाद कोइरालाको नेतृत्वलाई मुलुकले आन्दोलनपछिको अवस्थामा शान्ति स्थापनाका लागि विकल्पहीन माने पनि उनी परिवार र दल तथा केही अदृश्य शक्तिहरूको नियन्त्रणमा रहेको मात्र हैन, उनी 'ब्ल्याकमेल'का सिकार बन्न थालेको पनि देखिएको छ। प्रस्तावित अन्तरिम संविधानले विकल्पहीन नेतृत्व र नव तानाशाहका रुपमा उनलाई स्वीकार गरेको लगत्तै उनको राजदूत नियुक्तिसम्बन्धी निर्णयलाई चुनौती दिएर रणनीतिक रुपमा मात्र उनलाई त्यो हैसियत प्रदान गरिएको स्पष्ट पारेका छन्।

कुनै पनि मुलुकमा वैदेशिक नीतिलाई राष्ट्रिय स्वार्थको संरक्षण तथा विस्तार र अन्तर्राष्ट्रियजगत्सँग द्विपक्षीय, त्रिपक्षीय वा बहुपक्षीय सम्पर्कको आधारका रुपमा लिइने हुनाले त्यस्तो सहमतिको प्रयास स्वभाविक रुपमा अपेक्षित हुन्छ।

आठ आठ महिनासम्म झन्डै १८ मुलुकमा राजदूत पद रिक्त रहनु आफैंमा सरकारको आपराधिक उदासीनता हो, न्यूनतम राष्ट्रिय कर्तव्यको परिपूर्तिमा। त्यसपछि अनौपचारिक छलफल र सहमतिमा घोषित नियुक्तिलाई अंशबन्डाको लडाइँको विषय बनाउनु कोइरालाको नेतृत्वको कमजोरी त हुँदै हो, त्यो माओवादी र एमालेमा देखापरेको इमानदारीको अभाव हो। खासगरी एमालेकै वरिष्ठ नेता परराष्ट्रमन्त्री भएको र उनकै सक्रिय संलग्नतामा गरिएको नियुक्तिप्रति विरोध जनाएर एमालेले सरकारी दलबाट अपेक्षित मर्यादाको उल्लंघन गरेको छ।


राजदूत नियुक्तिको विरोधमा माओवादीले निकालेको जुलुसका सहभागी
समय

प्राथमिक आवश्यकता परराष्ट्र नीतिबारे व्यापक समझदारी निर्माण गर्नु मात्र हैन, त्यो नीतिको कार्यान्वयनमा महत्त्वपूर्ण भूमिका खेल्ने राजदूतहरूको नियुक्ति प्रक्रिया उपयुक्त व्यक्तित्वको छनोटमा पारदर्शिता अपनाइनु पनि हो। जमिनदारी र अंशबन्डाको शैलीमा कोइराला, प्रचण्ड र माधव नेपालबीच कोठे समझदारीबाट राजदूत नियुक्ति तय गरिनु हुँदैन। पारदर्शी प्रक्रियामा 'क्यारियर डिप्लोम्याट'ले उचित अंश पाउनै पर्छ।

मुलुक अहिले अन्तरिम शासनको प्रक्रियामा छ र नेपालको आन्तरिक तथा संक्रमण व्यवस्थापनबारे विभिन्न मुलुकले अनेक आशंका व्यक्त गर्न थालेका छन्। त्यस्तो अवस्थामा राजदूतहरूको भूमिका अत्यन्त महत्त्वपूर्ण हुने हुँदा कूटनीतिक नियोगहरूको रिक्तता पूर्ति गर्ने न्यूनतम क्षमता प्रदर्शन गर्न सरकारले ढिलाइ गर्नु हुँदैन। हिजोको परिस्थितिमा राजनीतिक नेतृत्वको निर्देशलाई अवज्ञा नगरेको आधारमा परराष्ट्र सेवाका उपयुक्त उम्मेदवारहरूको राजदूतका रुपमा नियुक्तिको आभास पनि उम्मेदवारहरूको नियुक्ति रोक्ने षड्यन्त्रको संकेत पनि देखिन थालेको छ। त्यसो भएमा त्यसको परिणाम खतरनाक हुनसक्छ। भोलिको परिस्थितिमा बढी उपयुक्त व्यक्ति छान्ने प्रक्रियामा दलगत घेराभन्दा माथि उठी सरकार र राजनीतिक दलहरू एक ठाउँमा पुगे भने अहिलेकै नियुक्तिलाई समेत फेर्न कठिन हुनेछैन। तर, मुलुकलाई बाह्य जगत्मा प्रतिनिधित्वहीन बनाएर क्षणिक र दलगत स्वार्थले राजनीतिक आधार बनाउने प्रयासको नतिजा न त दलहरूका लागि, न मुलुककै लागि सुखद हुनेछ, अन्ततोगत्वा।




## समय साता

### फिर्ता



अन्तरिक्ष केन्द्रको निर्माणका लागि अमेरिकाद्वारा प्रक्षेपित अन्तरिक्षयान १३ दिने यात्रा पूरा गरी फिर्ता।

### आदेश



खानेपानी संस्थानको व्यवस्थापन विदेशीलाई दिने निर्णय बदर गर्ने सम्बन्धमा पर्याप्त आधारसहित १५ दिनभित्र जवाफ पठाउन सरकारलाई सर्वोच्च अदालतद्वारा आदेश।

### चेतावनी

माओवादी जिल्ला समिति कञ्चनपुरद्वारा सरकारद्वारा त्यहाँ पुनःस्थापित प्रहरीचौकी तुरुन्त खाली गर्न चेतावनी।

### प्रदर्शन

भारतले कैलालीमा नेपाली सीमा मिचेको भन्दै आठ विद्यार्थी संगठनद्वारा बुटवलमा प्रदर्शन।

### माग

प्रवासमा रहँदै आएका नेपालीहरूद्वारा संविधानसभाको निर्वाचनमा आफूहरूले पनि मताधिकार पाउनुपर्ने र यसका लागि सरकारलाई तुरुन्तै व्यवस्था गर्न माग।

सामुदायिक विद्युत् उपभोक्ता राष्ट्रिय महासंघद्वारा विकट बस्तीहरूमा बिजुलीको पहुँच पुर्‍याउन छुट्टै निकाय गठनका लागि सरकारसँग माग।

### आग्रह



प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाद्वारा प्रहरीचौकी पुनःस्थापना गर्न र जनसरोकारका काममा बाधा नपार्न माओवादीलाई आग्रह।

### निर्देशन

महानगरीय प्रहरी सञ्चालनको वैधानिकतासम्बन्धी प्रश्न उठाउँदै प्रतिनिधिसभा राज्यव्यवस्था समितिद्वारा कानुनी व्यवस्थाअनुसार चल्न गृहमन्त्री कृष्णप्रसाद सिटौलालाई निर्देशन।



जनतालाई तत्काले राहतका अनुभूति हुने राहतका अधुरा काम तत्काले पूरा गर्न अर्थमन्त्री डा. रामशरण महतद्वारा सरकारका वरिष्ठ अधिकारीहरूलाई निर्देशन।

आगामी जेठभित्र संविधानसभाको निर्वाचनका तयारीमा जुट्न सरकारद्वारा निर्वाचन आयोगलाई औपचारिक निर्देशन।

### चेतावनी

अन्तरिम संविधानले आफ्ना मुद्दाहरूलाई नसमेटेको भन्दै आदिवासी जनजातिद्वारा आपत्ति, त्यसलाई नसच्याए आफूहरू संघर्षमा उत्रने चेतावनी।

### स्वीकार



इराकमा अमेरिकाद्वारा गरिएको सुरक्षा व्यवस्थाका सबै प्रयास विफल भएको र अमेरिकाले इराकमा विजय प्राप्त गर्न नसकेको अमेरिकी राष्ट्रपति जर्ज डब्ल्यु बुसद्वारा स्वीकार।

### पारित



विवादास्पद आणविक परीक्षणलाई लिएर संयुक्त राष्ट्रसघंको सुरक्षापरिषद्द्वारा इरानमा नाकाबन्दी लगाउने प्रस्ताव पारित।

### सदर



इराकी पूर्व राष्ट्रपति सद्दाम हुसेनलाई त्यहाँको विशेष अदालतले सुनाएको मृत्युदण्डको आदेश पुनरावेदन अदालतद्वारा सदर।




## ‘दुई पात एक सुइरो’

‘नेपाली वृत्तचित्रका आगत विगत’ (*समय* वर्ष ३, अंक १३६)मा प्रकाश सायमीको ज्ञान गहिरो र सह्रानीय छ। उनले भारतमा बनेका नेपाली वृत्तचित्रहरूको पनि सन्दर्भ उठाएका छन्, जसप्रति हम्मेसी यताका रचनाहरूमा दृष्टि कमै गएको पाइन्छ। तर रेकर्डकै निम्ति भए पनि ‘दुई पात एक सुइरो’ नामक वृत्तचित्र ओझेलमा नपरेको भए रचनाले अझ व्याप्ति पाउने थियो। प्रकाशलाई त्यो तथ्य थाहा नभएर नै होला भन्ठानेर उक्त वृत्तचित्रको उल्लेख गर्न मन लाग्यो। सो वृत्तचित्र ‘पोनी व्वाय’भन्दा धेरै अघिको हो। प्रख्यात साहित्यकार एसके राईद्वारा निर्देशित पहिलो र आखिरी पनि वृत्तचित्र हो त्यो।

त्यस वृत्तचित्रको निर्माणका नन्दीभृंगीहरूको रुपमा म पनि सम्मिलित भएकाले यो मनमा त्यसको सम्झना धेरथोर ताजै रहिरहेको होला। यो पनि थपिराखौं, त्यो वृत्तचित्र बन्दै गर्दा सत्यजित रे ‘पथेर पांचाली’ बनाउनमा तल्लीन थिए र एउटै ठाउँमा ती कामहरू भइरहेकाले रे र राईका बीच गफगाफ पनि चल्थ्यो। त्यसै सिलसिलामा रेले अलिपछि नेपालीमा पनि फिल्म बनाउने इच्छा प्रकट गरेका थिए र राईले सहयोगको आश्वासन दिएका पनि थिए।

■ **नगेन्द्र शर्मा**
मण्डिखाटार, काठमाडौं।

## महिलाहरू छैनन् र ?

प्रकाश सायमीको ‘वृत्तचित्रको आगत विगत’ (*समय* वर्ष ३, अंक १३६) ले नेपालमा राम्रा चाखलाग्दा वृत्तचित्र केवल पुरुषहरूले मात्र बनाएको-बनाउने गरेको सन्देश दिएको छ। नेपालका धेरै वृत्तचित्र निर्माताहरूलाई जन्माएको डब्लुआइएफ (विश्व परिदृश्य नेपाल)ले हालै आफ्नो रजत महोत्सव बनाउँदा सुभद्रा बेलवासेको निर्देशनमा उत्कृष्ट वृत्तचित्र प्रदर्शन गऱ्यो। महिला हिंसालाई विषय बनाइएको वन्दना राणाको निर्देशनमा निर्मित वृत्तचित्रमूलक प्रस्तुतिले पनि कुनै बेला दर्शकमा राम्रो छाप छाडेको थियो। लेखमा श्रीवत्स राणा, नारायण श्रेष्ठ र प्रकाशजंग कार्कीको नाम उल्लेख हुनुले सरकारी सञ्चारमाध्यममा काम गर्ने सञ्चारकर्मीहरूले बनाएको वृत्तचित्रको गणना नगरिएको भन्न मिलेन। तर नेपाली वृत्तचित्रको उल्लेख गर्दा उनले सरस्वती श्रेष्ठ, रानी गुरुङ, सुष्मा गौतम लगायत अन्य महिला सञ्चारकर्मीहरूले निर्माण गरेका राम्रा वृत्तचित्रहरूको उल्लेख गर्न किन छुटाए ? ‘भेडाको ऊन जस्तो’ र ‘नेपाली टिम’को उल्लेख गर्नेले रम्यता लिम्बूको ‘डटर अफ एभरेस्ट’को खै चर्चा गरेको ? देशका भिज्युअल लाइब्रेरीहरू नचहारी उडन्ते र अपूर्ण इतिहास कोर्नु प्रकाश सायमी जस्ता स्रष्टालाई सुहाउला ?

■ **दीपा गौतम**
depa_gaugem@hotmail.com

## विवाद के हो ?



त्रिभुवन विश्वविद्यालय लगायतका विश्वविद्यालयहरूमा उपकुलपति र विभिन्न क्याम्पसहरूमा प्रमुख नभएर शैक्षिक वातावरण नराम्ररी बिथोलिएको यो अवस्थामा लोकतान्त्रिक सरकार किन चुप लागेर बसेको छ (*समय* वर्ष ३, अंक १३६)। लाखौं विद्यार्थीको भविष्यसँग जोडिएको प्रसंगमा किन डेग चल्न नसकेको ? शैक्षिक वातावरण र अन्योलको सचित्रण गरी प्रतिनिधि विद्यार्थीको टोली ज्ञापनपत्र बुझाउन जाँदा अपमानित भई शान्तिपूर्ण आन्दोलनमा आइपुग्दासम्म यो समस्याप्रति ध्यान नदिनु सरकारका लागि हास्यास्पद कुरा हो। साथै १३६ अंकमा प्रकाशित ‘विवेकहीन निर्णय’ साह्रै पठनीय लाग्यो। यस्ता समाचारहरू समयमा निरन्तर पढ्न पाइयोस्।

■ **श्रीधर सुवेदी र साथीहरू**
जुँगेखोला, धादिङ।

## गजल

एकान्त नै जाती बरु
तिमी हुँदा डर लाग्छ
तिम्रो एकै साथ पनि
महिनौंसम्म पर लाग्छ
घामसामु हिउँ जस्तै
तिमीसामु पग्लिन्छु म
पग्लिएर तिमीसामु
पानी बन्न कर लाग्छ
के के मात्र हुन्न ममा
तिमीलाई देखेपछि
कोरिएको सलाई तिमी
आफू सुख्खा खर लाग्छ
लज्जावती झारजस्तै
हुन्छौ एकै स्पर्शमा
हातगोडा लुला हुन्छन्
न त आफ्नै भर लाग्छ।

■ **रवि मिश्र**
काठमाडौं।

## नाम परिवर्तनले मात्र हुँदैन

महानगरीय प्रहरीसम्बन्धी समाचार पढ्दा सरकारले नाम परिवर्तन गरेर मात्र हुँदैन। (*समय* वर्ष ३, अंक १३६) प्रहरीहरूमा चोरी, हत्या, हिंसा र लुटपाट नियन्त्रण गर्न सफा मन पनि चाहिन्छ। राजधानीमा हुने गरेका हत्या लुटपाटलाई प्रहरीले नियन्त्रण गर्न सकेको देखिँदैन। घटना भइसक्दा पनि महानगरीय प्रहरीलाई खबर गर्दा पनि उनीहरू उपस्थिति नभइदिनाले महानगरीय प्रहरीप्रतिको विश्वास पनि विस्तारै घट्दै गएको देखिन्छ। नाम मात्र परिवर्तन गर्दैमा चोरी चकारी नियन्त्रण हुने हैन, यसका लागि तिनै प्रहरीहरूमा जिम्मेवारीबोध



हुन जरुरी छ, जुन अहिलेको प्रहरी प्रशासनमा देखिँदैन।

■ **हरिकृष्ण गौतम शर्मा**
बेनी-२, स्याग्दी।

**समयको ग्राहक बन्नुपरेमा वा पत्रिका नआएमा सम्पर्क गर्नुहोस्। फोनः ४४४३८८८/२११२०९४**

## दर्शन

**प्रेम एक अज्ञात, अबुझ अनुभूति हो, कहिले कहाँ अवतरण हुन्छ र कहिले हराउँछ, त्यो भन्न सकिन्न । प्रेममा एक दैवी आकर्षण र पूर्ण समर्पणको भाव हुन्छ र एक आत्मिक परितृप्ति पनि । प्रेम शारीरिक कम, मानसिक र आध्यात्मिक घटना बढी हो, त्यसकारण प्रेमका लागि एक मानसिक र आध्यात्मिक परिपक्वता पनि चाहिन्छ ।**



■ स्वामी आनन्द अरुण

# प्रेम र विवाह

**ओशोको धारणा** छ- जसरी आफ्नै गोत्रमा विवाह गर्न वर्जित छ, त्यस्तै आफ्नो जाति र क्षेत्रमा पनि विवाहलाई सीमित राख्नुहुन्न । अन्तरजातीय र अन्तर्देशीय विवाहलाई प्रोत्साहन गर्नुपर्छ । जब एकै परिवारमा विभिन्न देश र जातिका मानिसहरू एकसाथ बस्न थाल्छन् तब मात्र हामी क्षुद्र जातीयता र राष्ट्रियताको संकीर्णताबाट बाहिर निस्कन सक्छौं र आफ्नै गोत्रका बीच विवाह नचलाउनुका पछाडि वैज्ञानिक कारण छ । वैज्ञानिकहरू भन्छन्- जिनहरू जति टाढाका हुन्छन् त्यसले त्यति नै फरक किसिमका अनुभवहरू आफूभित्र सँगालेको हुन्छ । त्यसकारण भौगोलिक तथा सांस्कृतिक रूपले भिन्न परिस्थितिबाट आएका आमा र बुबाबाट पैदा भएका सन्तानमा आउने जिनमा समाहित विविध अनुभवका कारण ती सन्तानहरू प्रतिभाशाली हुन्छन् र फरक तथा विषम सामाजिक परिस्थितिमा बाँच्न बढी सक्षम हुन्छन् । अहिले संसारभर नै जुन धार्मिक, जातीय उन्माद र हिंसा, क्षेत्रीय र भाषागत पृथकतावादी आगो सल्किन थालेको छ, त्यसलाई प्रेमपूर्वक विसर्जन गर्ने एक उपाय अन्तरजातीय विवाह पनि हो ।

बीसौं शताब्दीका अर्का क्रान्तिकारी द्रष्टा कृष्णमूर्तिको विवाहप्रतिको धारणा पनि ओशोको जस्तै छ ।

जति म बुद्धपुरुषहरूको अध्ययन गरिरहेको छु, के भेटाउँछु भने उनीहरूको धारणामा एक प्रकारको आन्तरिक सामञ्जस्य हुन्छ र एउटै अन्तर्धारा बहिरहेको हुन्छ । यस्तो किन हुन्छ भने बुद्धपुरुषहरूको यस्ता अभिव्यक्ति अमनी स्थिति ( नो माइन्ड) बाट पैदा हुन्छ । अमनी स्थिति सामूहिक अतिचेतनको अवस्था हो । यस्तो स्थितिमा ईश्वरीय धारणाको अवतरण हुन्छ, व्यक्तिगत हुँदैन । त्यसकारण गहिरो रूपमा हेर्‍यो भने बुद्ध, कृष्ण, जिसस, ओशो, कृष्णमूर्ति, रमण र शिवपुरीबाबा जस्ता ईश्वरीय चेतनामा पुगेका व्यक्तिको धारणामा एक आन्तरिक समरूपता पाइन्छ ।

यस विपरीत बुद्धिबाट मात्रै विश्लेषण गर्ने विचारकहरूको विचारमा व्यक्तिवादिता र अहं भाव प्रबल हुन्छ किनभने त्यो नितान्त द्वन्द्वग्रस्त मनबाट उब्जिएको हुन्छ । मनबाट पैदा भएका एउटै व्यक्तिका विचार पनि विभिन्न परस्थितिमा भिन्न भिन्न हुन्छन् । त्यसकारण मनको सीमामा रहेर गरिएका विचारका कारणले नै संसारमा यत्रो अशान्ति छ, हिंसा र द्वन्द्व छ ।

त्यसकारण मलाई अब यो स्पष्ट हुँदै आइरहेको छ कि व्यक्तिगत बुद्धिवादबाट पैदा भएका सिद्धान्तलाई लिएर जस्तोसुकै क्रान्ति हामी गरौं, त्यो असफल नै भइरहन्छ । प्रत्येक क्रान्तिले प्रतिक्रान्ति जन्माउँछ र प्रत्येक परिवर्तनले नयाँ-नयाँ विवाद र द्वन्द्व उब्जाउँछ ।

यसको समाधान के त ? जो मनको सीमाको पार गइसके, जबसम्म हामी उनीहरूलाई सुन्दैनौं र स्वयंलाई व्यक्तिगत पूर्वाग्रहहरूबाट मुक्त गर्दैनौं तबसम्म संसारमा हिंसा र द्वन्द्व रोकिँदैन, कुनै न कुनै रूपमा यो चलिरहन्छ । तबसम्म सामाजिक न्याय, शान्ति, स्थिरता र शोषणरहित समाजको परिकल्पना बडो मनमोहक धारणा त हुनसक्छ, यथार्थमा परिणत हुनसक्दैन ।

विवाहसम्बन्धी जे. कृष्णमूर्तिका धारणाहरू पनि ओशोका जतिकै रोचक छन् । ‘२०-२५ वर्षका सर्वथा एक-अर्काप्रति अपरिचित र भिन्न रुचि भएका युवायुवतीलाई ल्याएर अब जीवन अन्तसम्म सँगै बस, एउटै खाटमा सुत भनी जब हामी बाध्य पारिदिन्छौं भने यो अस्वभाविक प्रक्रिया हुन जान्छ ।’

युवावस्थामा कामवासनाको वेग प्रबल हुन्छ । त्यसलाई नियमित र अनुशासित गर्नलाई विवाहको संस्था खडा भएको हो । विवाहमा कामका लागि यौन सदा आपूर्ति भइरहन्छ र त्यो एउटा आदत बन्न जान्छ । कृष्णमूर्ति भन्छन्, ‘प्रत्येक आदतले बुद्धिलाई विखण्डन गर्छ र प्रज्ञालाई मार्छ । त्यसकारण जुन वर्गको सुनिश्चित आय हुन्छ, त्यहाँ प्रखर प्रतिभा पैदा हुँदैन । त्यसैगरी जब सुनिश्चित यौन हुन्छ र एक नियमित प्रक्रिया हुन जान्छ र त्यसले पनि दिक्कलाग्दो परिवेश पैदा गर्छ ।’

तर अहिले जुन सामाजिक व्यवस्था छ त्यसमा विवाहको कुनै विकल्प देखिँदैन । विवाहको एक प्रयोग अतीतमा हामीले गर्‍यौं । दुई अन्जान व्यक्तिलाई धार्मिक, सामाजिक र आर्थिक त्रास र प्रलोभन देखाई सँगै बस्न बाध्य पारिदियौं । यस व्यवस्थाको आफ्नै उपयोगिता रह्यो । तर यसबाट प्रेम भने पैदा हुन सकेन । केटाकेटीको परिवारको सामाजिक र आर्थिक हैसियत साथै चिना टिप्पन हेरेर लगन मिलाउने ज्योतिषले पनि यो परम्परामा ठूलो भूमिका खेल्छन् । तर जीवनपर्यन्तसँगै बस्नुपर्ने व्यक्तिको इच्छा, अभिरुचि र रुझानको कुनै चिन्ता गरिँदैन । विवाहपछि सँगैको सहवास र विशेष रूपले यौनतृप्तिको अनुग्रह स्वरुप एक प्रकारको मोह पैदा हुन्छ जसलाई सामाजिक भाषामा प्रेम भनिन्छ । तर यो प्रेम होइन, मोह हो । यही सहवासको मोहबाट जन्मियो - ईर्ष्या, एकाधिकारको भावना, शोषण र पाखण्डपूर्ण सामाजिक व्यवहार । मूलतः काम तृप्तिमा हुने यस व्यवस्थाले पूरै सामाजिक व्यवहारलाई नै कामुक बनाइदियो ।

यसको प्रतिक्रिया स्वरूप पश्चिममा खुल्लापन देखियो र त्यस्तो उन्मुक्त परिवेशमा प्रेमविवाहको जन्म भयो । युवायुवतीले अरू कुराको चिन्ता नगरी आपसी आकर्षणको आधारमा विवाह गर्न थाले । तर यसको आफ्नै पीडा छ । प्रेमविवाहसँगै पारपाचुके पनि सुरु भयो ।

सामान्यतः युवायुवती जब स्वतन्त्र परिवेशमा भेट्छन् उनीहरूबीच एक तीव्र जैविक आकर्षण पैदा हुन्छ र त्यो आकर्षणले बुद्धि विवेकलाई अन्धो पारिदिन्छ र त्यस्तो विवेक धमिलिएको तुफानी आकर्षणलाई त्यस क्षणमा प्रेम ठानिन्छ । तर त्यस्तो आकर्षण शारीरिक मिलनको निरन्तरतासँगै क्षीण हुन थाल्छ र केही समयपछि नै त्यस्ता युवायुवती आफूलाई ठगिएको अनुभव गर्छन् र ठूलो सम्मोहनको स्वप्नबाट सुरु भएको यस्तो आकर्षणको अन्त यथार्थको धरातलमा विषादपूर्ण हुन्छ । त्यसकारण पश्चिममा प्रेमविवाहको आयु छोट्टिइरहेको छ र सामान्तयतया ३-४ वर्षभित्रै यस्ता विवाह पारपाचुकेमा टुंगिन्छन् ।

प्रेम एक अज्ञात, अबुझ अनुभूति हो, कहिले कहाँ अवतरण हुन्छ र कहिले हराउँछ, त्यो भन्न सकिन्न । प्रेममा एक दैवी आकर्षण र पूर्ण समर्पणको भाव हुन्छ र एक आत्मिक परितृप्ति पनि । प्रेम शारीरिक कम, मानसिक र आध्यात्मिक घटना बढी हो, त्यसकारण प्रेमका लागि एक मानसिक र आध्यात्मिक परिपक्वता पनि चाहिन्छ । प्रेम निःसर्त दान हो । प्रेममा दिनु नै पाउनु हो । सामान्यतया अहंकारी व्यक्तिले प्रेम गर्न सक्दैन । अहंकार जति दह्रो हुन्छ कामवासना त्यति नै प्रबल हुन्छ । किनभने कामवासनाको चरम शिखरमा हामी क्षणभरका लागि अहंकारबाट मुक्त हुन्छौं र त्यस क्षणमा हाम्रो क्षुद्र व्यक्तिगत परिचय हराउँछ । त्यसकारण अहंकारी व्यक्ति कामको आकर्षण रोक्न सक्दैन । त्यो उसले जानेको एक मात्र सुख हो, तर प्रेमीको अहंकार प्रेममै विसर्जित हुन्छ । जब हामी अहंकारबाट मुक्त हुन्छौं तब हामी परमात्मा स्वरुप नै हुन्छौं । त्यसैकारण प्रेमलाई सबै धर्मले परमात्मा भनेका हुन् । ■

osho@tapoban.com

## अस्पताल बन्दले बिमारी प्रभावित

**कान्ति बाल** अस्पतालमा कार्यरत चिकित्सकमाथि भएको हमलाको विरुद्धमा नेपाल चिकित्सक संघले आकस्मिक र वार्डमा रहेका विरामीको उपचारबाहेक सबै सेवा बन्द गर्ने घोषणा गरेपछि विरामीहरू यसबाट प्रभावित बनेका छन् । संघले पुस ११ गतेदेखि उत्यकाका अस्पतालहरू तीन दिनका लागि बन्द गर्ने घोषणा गरेको भए पनि मंगलवार राजधानीस्थित कान्ति, त्रिवि शिक्षण, वीर लगायतका अस्पतालका सेवाहरू पूर्णतया बन्द रहेका थिए ।

पुस ९ गते उपचारार्थ कान्ति अस्पताल लगिएका एक बालकको मृत्यु भएपछि उनका आफन्तले चिकित्सकमाथि हातपात गरेका थिए । उक्त हातपातबाट तीन चिकित्सकसहित सातजना घाइते बनेका थिए । हातपात गर्ने पाँचजनालाई प्रहरीले हिरासतमा लिएको थियो । उक्त अस्पतालमा भक्तपुर निवासी गणेश दुलालको आठमहिने छोरोको उपचारको क्रममा मृत्यु भएको थियो । मृतकका आफन्तले यसमा चिकित्सकको गल्ती भएको बताएका छन् ।

यसको विरोधमा कान्ति अस्पतालका चिकित्सकहरूले सोमवार हातमा कालो पट्टी बाँधेर उपचार सेवा प्रदान गरेका थिए ।

चिकित्सकमाथि भएको हातपातको खबर तत्काल पाउनासाथ नजिकै रहेको त्रिवि शिक्षण अस्पतालका चिकित्सक तथा स्वास्थ्यकर्मी प्रतिकारका लागि कान्ति अस्पताल पुगेका थिए । 'यसखाले हातपातबाट हामी सुरक्षित नभएको महसुस गरेका छौं', त्रिवि शिक्षण अस्पतालका चिकित्सक खगेन्द्र दाहालले बताए ।

बारम्बार चिकित्सकमाथि भएको हातपातबाट सम्पूर्ण स्वास्थ्य क्षेत्र असुरक्षित भएको महसुस गर्दै संघले यसखाले कार्यको विरोध स्वरुप अस्पताल तथा अन्य स्वास्थ्य संस्था बन्द गर्ने निर्णय गरेको हो । चिकित्साकर्मीहरूले सरकारसँग सुरक्षाको प्रत्याभूतिको माग राखेका छन् ।




## हराएका तपस्वी भेटिए

**नौ महिनाअघि** तपस्या स्थलबाट हराएका तपस्वी रामबहादुर वम्जन फेला परेका छन् । बाराको आठकिलोमिटर भन्ने ठाउँबाट ५ किलोमिटर उत्तर चारकोसे झाडीमा ध्यान गरिरहेको अवस्थामा उनी फेला परेको जनाइएको छ ।

वम्जनको शारीरिक अवस्था पहिलेको दाँजोमा धेरै परिवर्तन भएको पाइएको छ । उनको शरीर अहिले हृष्टपुष्ट र कपाल धेरै लामो भएको जनाइएको छ । २०६२ साल जेठ ३ गतेदेखि निराहार तपस्यामा लीन भएका वम्जनले नौ महिनासम्म केही नखाएको तथ्य प्रकाशित भएपछि उनी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सञ्चारमाध्यमको आकर्षण केन्द्र बनेका थिए । वम्जनले यसअवधिमा बारा, रौतहट र पर्साको जंगलमा तपस्या गरेर बिताएको जनाएका छन् ।

यसअघि आगन्तुकसँग मौन रहने वम्जनले यसपटक भने मौनता तोडेका छन् । उनले अहिलेसम्म अन्न नखाएको र जंगली जडिबुटीको भरमा प्राण धानेको जानकारी दिएका छन् । ■

## हवाई सम्झौता

**नेपाल र इजरायलबीच** द्विपक्षीय हवाई सम्झौता सम्पन्न भएको छ । दुई मुलुकबीच चार वर्षअघि प्रारम्भिक सम्झौता भएको थियो । यसै साता संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयमा आयोजित समारोहमा सचिव माधव घिमिरे र नेपालका लागि इजरायली राजदूत डा. स्टभले हस्ताक्षर गरेका छन् । सम्झौताअनुसार दुवै मुलुकका एयरलाइन्सले सातामा चार यात्रु सेवा र तीनवटा कार्गो उडान गर्न पाउनेछन् । नेपाल इजरायली पर्यटकका लागि आकर्षक गन्तव्य मानिँदै आएको छ । द्विपक्षीय हवाई सम्झौताले नेपालको पर्यटन प्रवर्धनमा सहयोग पुग्ने विश्वास नेपालको निजी क्षेत्रले लिएको छ ।

## स्टार सिटी बजारमा

**भारतीय मोटर** उत्पादक कम्पनी टिभिएसद्वारा उत्पादित स्टार सिटी मोटरसाइकल नेपाली बजारमा भित्रिएका छन् । महावीर अटोमोवाइल्स र एआइटीले नेपालमा उक्त मोटरसाइकलको बजार प्रवर्धन गरिरहेका छन् । इलेक्ट्रिक स्टार्ट रहेको उक्त मोटरसाइकलमा पावर इकोनोमी मोड इन्डिकेटर, नवीन दूरी नियन्त्रक, ब्लु ब्याकलिट स्पिडो कनसोल र अन्य विशेषता रहेका छन् ।

## एनआइवीको बोनस सेयर

**नेपाल इन्भेस्टमेन्ट** बैंकको २१ लाख कित्ता बोनस सेयर स्टक एक्सचेन्जमा सूचीकृत भएको छ । बैंकको बीसौं वार्षिक साधारणसभाले उक्त सेयर सूचीकृत गर्ने निर्णय गरेको थियो । जसअनुसार २१ लाख ७ हजार ६ सय ६६ कित्ता सेयर सूचीकृत भएको हो । बैंकले आर्थिक वर्ष २०६२/०६३ को मुनाफाबाट सेयरधनीलाई २० प्रतिशत नगद लाभांश र ३५ दशमलव ४६ प्रतिशत बोनस सेयर दिएको थियो ।

## क्रिकेटमा पनि प्रायोजक

**वाइवाइलाई क्रिकेटको** साथ लामो समयदेखि प्रायोजकविहीन बनेको नेपाली क्रिकेटलाई वाइवाइ चाउचाउले सघाउने भएको छ । वाइवाइ चाउचाउले गत साता आफ्नो नयाँ योजना सार्वजनिक गर्दै नेपालमा लोकप्रिय रहेको क्रिकेट खेलको प्रवर्धनका लागि आफूले सहयोग गर्ने जनायो । पुस ५ गते नेपाल क्रिकेट संघसित भएको हस्ताक्षर कार्यक्रममा चौधरी समूहका प्रबन्ध निर्देशक निर्वाण चौधरीले नेपालको युथ-१९ टोलीलाई सहयोग गर्न यस वर्ष सिजी फुड्सले न्यूनतम सात लाख ७० हजार रुपैयाँ प्रायोजन गर्ने बताए ।



जुटमिलमा काम गर्दै एक मजदुर

# फेरि धर्मर जुटमिल

**पटक–पटक बन्द** हुँदै आएको विराटनगर जुट मिल चालू पुँजीको अभावमा फेरि बन्द हुने अवस्थामा पुगेको छ । यो मिल बन्द भए कम्तीमा एक हजार मजदुर बिचल्लीमा पर्छन् । दैनिक ज्यालादारीमा काम गर्ने थप सयौं मजदुरको पनि रोजीरोटी खोसिन्छ ।

सरकारले कबुल गरेको ११ करोड ऋणको बाँकी अंश बेलैमा उपलब्ध नगराएकाले चालू पुँजीको अभाव भएको मिल प्रशासन अधिकृत प्रकाश साह बताउँछन् । थप चालू पुँजी प्राप्त भए मिल दिगो रुपमा चल्ने विश्वास उनको छ । 'हामीसँग भौतिक पूर्वाधार, जनशक्ति, सीप र उत्पादन बेच्ने बजार छ', साह भन्छन्, 'छैन त केवल चालू पुँजी ।'

पछिल्लोपटक ६ महिना मिल बन्द हुँदा मजदुरहरूको दबाबमा सरकार आफैं मिल चलाउन राजी भएको थियो । गत साउन ८ गते मजदुर प्रतिनिधिहरूसँगको वार्तामा उद्योग वाणिज्य तथा आपूर्तिमन्त्री हृदयेश त्रिपाठीले चालू पुँजीको गर्जो टार्न ११ करोड ऋण उपलब्ध गराउने सहमति जनाएका थिए, तर असोज ६ गतेमात्रै पैसा आयो, त्यो पनि ३ करोडमात्र ।

त्यही ३ करोड र उत्पादन बिक्रीबाट उठेको पैसाले अहिलेसम्म कच्चा जुट किन्ने, बिग्रिएका पार्टपुर्जा मर्मत गर्नेदेखि लिएर कर्मचारी, मजदुरलाई तलब खुवाउनेसम्मका सबै खर्च धानिएको छ । गोल्छा समूहको अरिहन्त मल्टिफाइवर्सले ५ वर्षका लागि ठेक्कामा मिल चलाउने सम्झौता गर्दा बैंकमा धरौटी राखेको २ करोड पनि निकालेर मजदुर र कर्मचारीलाई तलब खुवाइसकिएको छ ।

'अब चाहिँ थप पैसा आएन भने मिल चलाउन सकिँदैन', विराटनगर जुट मिलका महाप्रबन्धक राजकुमार गौतम भन्छन् । गौतमका अनुसार थप आठ करोड ऋणका लागि सरकारलाई ताकेता गरिँदै आएको छ । खासगरी अर्थ मन्त्रालयका अधिकारीहरूको 'गलत बुझाइ'का कारण एकैचोटि ११ करोड ऋण निकासा हुन नसकेको गौतम बताउँछन् । 'उनीहरू जति लगानी गरे पनि जुट मिल चल्न सक्दैन भन्ने सोच्दा रहेछन्', गौतम भन्छन्, 'हामी त्यो सोचाइ गलत हो भन्ने विश्वास दिलाउन खोज्दै छौं ।'

सरकारले ऋण दिएको ३ करोड सकिएकै बेला भारतले थापेको अत्तोले पनि विराटनगर जुट मिललाई थप संकटमा पुऱ्याएको छ । भारतले विराटनगर जुट मिलद्वारा उत्पादित हरेक बोराको चारै कुनामा अनिवार्य रुपले 'मेड इन नेपाल' लेख्नुपर्ने सर्त तेर्स्याएको छ । तर, यसरी 'मेड इन नेपाल' लेखिएको बोरा भारत निर्यात भए पनि बजारमा बिक्दैन । किनभने व्यापारीहरू केही नलेखिएको सादा बोरामात्रै किन्छन् । उनीहरू सादा बोरामा आ–आफ्ना उद्योग, कारखानाको नाम लेख्न चाहन्छन् ।

लागत कम पर्ने भएकाले नेपाली जुटका बोरा अहिले भारतको भन्दा सस्तो छ । यसैले भारतीय व्यापारीहरू नेपाली बोरा नै किन्न खोज्छन् । यसको सोझो असर भारतीय जुट उद्योगमा परेको छ । यही कारणले भारतले नेपाली बोराको चारै कुनामा 'मेड इन नेपाल' लेख्नुपर्ने सर्त तेर्स्याएको महाप्रबन्धक गौतम बताउँछन् । 'हाम्रो उत्पादन भारतीय बजारमा नबिकून् भन्ने चाहनाले यस्तो अत्तो थापिएको हो', गौतम भन्छन् ।

एकातिर सरकारले दिन्छु भनेको ऋण दिन आनकानी गर्नु र अर्कोतिर भारतले थापेको अत्तोको कारण सारा उत्पादन गोदाममै थन्किनुले जुटमिलका कर्मचारी, मजदुर र तिनमा आश्रित हजारौंको चिन्ता बढेको छ । यही बेला मिल व्यवस्थापनले गोल्छा समूहसँग करिब ५ करोड क्षतिपूर्ति माग गर्दै अदालतमा मुद्दा हाल्ने तयारी सुरु गरेको छ । अरिहन्त मल्टिफाइवर्सले सम्झौताविपरीत मिल बन्द गरी क्षति पुऱ्याएको भन्दै गोल्छाविरुद्ध मुद्दा हाल्न लागिएको हो ।

'हामीले गोल्छालाई सद्दे मिल दिएका थियौं, उसले चल्न नसक्ने मिल फिर्ता दियो', जुट मिलका वरिष्ठ सहायक एवम् राई भन्छिन्, 'यसैले हामीले कानुनी उपचार खोजेका हौं ।'

मुलुककै जेठो जुट उद्योगको आर्थिक अवस्था कतिसम्म रुग्ण छ भने उमेर हदका कारण अवकाश दिइएका ४४ जना मजदुरलाई तिनले उपदानस्वरुप पाउनुपर्ने पैसा पनि दिन सकिएको छैन । उपदानस्वरुप दिनुपर्ने पैसा नभएकैले उमेर हद पूरा गरिसकेका केही मजदुरलाई अवकाश दिइएको छैन । अवकाश पाउने कर्मचारी, मजदुरका ठाउँमा नयाँ नियुक्ति गर्न सकिएको छैन ।

यस्तो अवस्थामा सरकारले थप आठ करोड ऋण दिए पनि मिल दिगो तरिकाले चल्न सक्ला त ? यसमा भने महाप्रबन्धक गौतमदेखि लिएर तल्लो तहमा काम गर्ने मजदुरसमेत एकमत छन् । उनीहरू चालू पुँजी, कुशल व्यवस्थापन र सरकारले दरिलो साथ हुने हो भने विराटनगर जुट मिलले आफ्नो इतिहास जोगाउने र नाफा कमाउनेमा पनि दृढ छन् ।

■ **ओमआस्था राई/विराटनगर** (तस्विर पनि)


# मकालु यातायातको बस सेवा

**कलङ्कीबाट छुट्ने : मुख्य कार्यालय, फोन नं. ४२७७५५२, ४२८१९७२, ४२८७३०६**

**काठमाडौंबाट जाने**

| | | | |
|---|---|---|---|
| काकडभिट्टा | बिहान ५.०० बजे | पोखरा | बिहान ७.३० बजे |
| भद्रपुर | बिहान ५.१० बजे | वीरगञ्ज रात्रि | बेलुकी ८.१५ बजे |
| मधुमल्ला | बिहान ५.२० बजे | कलैया | बिहान १०.१५ बजे |
| धरान | बिहान ६.०५ बजे | भरतपुर | बिहान ११.४५ र दिउँसो १२.१५ बजे |
| विराटनगर | बिहान ५.४५ बजे र ६ ४५ बजे | शिवनगर | दिउँसो १२.३० बजे |
| राजविराज | बिहान ६.०० बजे | टाँडी पर्सा | दिउँसो १.०० बजे |
| सिरहा/माडर | बिहान ६.१५ बजे | टाँडी–खोलेसिमल | दिउँसो १.४५ बजे |
| मलङ्गवा | बिहान ६.३५ बजे | पर्सा–कपिया | दिउँसो २.२० बजे |
| जनकपुर | बिहान ७.२० बजे | पर्साढाप–मेघौली | दिउँसो ४.४५ बजे |
| गौर | बिहान ६.५५ बजे | गीतानगर–जगतपुर | दिउँसो ४.१५ बजे |
| वीरगञ्ज | बिहान ७.०५, १०.१५ र ११.०० बजे | वरथवा | बिहान ७.४० बजे |

**काठमाडौंमा टिकट पाइने स्थानहरू**

| कलङ्की | सुन्धारा | गौशाला | लगनखेल |
|---|---|---|---|
| २७३९१२/२८१७०४ | २५३१४२ | ४९३५५७/४९७१३७ | ५५२१६६६ |

**काठमाडौंतर्फ आउने**

| | | | |
|---|---|---|---|
| काकडभिट्टाबाट | बिहान ५.०० बजे | वीरगञ्जबाट | बेलुका ८.३० बजे |
| भद्रपुरबाट | बिहान ४.५० बजे | कलैयाबाट | बिहान ८.०० बजे |
| मधुमल्लाबाट | बिहान ४.५० बजे | भरतपुरबाट | बिहान ५.३० बजे |
| धरानबाट | बिहान ४.२० बजे | पर्साबाट | बिहान ५.४५ बजे |
| इटहरीबाट | बिहान ५.००, ५.२०, ६.३० र ७.०० बजे | खोलेसिमलबाट | बिहान १०.३० बजे |
| विराटनगरबाट | बिहान ४.३० बजे | पर्सा–कपियाबाट | बिहान ६.३० बजे |
| राजविराजबाट | बिहान ५.३० बजे | मेघौलीबाट | बिहान ८.४५ बजे |
| सिरहा/माडरबाट | बिहान ५.१५ बजे | जगतपुरबाट | बिहान ८.१५ बजे |
| लहानबाट | बिहान ६.१५, ७.००, ७.१५ र ९.०० बजे | वीरगन्ज रात्रि | बिहान ६.४५ बजे |
| मलङ्गवाबाट | बिहान ५.१५ बजे | नारायणगढबाट | बिहान ६.१५, ६.४५, ७.००, ७.४०, ८.००, ८.१५, ८.४५ र दिउँसो ३.०० बजे |
| जनकपुरबाट | बिहान ८.१५ बजे | पार्वतीपुरबाट | दिउँसो १२.०० बजे |
| गौरबाट | बिहान ५.३० बजे | | |
| वीरगञ्जबाट | बिहान ९.००, ११.०० र ११.३० बजे | | |

अन्य स्थानहरू : काँकडभिट्टा र भद्रपुरमा मेची संघको काउन्टर, धरानमा बसपार्क (०२५)२०३७२, विराटनगरबाट बसपार्क नजिकै (०२१) ३०७२७, इटहरीमा पश्चिमचोक, राजविराजमा (०३१) २००९, लाहानमा (०३३) ६०३६६, सिराहामा (०३३) २०२३३, सिराहा/माडरमा (०३३) २०१३१, जनकपुरमा भानुचोक र रामानन्द चोक, मलङ्गवामा (०४६) २००४२, वीरगन्जमा (०५१) २१५२६, हेटौंडामा भानुचोकमा (०५७) २०५३५, नारायणगढमा पुल्चोक बसपार्क (०५६) २४२०८ ।

*यात्रुहरूको सुविधाका लागि गौशाला र सुन्धाराबाट निःशुल्क मिनिबस सेवा उपलब्ध गराइएको छ ।*

# रासन ठेक्कामा सेनाको अनियमितता



चारआलीस्थित सेनाको २१ नम्बर बाहिनी

**सेनाको झापामा** रहेको २१ नम्बर बाहिनीले यस वर्षको लागि आह्वान गरेको रासन ठेक्कामा अनियमितता भएको रहस्य खुलेको छ ।

समाचार स्रोतका अनुसार चारआलीस्थित नेपाली सेनाको २१ नम्बर बाहिनीले यस वर्षको रासन ठेक्काका लागि दर्ता भएका कम मूल्यका टेन्डरहरू फिर्ता लिन अनुचित दबाब दिई बढी मूल्यको टेन्डर केन्द्रबाट स्वीकृत गराएको छ ।

सेनाले असोज १२ गते सार्वजनिक सूचना प्रकाशित गरी चारआलीका १ हजार ५२ जना सैनिकका लागि दैनिक जनही ५५ रुपैयाँको दरले रासन ठेक्काको टेन्डर आह्वान गरेको थियो । न्यूनतम रकमभन्दा कम दरमा परेका ठेकेदारहरूलाई टेन्डर फिर्ता गर्न लगाएर सेनाले अधिकतम दरमा परेको टेन्डर केन्द्रबाट स्वीकृत गराएको बुझिएको छ ।

टेन्डर आह्वानबमोजिम सत्रवटा रीतबमोजिमका टेन्डर दर्ता भएकोमा सेनाले दबाब दिई चौधवटा टेन्डर फिर्ता लिन लगाएको टेन्डर फिर्ता लिएका ठेकेदारहरूले बताएका छन् ।

उनीहरूले सत्रजना ठेकेदारले टेन्डर दर्ता गराएको बताए पनि ठेकका पाएका ठेकेदार प्रदीप मित्तलले ११ वटामात्र टेन्डर परेको र आठवटा फिर्ता भएको जनाए ।

सेनाले बिर्तामोडका सुरेन्द्र मित्तल, प्रदीप मित्तल र सुरेश अग्रवालको दैनिक न्यूनतम रकमभन्दा धेरै रुपैयाँको टेन्डर बाहिनीस्तरबाट स्वीकृत गरी अनुमोदनका निम्ति सैनिक मुख्यालयमा पठाएको छ । गत वर्ष ४१ रुपैयाँमा ठेक्का लिएका धरानका मनिराम साहले यस वर्ष दैनिक जनही ४५ रुपैयाँको टेन्डर दर्ता गराएका थिए ।

तर टेन्डर पाएका ठेकेदार प्रदीप मित्तलले भने आफ्नो ६० रुपैयाँको टेन्डर स्वीकृत भएको बताए । सेनासँग मिलेमतो नभई रीतपूर्वक आफूले टेन्डर पाएको उनले दाबी गरे ।

त्यसैगरी बिर्तामोडका राम बाराकोटीले ५६ रुपैयाँ र दमककी तारा ढकालले ५८ रुपैयाँको टेन्डर दर्ता गराएका थिए । सेनाले टेन्डर खोल्ने दिन कात्तिक २६ गते सबै टेन्डरदातालाई ब्यारेकभित्र बोलाएर तीनजना बाहेक अन्य ठेकेदारलाई टेन्डर फिर्ता लिन अनुचित दबाब दिएको थियो ।

ठेदारहरूले टेन्डर फिर्ता नलिएपछि सेनाले उनीहरूको कागजपत्र आफैंसँग राखी फिर्ता भएको कागजी प्रपञ्च मिलाएको थियो । टेन्डर खोल्न रोहवरमा बसेका प्रशासन, कोलेनिका, क्वारेन्टाइन कार्यालयका प्रतिनिधि सेनाको धाकधम्कीपूर्ण क्रियाकलापका अघि चुपचाप बसेका थिए ।

'बन्दुकका अगाडि हाम्रो जोड चलेन', जबरजस्ती टेन्डर फिर्ता गराइएका एकजना ठेकेदारले भने, 'उनीहरूले जसलाई जतिमा ठेक्का दिन मन लागेको थियो, कानुनी रुपले कागज मिलाएर त्यसै गरे ।'

सरकारी रीतबमोजिम टेन्डर प्रक्रिया सदर हुन न्यूनतम तीनजनाको टेन्डर दाखिला भएको हुनुपर्छ भने तोकिएको न्यूनतम रकमभन्दा १० प्रतिशत बढीको टेन्डर परेमा बाहिनीपतिले स्वीकृतिका लागि केन्द्रमा सिफारिस गर्नुपर्दछ ।

रासन ठेक्काका लागि टेन्डर दर्ता गराएकी दमककी तारा ढकालले टेन्डरमा अनियमितता भएको बताउँदै यसबारे सम्बन्धित निकायको केन्द्रसमक्ष पुऱ्याइसकेको दाबी गरिन् ।

यता सेनाबाट टेन्डर पाएका ठेकेदारले टेन्डर फिर्ता लिने प्रत्येक ठेकेदारलाई जनही ४० हजारका दरले पिसी वितरण गर्ने आश्वासन दिएका छन् । तैपनि सो रकम आफूहरूले नलिएको ती ठेकेदारहरूले बताएका छन् ।

यस विषयमा बुझ्दा २१ नम्बर बाहिनीका प्रमुख सेनानी उमेश भट्टराईले आफूले कसैलाई धम्की नदिएको बताउँदै रासन ठेक्कासम्बन्धी सबै काम नियमानुसार भएको दाबी गरे । सेना लोकतान्त्रिक तवरले चल्ने उल्लेख गर्दै उनले सरकारलाई घाटा पार्ने काम सेनाबाट नभएको जिकिर गरे ।

■ **नारायण खड्का/झापा** (तस्विर पनि)





आफ्ना प्रियजन बेपत्ता भएको पीडाले यो परिवारलाई सताएको छ

# मेहलमुडीमा लुकेको पीडा

**शान्ति स्थापनाको** लागि द्वन्द्वरत पक्षहरूको प्रयासले अहिलेको सर्वसाधारणलाई हर्षित बनाइरहेको भए पनि कालिकोटको मेहलमुडी-७ का ६६ वर्षीय नन्द सार्कीको अनुहार भने उज्यालो हुन सकिरहेको छैन । द्वन्द्वको चपेटाका परी पाँच वर्षअघि हराएका उनका दुई छोराहरूबारे अहिलेसम्म कुनै जानकारी पाउन नसकेका सार्की स्थानीयस्तरमा आफ्नो पीरमर्का कसैले सुन्ने प्रयास नगरेको बताउँछन् ।

माओवादी नियन्त्रणको लागि गाउँ पुगेका सुरक्षाकर्मीले २०५८ साल फागुन १७ गते समातेका १८ र १४ वर्षीय छोराहरू पञ्च सार्की र दल सार्की मरे-बाँचेको खबर समेत छैन । केही समयअघि सुरक्षाकर्मीले पक्राउ गरी नियन्त्रणमा राखेका व्यक्तिहरूका बारेमा सरकारले नामावली सार्वजनिक गरे पनि उनका छोराहरूको नाम उक्त नामावलीमा छैन ।

उनी भन्छन्, 'निर्दोष दुई छोरालाई पक्राउ गरेर लगेपछि अहिलेसम्म केही खबर गरेका छैनन् ।' घरमा काम गरिरहेका बेला पक्राउ गरिएका छोराहरूको रिहाइका लागि यी वृद्धले एक्लै गर्दै आइरहेको सम्पूर्ण प्रयास निरर्थक भएको छ । मानवअधिकारवादीहरूको आँखाबाट पनि टाढा परेको विकट बस्ती मेहलमुडीका यी वृद्ध आफ्ना छोराहरूको खोजीको लागि जतिपटक सैनिक ब्यारेक र प्रहरी चौकीमा पुगे त्यति नै पटक दुर्व्यवहारको सिकार भएर फर्कन पऱ्यो ।

'तीनपटक छोराहरूको खोजीको लागि सदरमुकामस्थित मान्मा खाँडाचक्रमा रहेका सेना र प्रहरी ब्यारेकमा पुगेँ, उनीहरूले गेटभित्रै पस्न दिएनन्', सार्की भन्छन्, 'चिनजान हुनेहरूले दोषीहरूलाई समेत छुटाए, तर मैले निर्दोष छोराहरूलाई भेट्न पाइनँ र उनीहरूको खबर पनि थाहा पाउन सकिनँ ।' घरमै काम गरिरहेका बेला छोराहरू पक्राउ गरिएपछि उनीहरू माओवादी नभएको भन्दै सुरक्षाकर्मीलाई आग्रह गर्दै सार्की दुई घन्टा टाढासम्म पछि लागेका पनि थिए । सुरक्षाकर्मीहरूले उनको कुरा सुन्दै नसुनी मुम्रा पुगेपछि हेलिकोप्टर बोलाएर छोराहरूलाई लगे र उनी निरास भएर घर फर्किए ।

निर्दोष दुई छोराहरू माओवादीको आरोपमा सुरक्षाकर्मीले बेपत्ता बनाएपछि बदलास्वरुप घरमा रहेको जेठो छोरा पछि माओवादी कार्यकर्ता बनेको उनी बताउँछन् । कक्षा सातमा अध्ययनरत छोरा दल सार्की माओवादी होइन भन्ने सूचना उनलाई पढाउने शिक्षकले सुरक्षाकर्मीलाई दिन खोज्दा ती शिक्षक पनि पिटिएका थिए ।

विकास निर्माण र अन्य अवसरवाट पछि पर्दै आएको यो बस्तीमा यी सार्की दाजुभाइ मात्र होइनन्, थुप्रै व्यक्तिहरू बेपत्ता पारिएका छन्, कयौंको हत्या भएको छ र अनेकौंले यातना भोगेका छन्, तर राज्य बेखबर छ । करिब ५ सय जनसंख्या रहेको मेहलमुडी-७ मा मात्र २०५८ साल फागुन १७ गते सुरक्षाकर्मीहरूले चारजना युवकलाई बेपत्ता बनाएको खबर अहिलेसम्म गाउँभन्दा बाहिर पुग्न सकेको छैन । अधिकांश दलितको बसोवास रहेको यो गाउँमा गस्तीमा आएका सुरक्षाकर्मीहरूबाट नपिटिएका मान्छे पाउन गाह्रो छ ।

विडम्बना के छ भने जतिले सुरक्षाकर्मीहरूबाट यातना पाएनन् ती सबै माओवादीको तारो बनेका छन् । 'सात महिनाअघिसम्म हामी बसेको गाउँभन्दा टाढा जान सकेनौं', स्थानीय वीरे धामी भन्छन्, 'सुरक्षाकर्मीहरू र माओवादीले गरेका अत्याचारका कुरा बाहिर गएर भन्ने वातावरण थिएन र बाहिरबाट हाम्रा पीडा सुन्न कोही आएनन् ।' यो गाउँका पञ्च सार्की, दल सार्कीका साथै ३० वर्षीय धनसूर्य दर्जी र ३० वर्षकै रामे लोहार पनि सुरक्षाकर्मीबाट बेपत्ता पारिएका छन् ।

अर्काको काम गरेर श्रीमती र स-साना बालबालिका पालनपोषण गर्दै आइरहेका बेला सुरक्षाकर्मीले उनीहरूलाई बेपत्ता बनाएपछि परिवारको अवस्था दयनीय भएको छ । फलामको काम गरेर परिवार पाल्दै आएका रामेलाई बेपत्ता पारिएपछि आर्थिक समस्या पिरोलेको उनकी श्रीमती सुपारी लोहार बताउँछिन् ।

गस्तीमा आएका सेनाले रामेलाई दाउरा र भात पकाउने ताउली बोकाएर लगेपछि फिर्ता नभएको सुपारीले जानकारी दिइन् । रामे लोहार, पञ्च सार्की र दल सार्कीसँगै बेपत्ता पारिएका धनसूर्य दर्जीको परिवारको अवस्था पनि बेहाल छ । अरूको कपडा सिलाएर गुजारा गर्दै आएका दर्जीलाई बेपत्ता पारिएपछि छोराछोरीहरू र आफूले कयौं दिन आर्थिक समस्याका कारण पर्याप्त खाना नपाएको गुनासो श्रीमती निमसरा गर्छिन् । द्वन्द्वको मारले यो दर्जी परिवार पनि निकै सताइएको छ । बाबु नर दर्जीका अनुसार निर्दोष छोरालाई सुरक्षाकर्मीले पक्राउ गरेपछि अर्को छोरा माओवादीमा सामेल भयो र पछि बाजुरामा मारियो । छोराहरूको सम्झनाले बाबु सधैं छटपटिने गरे पनि उनलाई सान्त्वना दिने कोही छैन ।

कालिकोटका विकट बस्तीहरूमा सर्वसाधारणलाई बेपत्ता बनाएको घटनाबारे राष्ट्रियस्तरमा चर्चा हुनु त के सामान्य सूचना समेत सार्वजनिक भएका छैनन् । मुम्राको क्युरी गाउँका तीन युवालाई गोठाला गएको अवस्थामा सेनाले पक्राउ गरी सैनिक पोसाक लगाएर फोटो खिचाई हत्या गरेको घटनाको सूचना पनि सरोकारवाला निकायहरूसँग छैन ।

स्थानीय बिर्ख धामीका अनुसार विस २०५८ सालमा माओवादीले अछामको मंगलसेन आक्रमण गरेपछि माओवादी खोज्दै हिँडेको सेनाले क्युरी गाउँका तीन युवाहरू पुष्पराज सिम्खडा, उमेश सिम्खडा र अनन्त बराललाई माओवादीको आरोपमा गोठाला गएका बेला हत्या गरेको थियो । त्यो बेला सेनाले बाटामा हिँड्ने बटुवादेखि लिएर नदीमा माछा मार्ने व्यक्तिको समेत हत्या गरे पनि ती घटना पनि सार्वजनिक नभएको गाउँलेहरू बताउँछन् ।

स्थानीय कृपाराम सन्ज्यालका अनुसार अशिक्षित गाउँमा भएका एक-दुई गाविस अध्यक्ष वा अलि जान्ने-बुझ्ने व्यक्तिहरूलाई सुरुमा माओवादीले लखेटेपछि सोझा गाउँलेहरूलाई जति दमन गरिए पनि सुरक्षाकर्मीको विरोध गर्ने मान्छे कोही हुन नसकेको हो ।

स्थानीय बासिन्दाहरूका अनुसार द्वन्द्वका बेला बेपत्ता पारिएका वा मारिए व्यक्तिहरूको संख्या कालिकोटमा ठूलो छ । वास्तविक पीडितहरूको संख्या पत्ता लगाई क्षतिपूर्तिको व्यवस्था गर्न र दोषीलाई कारबाही गर्नुपर्ने स्थानीय बासिन्दाहरूले माग गरेका छन् । जिल्लास्थित सरकारी निकायसँग ११ वर्ष लामो द्वन्द्वका बेला दुवै पक्षबाट भएको धनजनको विस्तृत विवरण छैन । इन्सेकले ११ वर्षे द्वन्द्वको क्रममा कालिकोटमा दुवै पक्षबाट ३ सय ३० जनाले ज्यान गुमाएको रेकर्ड राखे पनि स्थानीय गाउँलेहरू यो संख्या अपूरो रहेको बताउँछन् ।

■ **रुद्र खड्का/(मेहलमुडी) कालिकोट**

# तुहिने क्रममा

■ ज्योति देवकोटा/काठमाडौं

तस्विरहरूः राजेश घिमिरे

**गृहकार्यविना सस्तो प्रचारका लागि लोकतान्त्रिक सरकारले कर्णालीलाई बेरोजगारमुक्त गर्न घोषणा गरेको कार्यक्रम 'एक घर एक रोजगार' सरकारीतन्त्रहरूबीचको अन्योलका कारण तुहिने सम्भावना बढेको छ ।**



जुम्ला लाम्राका एक बेरोजगार

**सपना त ठूलै थियो,** कर्णालीलाई बेरोजगार मुक्त गर्ने, तर न त त्यसका लागि पर्याप्त गृहकार्य गरियो न कुनै तयारी । लोकतान्त्रिक सरकारले हतारमा सस्तो लोकप्रियताका लागि बजेट भाषणमार्फत घोषणा गर्‍यो- कर्णालीमा एक घर एक रोजगार । अहिले त्यो कार्यक्रम लागू गर्न कुनै मन्त्रालय तयार छैन ।

'एक घर एक रोजगार' कार्यक्रमअन्तर्गत प्रत्येक घरमा एकजनाका लागि रोजगारी दिने र त्यस्तो रोजगारी पाउने व्यक्तिले १वार्षिक सय दिनको प्रतिदिन ५० रुपैयाँको दरले ५ हजार रुपैयाँ पाउने घोषणा गरियो । सरकारले यस्तो कार्यक्रम आर्थिक वर्ष २०६३/६४ देखि लागू हुने कर्णालीका पाँचवटा जिल्लामा 'एक घर एक रोजगार'का नामबाट लागू हुने बताएको थियो । जसअन्तर्गत 'निजीस्तरमा पहुँच नभएका, सरकारी जागिर नभएका, द्वन्द्वबाट पीडित, दलित तथा महिलाहरूलाई लक्षित गरेर एक घर एक रोजगारका नामबाट कात्तिक मसान्तभित्रै विशेष कार्यक्रम सञ्चालन गर्ने' भनिएको थियो ।

जनआन्दोलनपछि राजाको शासन ढलेर बनेको लोकतान्त्रिक सरकारले कर्णालीका पाँच जिल्लालाई विशेष महत्त्व दिएर यो कार्यक्रमहरूको घोषणा गरिएको थियो । जसभित्र 'कर्णालीमा उज्यालो' र 'एक घर एक रोजगार' कार्यक्रमलाई प्राथमिकतामा राखिएको थियो । तर, यी कार्यक्रमलाई कसरी कार्यान्वयन गर्ने भन्ने कुरामा सरकारी संयन्त्रभित्र देखिएको अन्योलका कारण सरकार स्वयंले घोषणा गरेका कार्यक्रमहरू केवल कर्णालीका जनतालाई देखाउने सपना मात्र भएको आरोप लगाउँछन्, कर्णालीका अग्रणी नेताहरू ।

केन्द्रले सधैं सपना मात्र बाँड्ने नीतिबाट निरास भएका कर्णालीवासी सरकारको यो घोषणाबाट दंग परेका थिए, तर अहिले फेरि सरकारी पक्षबाटै एक घर एक रोजगार कार्यक्रममा देखाएको उदासीनताले कर्णालीवासीले आफूमाथि घात भएको बताउन थालेका छन् ।

समय गुज्रिसक्दा पनि कहींकतैबाट यो कार्यक्रम अगाडि बढाउने कुनै नीति नबनेपछि एक घर एक रोजगार कार्यक्रमले मूर्त रुप नपाउने सम्भावना बढेर गएको छ ।

'आफ्नो कार्यक्रमसहितको नमुना ल्याएर अर्थ मन्त्रालयमा बजेटको माग गर्न कुनै पनि मन्त्रालय आयो भने हामीले जतिखेर पनि बजेट दिन सक्ने अवस्था छ ।' आफ्नो नाम उल्लेख नगर्ने सर्तमा अर्थ मन्त्रालय एक अधिकारीले *समय*लाई बताए । उनका अनुसार समय अभाव र कार्यान्वयनमा देखिने कठिनताले अर्थ मन्त्रालयका उच्च पदस्थहरू भने 'यसलाई अब अगाडि नबढाउने' मनस्थितिमा पुगेका छन् । स्थानीय विकास मन्त्रालयमार्फत यो कार्यक्रम अगाडि बढाउने भन्ने उद्देश्यले घोषणा गरिएको भए पनि उचित गृहकार्यविना 'एक घर एक रोजगार'को घोषणा गरिएकाले यो सफल

‘पैसा दिने हो भने पनि त्यहाँको दरअनुसार दिनुपर्छ, होइन भने सय दिनको प्रतिदिन पचासका दरले दिनुको कुनै अर्थ हुँदैन भन्ने हाम्रो मान्यता हो’, हुम्लाका पूर्व सभापति तथा नेपाली कांग्रेसका केन्द्रीय प्रतिनिधि जीवन शाही भन्छन् ।



जुम्ला लाम्राको चौतारीमा कामको प्रतिक्षामा रहेका बेरोजगारहरू

नहुने भन्दै यसलाई फिर्ता लगेर अन्य प्रभावकारी कार्यक्रम ल्याउन सरकारलाई स्थानीयस्तरबाटै बारम्बार दबाब आएको थियो । अहिले स्थानीय विकास मन्त्रालयले ‘आफूले मात्र यो काम गर्न नसक्ने’ जनाएपछि यो विशेष कार्यक्रम लागू नहुने संकेत देखिएको हो ।

‘स्थानीय विकास मन्त्रालयमार्फत मात्र यो कार्यक्रम लागू गराउन सम्भव छैन, पाँचवटा जिल्लामा रहेका बेरोजगारहरूको पहिचान गर्न नै ६ महिना लाग्ने अवस्था छ । गृहकार्यविना हचुवाको भरमा गरिएका यस्ता कार्यक्रमलाई स्थानीय विकास मन्त्रालयले मात्र लागू गराउन सक्दैन’, स्थानीय विकास मन्त्रालयका सचिव भगवतीकुमार काफ्ले बताउँछन् ।

गाउँस्तरसम्म स्थानीय विकास मन्त्रालयको पहुँच भएका कारण यो कार्यक्रमलाई लागू गराउने जिम्मेवारी स्थानीय विकास मन्त्रालयमार्फत गर्दा सजिलो हुने योजना आयोगको जिकिर छ । तर, अहिलेसम्म पनि गाउँमा सचिवहरू गएर काम गरिरहेको अवस्था छैन । यस्ता बेला त्यहाँ रहेका बेरोजगारहरूको लागत पत्ता लगाउन मुस्किल पर्ने हुँदा यो काम आफूले मात्र गर्न नसक्ने भन्दै स्थानीय विकास मन्त्रालय पन्छिँदै आएको छ ।

वजेट भाषण सकिएको ५ महिनापछि कर्णालीमा कस्तो विकास दिन जरुरी छ भन्ने अनुसन्धान गर्न कर्णालीमा पुगेको राष्ट्रिय योजना आयोगको टोलीले समेत आफ्नो अध्ययन प्रतिवेदनमा ‘सित्तैमा पैसा बाँड्नु हुँदैन, ज्यालाको रुपमा यसलाई परिमार्जित गरिनु पर्छ’ भन्ने निचोड निकालेको छ । योजना आयोगका प्रवक्ता श्यामसुन्दर शर्मा भन्छन्, ‘कर्णालीका जनतालाई काम नै गराएर भत्ता दिने हो भने पनि दैनिक ५० रुपैयाँ कम हो । सरकारले यो कार्यक्रम लागू गराउने नै हो भने पनि भत्ताको रुपमा तोकिएको पैसा बढाउन जरुरी छ ।’

सरकारले कर्णालीका बेरोजगार परिवारहरूको लागत पत्ता लगाई दैनिक ५० रुपैयाँका दरले वार्षिक ५ हजार भत्ता दिने घोषणा गरेको थियो, तर कसरी दिने भन्ने तोकिएको थिएन । ‘कामकै रुपमा यसलाई परिमार्जित गराउने हो भने पनि कर्णालीमा प्रतिदिन काम गरेबापत ३ सयदेखि पाँच सयसम्म लग्ने गरिन्छ । यस्तो अवस्थामा दैनिक पचास रुपैयाँमा कसैले काम गर्ने अवस्था छैन’, अर्थ मन्त्रालयका एक सहसचिव बताउँछन् ।

पैसा दिन गाह्रो नभए पनि प्रशस्त गृहकार्यको अभावले यसको कार्यान्वयनमा देखिने समस्याले अर्थ मन्त्रालय स्वयं हच्किएको छ । मन्त्रालयका एक सहसचिव बताउँछन्, ‘सस्तो प्रचारका लागि क्रान्तिकारी कार्यक्रमको घोषणा गरिए पनि अहिलेसम्म यसलाई कार्यान्वयन गर्ने रुपरेखा कुनै मन्त्रालयले नदिएपछि यो कार्यक्रमको अन्योल झन् बढेको छ ।’

सरकारले कार्यक्रमको घोषणा गरेको ६ महिना बितिसक्दा पनि एक घर एक रोजागार कार्यक्रमको रुपरेखा कसैले पनि कोरेको छैन । यसको पुष्टि गर्दै राष्ट्रिय योजना आयोगका प्रवक्ता तथा सहसचिव श्यामसुन्दर शर्मा भन्छन्, ‘अहिलेसम्म कुनै पनि मन्त्रालयले यो कार्यक्रमलाई कसरी लागू गर्ने भन्ने स्वरुप तयार पारेको छैन ।’

शर्मा भन्छन्, ‘सरकारले रोजगारी भत्ताको व्यवस्था गर्ने बताएको छ, तर दिनको ५० रुपैयाँमा कर्णालीमा कोही काम गर्न सक्ने अवस्था छैन । सामान्य ज्यालादारीले पनि प्रतिदिन २ सय ५० का दरले काम गर्ने गरेका छन् । यसले गर्दा पनि कसरी यो कार्यक्रमलाई अगाडि बढाउने भन्ने अन्योल बढेको छ ।’

तत्कालीन अवस्थामा अर्थ मन्त्रालयले स्थानीय विकास मन्त्रालयअन्तर्गत यसलाई अगाडि बढाउने सोच बनाएको थियो । तर, स्थानीय विकास मन्त्रालयसित कर्णालीमा कति बेरोजगार छन् भन्ने लगत नभएको र सरकारले कसलाई बेरोजगार मान्ने भन्ने स्पष्ट नगरेका कारण यो काम सजिलो नभएको भन्दै स्थानीय विकास मन्त्रालय पनि पन्छिन खोजेको हो ।

स्थानीय आवश्यकतालाई बेवास्ता गरी प्रचारमुखी योजनाको रेखा कोरेको यो कार्यक्रमले कर्णालीमा सफलता नपाउने, बरु यसले झन् किचलो पैदा गर्ने भएका कारण दिगो विकासका कार्यक्रमहरू कर्णालीमा लैजान स्थानीय नेतृत्वबाट पनि सरकारलाई दबाब परेको थियो ।

प्रतिनिधिसभाका सदस्य चन्द्रबहादुर शाही भन्छन्, ‘हामीले बारम्बार भन्ने गरेका छौं, यो कार्यक्रम कर्णालीमा सफल हुन सक्दैन । यस्ता प्रचारमुखी कार्यक्रमभन्दा दिगो विकासका कार्यक्रमहरू लैजानका लागि, तर सरकारले सुनेन । तीन लाख जनसंख्या रहेको कर्णालीमा लगभग एक लाख ८० हजार बेरोजगार हुन सक्ने अनुमान छ ।’

यसलाई कसरी र कोमार्फत लागू गराउने भन्ने कुरामा योजना आयोगले चासो नदेखाउनु, स्थानीय मन्त्रालय पन्छिन खोज्नु र अन्य मन्त्रालयले यो कार्यक्रमलाई कसरी लागू गराउने भन्नेतर्फ कुनै कदम नचाल्नाले ‘एक घर एक रोजगार’ कार्यक्रम लागू गराउनेभन्दा रोक्नेतिर नै सरकार अगाडि बढेको बताउँछन् जनप्रतिनिधिहरू । हुम्लाका गोरखबहादुर वोगटी बताउँछन्, ‘कर्णालीलाई सधैंझैं सपना बाँड्ने मात्र काम भएको छ ।’

‘पैसा दिने हो भने पनि त्यहाँको दरअनुसार दिनुपर्छ, होइन भने सय दिनको प्रतिदिन पचासका दरले दिनुको कुनै अर्थ हुँदैन भन्ने हाम्रो मान्यता हो’, हुम्लाका पूर्व सभापति तथा नेपाली कांग्रेसका केन्द्रीय प्रतिनिधि जीवन शाही भन्छन्, ‘यो भारतको केन्द्रीय सरकारले ल्याएको कार्यक्रमको नक्कल मात्र हो । यस्तो कार्यक्रम ल्याइनु थियो भने पहिले प्रशस्त गृहकार्य हुन जरुरी थियो । यसो हुन सकेन, सस्तो प्रचारका लागि ल्याइयो ।’

शाही अगाडि भन्छन्, कार्यक्रम घोषणा गरिसकेपछि र योजना आयोगले पनि प्रतिदिन पचास रुपैयाँ उपयुक्त नभएको जनाइसकेपछि सरकारले यसलाई बेवास्ता गर्नेतिर नलागेर उपयुक्त दरमा कसरी लागू गराउने भन्नेतर्फ कदम चाल्न जरुरी छ ।

योजना आयोगको कर्णाली अनुगमन टोलीले आगामी वर्षहरूमा कर्णालीमा कस्ता कार्यक्रमहरू लैजान जरुरी छ भन्ने निचोड निकालेर सरकारलाई प्रतिवेदन बुझाएको छ । ■



भास्कर श्रेष्ठ

# युवा काँधमा जिम्मेवारी

नेपालको इतिहासमा अंकित कालो दिन, २०६३ असोज ७ गते भएको हेलिकोप्टर दुर्घटनामा जैविक विविवधता संरक्षण क्षेत्रका २४ जना हस्तीहरू गुमाएको थियो । तिनमा एक थिए विश्व वन्यजन्तु कोष नेपाल प्रतिनिधि डा. चन्द्रप्रसाद गुरुङ । उनको सक्षम नेतृत्वले नेपालको प्राकृतिक संरक्षणका प्रयासहरू विश्वसामु उदाहरण बनेका छन् ।

तिनै डा. गुरुङले सम्हालेको जिम्मेवारी अहिले युवा संरक्षणकर्मीको काँधमा आएको छ । ती हुन्, अनिल मानन्धर । अनिलले हालै मात्र विश्व वन्यजन्तु कोष नेपाल राष्ट्रिय निर्देशकको पदभार ग्रहण गरेका छन् । झन्डै डेढ दशकदेखि कोषका विभिन्न कार्यक्रममा संलग्न भएका मानन्धर नयाँ जिम्मेवारी वहन गर्नुअघि कोषका संरक्षण कार्यक्रम निर्देशक थिए ।

'हामीसँग सक्षम र बलियो टोली छ, जसले विश्व वन्यजन्तु कोष नेपालको कार्यक्रमहरूलाई हाँकेर लग्नेछ', मानन्धर भन्छन्, 'यति बलियो जग हुनुमा डा. गुरुङको ठूलो योगदान छ ।'

सन् १९९१ मा तत्कालीन महेन्द्र प्रकृति संरक्षण कोषअन्तर्गतको अन्नपूर्ण संरक्षण आयोजनामा 'फरेस्ट अफिसर'को रुपमा मानन्धरले संरक्षण क्षेत्रमा प्रवेश गरेका हुन् । 'संयोग नै मान्नु पर्छ डा. गुरुङ नै त्यस आयोजनाको प्रमुख हुनुहुन्थ्यो । म उहाँसँगै पहिलोपटक घान्द्रुक पुगेको थिएँ', मानन्धर सम्झिन्छन्, 'उक्त आयोजनाको एक प्रमुख सूत्रधार रहेका डा. गुरुङले त्यसलाई सहभागीमूलक संरक्षणको नमुना बनाएर विश्वभर परिचित गराउनुभयो ।'

डा. गुरुङसँगको सहकार्यका अनेकौं संस्मरणहरू मानन्धरको दिमागमा आइरहन्छन् । 'एउटा दुर्गम गाउँबाट आएको उहाँ कहाँबाट कहाँ पुग्नुभयो', मानन्धर सम्झिन्छन्, 'डा. गुरुङ त्यो बेलाको पुस्ताको हिरो हुनुहुन्थ्यो । उहाँमा धैर्य थियो र आफ्नो आलोचना गरेको सुन्न सक्ने क्षमता पनि थियो ।'

डा. गुरुङका यी मानवीय सबल पक्षहरू अब सम्झनामा कैद भइसकेका छन् । 'जिम्मेवारी अब हामीमा हस्तान्तरण भएको छ', ४७ वर्षीय मानन्धर भन्छन्, 'गत वर्ष हामीले कोषको पाँचवर्षे रणनीति बनाइसकेका छौं । हाम्रो उद्देश्य स्पष्ट छ । नेपालको प्राकृतिक तथा वन्यजन्तु संरक्षणमा नयाँ आयाम थप्नेछौं ।'

कोषले तराईका संरक्षित क्षेत्रहरूमा बाघ संरक्षण आयोजना र चोरी सिकारी प्रतिरोध कार्यक्रमका लागि सहयोग गरेको छ । सन् १९७० मा १ सय भन्दा कम संख्यामा रहेका गैंडा संरक्षणका लागि कोष राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागले संयुक्त प्रयास गरेपछि यसको संख्या उल्लेख्य वृद्धि भएको थियो ।

तर मुलुकमा चलेको ११ वर्षे लामो द्वन्द्वको असर प्रकृति संरक्षणमा पनि परेको अनुभव मानन्धरको रहेको छ । जबसम्म वन्यजन्तुको व्यापारका लागि नेपालको प्रयोग हुन्छ तबसम्म वन्यजन्तुको चोरी सिकारी पनि रोकिँदैन भन्ने मान्यता मानन्धरको छ । 'गैंडाको चोरी सिकारी बढ्दो छ, जुन चिन्ताको विषय हो', मानन्धर भन्छन्, 'गैंडा लगायत अन्य वन्यजन्तुको चोरी सिकारी तथा यसको गैरकानुनी व्यापार तथा ओसारपसारको सञ्जाललाई तोड्ने प्रयासमा अब कोषले सहयोगी भूमिका खेल्नेछ ।'

प्रकृति संरक्षणको क्षेत्रमा सबैभन्दा लामो अनुभव रहेको विश्व वन्यजन्तु कोष निजी सहयोगद्वारा स्थापित विश्वकै सबैभन्दा ठूलो अन्तर्राष्ट्रिय संरक्षण संस्था हो । सन् १९६१ मा वैज्ञानिक, व्यवसायिक तथा राजनीतिकर्मीहरूको एक समूहले विश्वको प्राकृतिक संरक्षणमा टेवा पुऱ्याउन एक अन्तर्राष्ट्रिय कोष स्थापना गर्ने क्रममा विश्व वन्यजन्तु कोषको जन्म भएको हो ।

नेपालको जैविक विविधता संरक्षण प्रयासमा कोषको संलग्नता सन् १९६७ देखि भए पनि सन् १९९३ मे १९ मा काठमाडौंमा यसको कार्यालय स्थापना भयो । कार्यालय स्थापनापश्चात् कोष र सरकारसँग सम्झौता भएपछि साझेदारीमा संरक्षणका थुप्रै काम भएका छन् । यस अवधिमा हिमाली तथा तराई क्षेत्रमा एकीकृत संरक्षण विकासका निम्ति कोषबाट निरन्तर आर्थिक तथा प्राविधिक सहयोग पुऱ्याएको छ ।

कोषले सञ्चालन गरेका कार्यक्रममध्ये पछिल्लो तराई भू-परिधि कार्यक्रम (तराई आर्क ल्यान्डस्केप प्रोग्राम-ताल) कोषको महत्त्वाकांक्षी आयोजना मानिएको छ । पाँच वर्षअघि कार्यान्वयनमा आएको 'ताल' परियोजना ४९ हजार ५ सय वर्ग किलोमिटरमा फैलिएको छ ।

नेपालमा 'ताल'ले २३ हजार १ सय ९९ किलोमिटर ओगटेको छ । चौधवटा जिल्लामा फैलिएको यो भू-भागले तराई र चुरे पहाडको फेदीको ७५ प्रतिशत वनक्षेत्र ओगटेको छ भने यसको परिधिभित्र चारवटा निकुञ्ज पर्छन् । उता भारततर्फ सातवटा संरक्षित क्षेत्र यस भू-परिधिसँग जोडिएका छन् ।

'संरक्षणका कार्यमा लागेकाहरू कहिल्यै असफल हुँदैनन्', मानन्धर भन्छन्, 'डा. गुरुङले बारम्बार सहकर्मीबीच भन्नुहुन्थ्यो ।' उनी भन्छन्, 'उहाँ ठिक हुनुहुन्थ्यो किनकि उहाँ आफ्नो योजनामा सधैं सफल हुनु भयो ।'

**■ मनीष गौतम/काठमाडौं**






**राजधानीमा माओवादीले अड्डा जमाएको पशुपतिस्थित महास्नान घर**



तस्वीर : तेज बस्नेत

# समूहगत बसोबास

**सशस्त्र द्वन्द्वका** अवधिमा ग्रामीण क्षेत्रमा जनताका घरमा बस्दै आएको बताउने माओवादीहरू खुला राजनीतिमा आएपछि राजधानीका विभिन्न इलाकामा समूहगत रुपमा बस्न थालेका छन्। माओवादीका सैनिकहरू संयुक्त राष्ट्रसंघको सुपरिवेक्षणमा देशका विभिन्न क्षेत्रमा बस्ने भए पनि काठमाडौंमा विशेष परिस्थितिको लागि भन्दै सेनाको एउटा टुकडी भूमिगत रुपमा राखेको स्रोतले बताएको छ। माओवादीले आफ्ना नेताहरूको सुरक्षामा खटिएका सैनिकबाहेक पनि दर्जनौं सैनिकहरू राजधानीमा राखेको स्रोतले बताएको छ। राजधानीका सार्वजनिक र निजी भवनहरूमा माओवादीका पूर्णकालीन सदस्यहरू र सैनिकहरू बस्दै आएका छन्।

पशुपति क्षेत्रभित्रको 'महास्नान घर'मा पनि माओवादीहरू विनाअनुमति बसेका छन्। विश्वसम्पदा सूचीमा रहेको पशुपति क्षेत्रभित्रको महास्नान घरमा माओवादीहरूले पार्टीको झन्डा सहित एक सयभन्दा बढी कार्यकर्ता राखेका छन्। माओवादीले विशुद्ध धार्मिक क्षेत्रलाई राजनीतिक हस्तक्षेप गरेर पशुपति क्षेत्रको मौलिकतामा प्रहार गरेको त्यहाँका अग्रजहरूले बताएका छन्। उनीहरू भन्छन्, 'पशुपति क्षेत्र विकास कोषअन्तर्गतको महास्नान घरमा विनाअनुमति माओवादीहरू बसेर यसको विशेष कर्मकाण्डमा मात्र प्रयोग गरिने मौलिक मान्यतालाई समेत चुनौती दिएका छन्।' अहिले यस घरमा माओवादीले आफ्ना पूर्णकालीन कार्यकर्ता र केही जनमिलिसिया राखेको स्रोतले बताएको छ। माओवादीले 'पूर्णकालीन कार्यकर्ताहरू जनताकोमै बस्ने' भन्ने नीति लिएको भए पनि राजधानीमा त्यसको व्यवहारिक कार्यान्वयन गर्न भने सफल हुन सकेको छैन। पार्टी खुला राजनीतिमा प्रवेश गरेको अवस्थामा माओवादीको यो नीति प्रभावकारी नहुने तर्क राजनीतिक विश्लेषकहरूको छ। त्यसैले माओवादीले विभिन्न क्षेत्रमा भएका सार्वजनिक भवन तथा निजी भवनहरू प्रयोग गर्दै आएका छन्।

माओवादीले सबै जनवर्गीय संगठनका सबै केन्द्रीय सदस्यहरूलाई राजधानीमा बस्न र सम्पर्क कार्यालयहरू खोल्न निर्देशन दिएपछि उपत्यकामा माओवादीका पूर्णकालीन कार्यकर्ताहरूको संख्या बढेको छ। ठूलो संख्यामा रहेका पूर्णकालीन कार्यकर्ता राजधानीमा भएकाले उनीहरूलाई सकेसम्म समूहमा बस्न पार्टीले निर्देशन गरेको माओवादीको जातीय मोर्चाका एक केन्द्रीय नेता बताउँछन्। उनी भन्छन्, 'पार्टीको निर्देशन जनताकोमै जाने, जनताकै सेवा गर्ने र जनताकैमा बस्ने हो, तर यो नीति सहरी क्षेत्रमा बढी व्यवहारिक नदेखिएकाले घरहरू भाडामा लिएर केही कार्यकर्ता बस्दै आएका छन्।'

बालाजु औद्योगिक क्षेत्रको प्रवेशद्वारमा रहेको रोली गार्मेन्टमा माओवादी खुला राजनीतिमा आएदेखि नै जनसेनाको झ्याली कमान्ड बस्दै आएको छ। अहिले जनसेनाको झ्याली कमान्ड चितवनमा गए पनि झ्यालीको लागि भन्दै सत्तरीजनाको एउटा टुकडी भने त्यहाँ बस्दै आएको छ। माओवादी स्रोतका अनुसार विशेष परिस्थितिका लागि भन्दै राजधानीमा जनसेनाको एउटा टुकडी सतर्क अवस्थामा राखिएको हो। केही सैनिक र पूर्णकालीन कार्यकर्ताहरू चक्रपथ आसपासको क्षेत्रमा समूहमा बस्दै आएका छन्। कार्यकर्ता, जनसेना र मिलिसिया राख्न माओवादीले केही ठाउँमा निजी घरहरू भाडामा लिएको छ भने केही सार्वजनिक घरहरू प्रयोग गरेको छ। सार्वजनिक घरहरू विनाअनुमति प्रयोग गरेका कारण माओवादीले पुरानै कार्यशैली प्रदर्शन गरेको भन्दै आलोचना हुन थालेको छ।

उता माओवादीले व्यापारिक गृहहरूमा समेत आफ्ना कार्यकर्ताहरू राखेको छ। स्रोतका अनुसार व्यापारीहरूको सहमतिमा नै यस्ता स्थानमा कार्यकर्ता राखिएको माओवादीले बताए पनि विगतको माओवादीप्रति जनताको त्रासको कारण व्यापारीहरू घर प्रयोग गर्न दिन बाध्य हुने गरेको बताइएको छ। माओवादीले प्रयोग गरेका जावालाखेलको सिटिसी कार्पेट, कुम्भेश्वर युनेस्को क्लब, बालाजु औद्योगिक क्षेत्रको ब्याट्री कारखाना लगायतका क्षेत्रहरू छन्। त्यसैगरी रामकोट, सीतापाइला, कलंकी, बौद्ध, जोरपाटी, गोदावरी, लामाटार लगायतका क्षेत्रमा पनि माओवादीहरू समूहगत बसोबास गर्दै आएका छन्।

राजधानीमा पार्टी तथा जनवर्गीय संगठनले आयोजना गरेको विरोध कार्यक्रम, आमसभा लगायतका सबै कार्यक्रममा विभिन्न क्षेत्रमा समूहगत रुपमा बसेका सेना तथा मिलिसिया परिचालन हुने गरेको जानकारहरू बताउँछन्। प्रधानमन्त्री निवास बालुवाटारमा राप्रपाका नेता रवीन्द्रनाथ शर्मालाई लखेट्नदेखि पुल्चोकको नारायणी होटलमा राप्रपाले आयोजना गरेको भेलालाई बिथोल्न समेत यो समूह प्रयोग गरेको बताइएको छ।

उता माओवादीले आफ्ना पूर्णकालीन कार्यकर्तालाई व्यक्तिगत कोठा लिएर बस्ने अनुमति दिँदैन। एक माओवादीका कार्यकर्ता भन्छन्, 'पार्टीको जिल्ला समितिमा भएकाहरूले पनि निश्चित व्यक्तिले मात्र कोठा लिने अनुमति पाउँछन्। ब्युरो इन्चार्जलाई आवश्यकता हेरेर दिने-नदिने निर्णय पार्टीले गर्छ।' पार्टीको यो नीतिका कारण कार्यकर्ताहरू समूहमा बसेको दाबी ती कार्यकर्ताको छ। माओवादीले भूमिगत अवस्थाको पार्टी संरचनालाई परिवर्तन गर्ने निर्णय हालसालै सम्पन्न केन्द्रीय समितिको बैठकबाट गरेका छन्, तर अन्य राजनीतिक दल जस्तै पूर्णरुपमा खुला राजनीतिमा भने अझै आइसकेका छैनन्। अझै पनि उनीहरूका अधिकांश सांगठनिक कार्यक्रम, प्रशिक्षण लगायतका कार्यक्रमहरू भूमिगत शैलीमै हुने गरेका छन्।

■ **गोविन्द परियार/काठमाडौं**

# बढ्दै छ मृत्यु

■ नवीन अर्याल/दोहा, कतार

**अत्यधिक गर्मी, ट्राफिक नियमको अज्ञानता, स्वास्थ्यसम्बन्धी सामान्य जानकारीको अभावका कारण कतारमा काम गर्न जाने नेपालीहरू अकालैमा मर्दैछन्**



राजधानी दोहादेखि केही टाढा पर्ने औद्योगिक क्षेत्रको ३६ रोडमा अवस्थित निकै उचाइमा रहेको पाइपमाथि विना सुरक्षा हिंड्दै काम गरिरहेका नेपाली कामदारहरु। यस्तै कामको सिलसिलामा यो वर्ष २७ नेपाली कामदारको मृत्यु भएको छ।

तस्वीर : पेनेन्सुला अनलाइन

**वैदेशिक रोजगारीको** सिलसिलामा कतार आएका नेपालीहरूको मृत्युदर हरेक वर्ष बढ्दै गइरहेको छ। गत वर्षको भन्दा यस वर्ष २९ जना बढी नेपाली कामदारको मृत्यु भएको छ। सुन्दर भविष्यको योजना बुनेर कतारमा नेपाली कामदारहरू भित्रिने संख्या जुन गतिले बढ्दै गइरहेको छ, त्यही गतिमा नेपाली कामदारहरू मर्न थालेको कतारस्थित नेपाली दूतावासको तथ्यांकले प्रस्ट्याएको छ।

कतारमा हाल करिब एक लाख ७५ हजार नेपाली कामदार छन्। दोहास्थित नेपाली दूतावासले दिएको जानकारीअनुसार यो वर्ष (सन् २००६ मा) मात्र १ सय २९ नेपाली कामदारको विभिन्न कारणले मृत्यु भइसकेको छ। गत वर्ष कतारमा ज्यान गुमाउने नेपाली कामदारको संख्या १ सय थियो। कतारमा वैदेशिक रोजगारीका लागि आउने अन्य देशको तुलनामा मर्नेहरूको संख्या नेपाली कामदारहरूकै सर्वाधिक छ।

'यो चुनौतीपूर्ण तथ्यांक हो। मृत्यु हुने नेपाली कामदारको संख्या बढ्नु दुःखद कुरा हो', कतारका लागि नेपालका कार्यवाहक राजदूत राजेन्द्र पाण्डेले पन्ध्रौं एसियाडका लागि दोहा पुगेका नेपाली पत्रकारहरूलाई भने। कतारमा लामो समय राजदूतको पदभार सम्हालेका श्यामानन्द सुमनलाई सात महिनाअघि नेपाल सरकारले काठमाडौं फिर्ता बोलाएपछि राजदूतको अभावमा पाण्डेले दूतावासको सम्पूर्ण काम हेर्दै आइरहेका छन्।

कतारमा कामदारको रुपमा आएका नेपालीहरूको बढ्दो मृत्युदरमा पनि सबैभन्दा डरलाग्दो तथ्यांक हृदयघातका कारण मर्नेहरूको संख्या ७० प्रतिशतभन्दा बढीले वृद्धि हुनु हो। यो वर्ष हृदयघातकै कारण सर्वाधिक नेपाली कामदारको मृत्यु भएको छ। दुःखको कुरा त्यसमा पनि २० देखि ३० वर्ष उमेर समूहका युवा कामदारहरूको संख्या अत्यधिक छ।

'हामीले यस विषयलाई लिएर हमद मेडिकल कर्पोरेसनका चिकित्सकहरूसँग भेटेका थियौं', युवा कामदारहरूमा बढ्दो हृदयघातको समस्या घटाउने बारेमा कुरा भएको बताउँदै पाण्डेले भने। यो वर्षमात्र हृदयघातका कारण ६२ कामदारको मृत्य भएको छ। गत वर्ष हृदयघातबाट ज्यान गुमाउनेहरूको संख्या ४८ थियो।

हृदयघातपछि नेपाली कामदारहरूको मृत्युको अर्को ठूलो कारण ट्राफिक दुर्घटना बन्दै गइरहेको छ। यस वर्ष पनि ३२ कामदारको ट्राफिक दुर्घटनामा निधन



कार्यवाहक राजदूत राजेन्द्र पाण्डे

भएको छ । गत वर्ष पनि यतिकै संख्यामा कामदारको दुर्घटनामा ज्यान गएको थियो । आत्महत्याको घटनामा यस वर्ष वृद्धि भएको छ । यस वर्ष ६ कामदारले आत्महत्या गरेका छन् । गत वर्ष आत्महत्याबाट मर्नेहरूको संख्या चार थियो । कामको सिलसिलामा मर्ने नेपालीको संख्यामा पनि वृद्धि भएको छ । यस वर्ष काम गर्दा गर्दै अग्लो भवन, विद्युतीय झड्का जस्ता घटनाबाट २७ कामदारको निधन भएको छ । गत वर्ष यो संख्या १७ थियो ।

## किन मर्छन् नेपालीहरू

आर्थिक दृष्टिकोणले नेपाली कामदारका लागि कतार राम्रो देश मानिन्छ । यति हुँदा हुँदै पनि वर्षैपिच्छे बढ्न थालेको नेपाली कामदारको मृत्यले एउटा प्रश्न उठाएको छ, आखिर किन मरिरहेका छन्, नेपाली कामदारहरू कतारमा ? कार्यवाहक राजदूत पाण्डे मुख्य पाँच किसिमले नेपाली कामदारहरूको निधन हुने गरेको बताउँछन् । पहिलो मुटुको समस्या, त्यसपछि ट्राफिक दुर्घटना, नेपालजस्तो मिल्दोजुल्दो नहुने वातावरण, कामको बोझ र पारिश्रमिक समस्या ।

दूतावासको तथ्यांकलाई केलाउने हो भने औसत तीन दिनमा एक नेपालीको निधन हुने गरेको छ, कतारमा । यसैगरी मासिक एघार नेपालीले ज्यान गुमाउने गरेका छन्, जसमा प्राकृतिक मृत्युको संख्या नगण्य मात्रामा छ । यस वर्ष चार नेपाली कामदारको मात्र स्वभाविक निधन भएको छ । कतार प्रवेश गरेको महिना दिनभित्र मर्नेहरूको संख्या धेरै रहेको दूतावासले जनाएको छ । यो वर्षको अक्टुवर महिनामा मात्र सबैभन्दा बढी १७ कामदारले ज्यान गुमाएका थिए । मार्चदेखि जुलाईसम्मको गर्मी महिनामा २२ कामदार मुटु र श्वासप्रश्वाससम्बन्धी समस्याले मरेका छन् ।

कतारमा अप्राकृतिकरुपमा कामदारहरूको निधन हुनुको मुख्य कारण कामदारहरूलाई स्वास्थ्यसम्बन्धी सामान्य ज्ञान नहुनु हो । म्यानपावर कम्पनीहरूले कामदारहरूलाई कतार पठाउँदा यहाँको मौसम, रहनसहन, ट्राफिक नियम, गर्मीबाट बच्ने उपायलगायत स्वास्थ्यसम्बन्धी सामान्य कुरा पनि नसिकाई पठाउने गरेका छन्, जुन नेपालीहरूको अकाल मृत्युको सबैभन्दा ठूलो कारण बन्दै आइरहेको छ ।

गर्मीमा ५० देखि ५५ डिग्रीसम्ममा काम गर्नु पर्ने भएकाले मुटु र श्वासप्रश्वास समस्याले अत्यधिक कामदारहरूको मृत्यु हुने गरेको छ । फेरि यहाँका घर विशेष किसिमले बनाइएका हुन्छन् । कोठामा प्रायः झ्याल अथवा भेन्टिलेसन राखिएको हुँदैन । एउटै कोठामा धेरै जना बस्नु पर्ने बाध्यता र अत्यधिक गर्मीबाट आएपछि सोझै फ्रिजको चिसो पानी र राति एयरकन्डिसनमा सुत्ने कारणले पनि धेरैको निधन हुने गरेको छ । यसमा पनि कम पानी खाने नेपाली चलनले कामदारहरूको ज्यान लिन मद्दत नै गरेको छ ।

देशकै ट्राफिक नियम राम्रोसँग नजानेका धेरै कामदारहरू अत्यधिक चापमा द्रुत गतिमा चलिरहेको बाटोबाट ट्राफिक संकेत नै नहेरी बाटो काट्ने क्रममा दुर्घटनामा पर्ने गर्दछन् । फेरि कतारको ट्राफिक नियम नेपालको ठिक विपरीत बायाँबाट गाडी चल्ने हुँदा पनि नेपालीहरू झुक्किएर बाटो काट्ने क्रममा दुर्घटनाक्रस्त हुने गर्दछन् । पछिल्लो समय नशाका लागि केही युवा कामदारहरूले शौचालय सफा गर्ने 'लुमा' प्रयोग गर्ने चलन बढेपछि यसले पनि मृत्युको घटनालाई थप गरेको छ ।

## विकराल बन्दै छ समस्या

काम गरेको पारिश्रमिक नपाउनु, पाए पनि अन्य देशको तुलनामा निकै न्यून पारिश्रमिक पाउनु । एउटा सानो कोठा, जहाँ अक्सिजनको मात्रा निकै कम हुन्छ, त्यस्तो कोठामा दसपन्ध्र कामदार कोचिएर बस्नु नै नेपाली कामदारको परिचय बन्न थालेको छ, कतारमा । रोजगारीका लागि आउने अन्य देशको तुलनामा नेपाल सरकारको प्रभाव न्यून रहेका कारण पनि यस्तो समस्या आएको हो । अहिले कतारमा रोजगारी गरिरहेका अन्य मुलुकका कामदारको तुलनामा नेपाली कामदारहरू आधा पारिश्रमिक लिएर काम गर्न विवश छन् । यस्तो स्थिति निम्तिनुमा नेपाल सरकार नै दोषी भएको लामो समयदेखि कतारमा बस्दै आइरहेका नेपालीहरू बताउँछन् । ९० प्रतिशत कामदारहरू मासिक ५ सय रियाल (१० हजार नेपाली रुपैयाँ)मा काम गर्दै आइरहेका छन् । जब कि अन्य देशका कामदारहरू कम्तीमा पनि मासिक एक हजार (२० हजार नेपाली रुपैयाँ) लिएर काम गर्दै आइरहेका छन् ।

यद्यपि, कतारको श्रम कानुन निकै कडा छ । तर, धेरै कम्पनीहरूले स्थानीय सरकारलाई गुमराहमा पारेर काम गर्दै आइरहेका छन् । यस सम्बन्धमा पाण्डेले गत सातामात्र श्रम मन्त्रालयलाई 'लेबर क्याम्प' र कम्पनीहरूमा छानबिन गर्न अनुरोध गरेका थिए । छानबिनको क्रममा श्रम मन्त्रालयले आफूले तोकेको कानुनविपरीत काम भएको ठहर भएमा सम्बन्धित कम्पनीहरूलाई कडा कारबाही मात्र होइन, कम्पनीको दर्ता खारेज पनि गर्ने गरेको छ । तर, मन्त्रालयले आफ्नै किसिमले काम गर्ने हुँदा नेपाली कामदारहरूले दुःख व्यहोर्ने गर्दछन् ।

## किन हेपिन्छन् नेपालीहरू

कतारमा अन्यदेशका कामदारहरूको तुलनामा नेपाली कामदारहरू हेपिने मुख्य दुई कारण छन् । एक नेपालीहरू सोझा हुन्छन्, अर्को अशिक्षित पनि । त्यसमा पनि कम्पनीहरूले माग गरेबमोजिम नेपाली कामदारहरू दक्ष नहुँदा हेपिने गर्दछन् । रोजगारीको सिलसिलामा कतार पुगेका धेरथोर लेखपढ गर्न सक्ने बाठा कामदारहरू राम्रो काम र राम्रै पारिश्रमिक गरेर बसेको लामो समयदेखि दोहामा बस्दै आइरहेका विजय माझी बताउँछन् । उनी कम्पनीले माग गरेबमोजिम नेपाली कामदारहरू दक्ष नभएको हुँदा हेपाइमा परिने बताउँछन् । 'कम्पनीले मोटो रकम खर्चेर कामदार बोलाउँछ, कामदार दक्ष नभएपछि उनीहरूले पैसा दिने कुरा पनि भएन नि', उनी भन्छन् । नेपालबाट डकर्मीको रुपमा धेरै कामदार यता आए पनि उनीहरूलाई गिटी र बालुवा घोल्न पनि नआएका प्रशस्त उदाहरण भएको बताउँदै खाडी मुलुकमा लामो समय निर्माणको काममा व्यस्त रहेका इन्जिनियर नवीन श्रेष्ठ भन्छन्, 'दस नेपालीको काम एउटा चिनियाँले गर्छ । अब भन्नुहोस्, यहाँको कम्पनीहरूलाई कामै नजानेका नेपालीहरूको बढी महत्त्व हुन्छ कि त्यो एउटा चिनियाँको ।'

## सम्भावना प्रचुर

यद्यपि, यति हुँदाहुँदै पनि देशमा बेरोजगार रहेका नेपाली युवाहरूका लागि रोजगारीको सबैभन्दा ठूलो सम्भावना कतार नै रहेको छ । कतार निकट भविष्यमै २०१६ को ओलम्पिक आयोजना गर्ने तयारीमा जुटेको छ । यसका लागि यो देशले ५० भन्दा बढी तारे होटल निर्माण गर्दै छ भने बाटोघाटो, अस्पताल, नयाँ आवासीय क्षेत्रलगायत सहरी क्षेत्र नै विकास र विस्तार गर्दै छ, जसका लागि ठूलो मानव संसाधनको आवश्यकता पर्नेछ । नेपाल सरकारले अहिलेदेखि नै बेरोजगार युवा जनशक्तिलाई स्वास्थ्य शिक्षा तथा तालिमको व्यवस्था गरेर त्यसतर्फ पठाउने दूरगामी योजना बनाएको खण्डमा यसले वैदेशिक रोजगारमा नयाँ आयाम थप्नेछ । ■



# अझै बनेन वातावरण

■ किरण भण्डारी/काठमाडौं

**संविधानसभा** जेठमै सम्पन्न गर्ने प्रतिबद्धता दर्शाउन र पार्टीका कार्यकर्तालाई गाउँ फर्कन उत्प्रेरित गर्न सरकारले प्रहरी चौकी पुनःस्थापना र गाविस सचिवलाई गाउँ पठाउने निर्णय गरेको छ । कात्तिक १० गतेको मन्त्रिपरिषद्ले माघ १ गतेदेखि मतदाता नामावली संकलन र नागरिकता वितरण थाल्न आवश्यक वातावरण बनाउन गृह र स्थानीय विकासमन्त्रीहरूलाई निर्देशन समेत दिएको छ ।

पुस २५ गतेभित्र चौकी पुनःस्थापना र यथाशीघ्र गाविस सचिवको पूर्ति गर्न प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला स्वयंले सम्बन्धित मन्त्रीहरूलाई व्यक्तिगत रुपमै आदेश दिएका छन् । मन्त्रिपरिषद्को बैठकले त्यस्तो निर्णय गरेकै दिन प्रधानमन्त्री कोइरालाले कार्यकर्तालाई निर्धक्क भएर गाउँ जान अनुरोध गरेका छन् ।

गाविस सचिवको पूर्ति जस्तो सामान्य विषयमा मन्त्रिपरिषद् प्रवेश गर्नु जरुरी नभए पनि सरकार जेठभित्रै संविधानसभाको निर्वाचन गराउन प्रतिबद्ध रहेको सन्देश दिन उक्त निर्णय गरेको हो । माओवादी द्वन्द्वले विस्थापित प्रहरी चौकीको पुनःस्थापनाको निर्णय सार्वजनिक गरेर सात दलका कार्यकर्ता मात्र हैन, गाविस सचिवहरूलाई समेत खटाएको स्थानमा जान प्रेरित गरिएको छ ।

तर, सरकारको उक्त निर्णयप्रति माओवादी प्रतिक्रियाले गाउँ फर्कने वातावरण सृजना हुनुको साटो झनै नकारात्मक सन्देश फैलने सम्भावना देखिएको छ । माओवादी प्रवक्ता कृष्णबहादुर महराले सल्लाह र सहमति नलिई हतारमा निर्णय गरेका भन्दै आपत्ति व्यक्त गरेका छन् । सहमतिको तालिकाअनुसार अन्तरिम संविधान जारी गरेर निर्वाचन प्रक्रियालाई एकजुट भई अघि बढाउनुको साटो माओवादीलाई पन्छाउन खोजेको आशंका माओवादीले गरेको छ ।

गाविस सचिवहरूले चौकी पुनःस्थापना नभई गाउँ जान नसकिने जानकारी स्थानीय विकास सचिव, मन्त्री हुँदै प्रधानमन्त्रीसम्म पुऱ्याएकाले पनि मनोवैज्ञानिक ढाडस दिन मन्त्रिपरिषद्ले उक्त निर्णय गरेको मान्नेहरू पनि छन् । स्थानीय विकास मन्त्रालयका अनुसार ३ सयभन्दा बढी गाविसमा सचिव रिक्त छन् भने त्योभन्दा कयौं बढीमा दरबन्दी पूर्ति भए पनि बसेका छैनन् ।

इलाका प्रहरी र चौकी गरी मुलुकभर झन्डै २ हजार कार्यालय रहेकोमा माओवादी द्वन्द्वको आयतन वृद्धिसँगै दुई तिहाइ विस्थापित भई जिल्लामा गाभिएका छन । दोहोरो सत्ता कायम रहेसम्म निर्वाचन प्रक्रिया अघि बढाउन नसकिने हुँदा आवश्यक वातावरण बनाइदिन राजनीतिक दलका नेताहरूसँग प्रमुख निर्वाचन आयुक्त भोजराज पोखरेलले बारम्बार अनुरोध गरिरहेको जानकारी आयोग स्रोतले दिएको छ ।

'गाविसमा सर्वदलिय संयन्त्र नबनेसम्म सचिवले मात्र सहज ढंगले काम गर्न दिन्छन् भनेर आश्वस्त हुने अवस्था छैन', पोखरेललाई उद्धृत गर्दै आयोग स्रोत भन्छ, 'अन्तरिम संविधान लागू नभई कमिटी गठन हुन सम्भव छैन ।'

निर्वाचन र सुरक्षा विज्ञहरू पनि सर्वदलीय सहमति कायम नभई कर्मचारीले सिन्को पनि भाँच्न नसक्ने बताउँछन् । 'गाउँस्तरका सर्वपक्षीय राजनीतिक कार्यकर्ता सहभागी नभई निर्वाचनका कुनै क्रियाकलाप संचालन गर्न सकिन्न', पूर्व प्रमुख निर्वाचन आयुक्त सूर्यप्रसाद श्रेष्ठ भन्छन्, 'स्थानीय निकायको गठन तुरुन्त गर्नुपर्नेमा अन्तरिम संसद्मा हालिएकाले ढिलाइ भइरहेको छ ।' स्थानीय निकायमा प्रतिनिधित्व गर्ने दलहरूको नाम संविधानमै किटान गरिएकाले कार्यान्वयनका क्रममा व्यवहारिक अप्ठेरो हुने धारणा पनि उनको छ ।

अन्तरिम संविधानले सर्वदलीय समितिमा माओवादी सहित आठ दल सम्मिलित हुने उल्लेख छ । धारा १३९ (२) मा भनिएको छ- 'संवत् २०६३ कात्तिक २२ गते राजनीतिक सहमति कायम गर्ने नेपाली कांग्रेस, नेकपा एमाले, नेपाली कांग्रेस (प्रजातान्त्रिक), जनमोर्चा नेपाल, नेपाल सद्भावना



# ‘नियन्त्रणको जिम्मा जनतामै हुनुपर्छ’

**जनआन्दोलनको सफलतापश्चात् बनेको २०४७ सालको संविधानअन्तर्गत २०४८ मा सम्पन्न पहिलो आमनिर्वाचन र २०४९ को स्थानीय निर्वाचन प्रमुख निर्वाचन आयुक्तको हैसियतले संचालन गरेको अनुभव सूर्यप्रसाद श्रेष्ठसँग छ। प्रस्तुत छ, विभिन्न जिल्लाको प्रमुख जिल्ला अधिकारी, अञ्चलाधीश र गृहसचिवको हैसियतले लामो अवधि सुरक्षा प्रशासनमा रहेका श्रेष्ठसँग *समय*ले गरेको कुराकानी।**



तस्वीरहरू : तेजबहादुर बस्नेत

**अन्तरिम संविधानमा आन्दोलनकारी आठ राजनीतिक दलहरूबीच सहमति भइसकेको अवस्थामा संविधानसभाको निर्वाचनसम्मको गन्तव्य अब कति टाढा छ ?**

संविधान आइसकेको भान धेरैमा भएको छ, तर अहिलेसम्मको अवस्थामा अन्तरिम संविधान राजनीतिक दलहरूबीच सम्झौताको दस्तावेजको रुपमा रहेको छ। उक्त मस्यौदामा निर्वाचन पद्धति, मतदाता नामावली, राजनीतिक दलका विषयमा उल्लेख छ। ऐन नियमको प्रवाधानमा राख्नुपर्ने कतिपय विषयलाई संविधानमै राखिएको छ। संविधानमा विषयवस्तुलाई अलिक विस्तृतमा समेट्दा कार्यान्वयनका क्रममा व्यवहारमा अप्ठेरो वा बाधा पर्न गएमा संविधान नै संशोधन गरेर गाँठो फुकाउनुपर्ने अवस्था आइपर्छ। यस्तै कठिनाइको भयले संविधानमा सैद्धान्तिक विषयहरूमात्र राख्ने गरिन्छ। यस्ता प्रावधानले काम गर्ने क्रममा निर्वाचन आयोगलाई असजिलो पनि बनाउन सक्छ।

**संविधानसभासम्मको यात्रा अब कसरी तय हुन्छ ?**

अहिलेकै संसद्ले निर्वाचनसम्बन्धी आधारभूत ऐन तर्जुमा गरिदिने सहमति बनेको छ, तर त्यसले गति लिन सकेको छैन। मतदाता सूचीसँग नागरिकतालाई पनि गाँसिएकाले ती सबै विषयलाई सम्बोधन गर्दै अघि बढ्नुपर्ने हुन्छ।

**गाउँस्तरमा राजनीतिक दलहरूको प्रतिनिधित्व भएको संयन्त्र गठन नभई मतदाता नामावली संकलन गर्न सम्भव छ त ?**

पहिलो कुरा त झन्डै ४ हजार गाविसमा सर्वदलीय संयन्त्रको गठन गर्नु आफैंमा कठिन छ। विगतको अनुभवका आधारमा भन्ने हो भने गाविस र स्थानीय राजनीतिक कार्यकर्ताको सहयोगमा मात्र नामावली संकलन हुन सक्छ। सबै राजनीतिक दलको सहयोग नभएमा मतदाता नामावली संकलन टोली गाउँ नै जान सक्दैन।

**अन्तरिम संविधानमा अन्तरिम स्थानीय निकाय गठन गर्ने उल्लेख गरिएको छ, त्यसले त सजिलो पार्ने भयो होइन त ?**

संविधानमा उल्लेख नगर्नु पर्ने विषय समेटिएकाले झन् ढिलाइ हुने पो देखिएको छ। राजनीतिक सहमतिका आधारमा अहिले नै सर्वदलीय संयन्त्र बनाउन थालेको भए निर्वाचनको लागि वातावरण निर्माण हुन सुरु भइसक्थ्यो। अर्को कुरा सर्वदलीय स्थानीय निकायमा प्रतिनिधित्व गर्ने दलहरूको नाम संविधानमै किटान गरिएकाले कार्यान्वयनका क्रममा व्यवहारिक अप्ठेरो हुन्छ।

**मिश्रित प्रणाली अवलम्बन भइसकेको सन्दर्भमा संविधानसभाको निर्वाचनको मतपत्र कस्तो हुन्छ ?**

मिश्रित प्रणाली अपनाइरहेका पश्चिमा मुलुकसँग हाम्रो तुलना हुँदैन। नेपालीको चेतनास्तर हेरेर कस्तो मतपत्र बनाउनुपर्छ भन्ने जिम्मा निर्वाचन आयोगलाई दिनु उत्तम देखिन्छ।

**समानुपातिक प्रणालीअन्तर्गत उम्मेदवारको सूची बनाउँदा जनसंख्यालाई आधार मान्ने भनिएको छ। विविधता नै विविधताले भरिएको मुलुकमा विभाजन कसरी सम्भव छ ?**

क्लिष्ट हुने हुँदा यसलाई कार्यान्वयन गर्न निकै गाह्रो हुन्छ। यस्ता प्रक्रिया सरलीकरण गरेर प्रतिनिधित्वको उद्देश्य हासिल गर्न सक्नुपर्छ। विभिन्न नियम कानुनमा बाँध्नेभन्दा पनि राजनीतिक नेतृत्व सकारात्मक भएमा समानुपातिक प्रतिनिधित्व सम्भव छ। संविधानसभा राज्यको आर्थिक, सामाजिक, भौगोलिक क्षेत्रको ऐना बन्न सकोस् भन्ने सबैको उद्देश्य हुनुपर्छ। समावेशीको नारामा मात्र केन्द्रित हुँदा गुणात्मक पक्षलाई ह्रास हुनबाट पनि जोगाउन सक्नुपर्छ।

**संविधानसभाको निर्वाचनमा भाग लिन दल दर्ता गर्दा १० हजारको सूची पेस गर्नुपर्ने व्यवस्थालाई कसरी हेर्नुभएको छ ?**

संविधानसभामा सरिक हुने दलहरूको संख्या धेरै नहोस् भनेर यो व्यवस्था गरेको देखिन्छ। जति पार्टीले निर्वाचनमा भाग लिए पनि जनताको अभिमत पाउने थोरै हुँदारहेछन् भन्ने विगतको निर्वाचनले देखाइसकेको छ। त्यसैले दलहरूलाई नियन्त्रण गर्ने जिम्मा जनतालाई नै छाडिदिएको भए राम्रो हुन्थ्यो। संविधानले दल दर्ता निरुत्साहन गर्नु राम्रो होइन।

दस हजारको हस्ताक्षर संकलन गरेर दर्ता हुन आएमा त्यो प्रक्रियालाई पूर्णता दिन गाह्रो हुन्छ। कसरी सनाखत गर्ने भन्ने प्रश्न नै अहं भएर आउँछ। जिल्ला सदरमुकाम गएर सनाखत गर्ने कि राजधानी आउनुपर्ने ? सनाखत गर्न हिँडेको लावालस्करको सुरक्षाको जिम्मा कसले लिने ? त्यसैले संविधानमा प्रावधान राखेर दल दर्ता नियन्त्रण गर्न खोज्नु जनअधिकार संरक्षणको दृष्टिकोणबाट सकारात्मक होला जस्तो लाग्दैन।

**गृह प्रशासनको पनि अनुभवको हिसाबले यसपालिको निर्वाचनमा सुरक्षाको व्यवस्थापन कसरी गर्नुपर्ने देख्नुहुन्छ ?**

सेनालाई निर्वाचनमा परिचालन नगर्ने सहमति भइसकेको छ। जनपद र सशस्त्र प्रहरीको संख्या थोरै छ। प्रहरीको नियमित कामबाट फुर्सत पाउनेको संख्या ज्यादै सानो हुने अनुमान लगाउन सकिन्छ। त्यसैले के के विकल्प हुन सक्छ भन्नेमा सरकार र निर्वाचन आयोगले व्यापक अभ्यास गर्नु जरुरी छ। स्वयंसेवकहरूको दस्ता तयार गर्नुपर्ने हुन्छ। भूतपूर्व सेना वा प्रहरीको प्रयोग अरूको भन्दा राम्रो उपाय हुन सक्छ।

राजनीतिक दलहरूबीच सहमति बिथोलिएमा सुरक्षाकर्मीले वातावरण नियन्त्रणमा राख्न सक्ने अवस्था अब छैन। त्यसैले समन्वय जरुरी छ, तर हारजितको प्रतिस्पर्धामा उत्रेका दलहरूबीचको समन्वय अघिपछि भए पनि निर्वाचनको दिनमा गाह्रो छ। किनकि लडाइँ र समन्वय आफैंमा विरोधाभासपूर्ण छ।

पार्टी (आनन्दीदेवी), नेपाल मजदुर किसान पार्टी र संयुक्त वाम मोर्चासहितका राजनीतिक दलहरू र नेकपा (माओवादी)को सहमतिले नेपाल सरकारद्वारा जिल्ला, नगर र गाउँस्तरमा अन्तरिम स्थानीय निकाय गठन गरिनेछ।’ अन्तरिम संविधानको उक्त सहमति हु-बहु कार्यान्वयन हुने हो भने हिमाली जिल्लामा सद्भावना पार्टीको र तराईमा नेमकिपाको समेत प्रतिनिधित्व गराउनुपर्ने हुन्छ।

मतदाता नामावली संकलन निर्वाचनको प्रस्थान विन्दु भएको र त्यसको सुरुवात आयोगले माग गरेभन्दा एक महिना ढिलो गरी माघ १ गते मात्र गर्ने घोषणा गरिएको छ। विगतमा नामावली संकलनमा मात्र ६ महिना लाग्ने गरेको नजिरलाई हेर्ने हो भने अहिले निर्वाचन सम्पन्न गर्न आयोगसँग जम्मा ५ महिनाको अवधि बाँकी छ। विगतमा

नामावली संकलनबाहेक निर्वाचनका कार्यक्रममा ५ महिनाभन्दा अधिक समय लाग्ने गरेको थियो । तैपनि जेठ महिनाभित्रै निर्वाचन सम्पन्न गरेरै छोड्ने वाचा आयोगका पदाधिकारीहरूले विभिन्न औपचारिक कार्यक्रमहरूमा व्यक्त गर्दै आएका छन् । 'निर्वाचन यथासमयमा सक्ने मुख्य चुनौती अहिले पनि समय नै हो', प्रमुख आयुक्त पोखरेलले *समय*सित भने, 'हामी युद्धस्तरमा लागिरहेका छौं ।'

मतदाता नामावली संकलनसम्बन्धी ऐन र निर्वाचन आयोगको क्षेत्राधिकारसम्बन्धी ऐन संसद्ले बनाइदिएपछि काम तुरुन्त अघि बढिहाल्ने पोखरेलले बताए । अन्तरिम संविधान जारी गर्दा निर्वाचन प्रक्रिया अघि बढाउन आवश्यक ऐन प्रतिनिधिसभाको चालू अधिवेशनबाटै पारित गर्ने सहमति भएको भए पनि २ सातासम्म त्यसले मूर्त रुप लिएको छैन ।

मतदाता नामावली संकलनसम्बन्धी विधेयक सरकारले संसद्मा दर्ता गरेको ९ दिनपछि मात्र मंसिर ११ गते राज्य व्यवस्था समितिमा गएको छ । 'प्रतिनिधिसभाले भर्खर समितिमा पठायो । दफावार छलफलमा केही समय लगाएर छिट्टै सकिदिने सहमति भएको छ', समितिका अध्यक्ष हृदयराम थानीले भने ।

जेठमा निर्वाचन गराउने विषयमा अहिलेसम्म व्यक्त प्रतिबद्धता विधिको रुपमा लिपिबद्ध भई अनुमोदित नभएकाले सहमतिको दस्तावेजको रुपमा मात्र छ । अन्तरिम संविधानदेखि माघ १ गतेदेखि काम थाल्ने सरकारको निर्णय राजनीतिक महत्त्व बोकेको प्रतिबद्धता मात्र भएको छ ।

राज्य व्यवस्थामा छलफल चलिरहेको विधेयकमा सेना, प्रहरी, सरकारी कर्मचारी तथा शिविरमा रहने माओवादीले पनि मतदान गर्न पाउने व्यवस्था छ । मतदाता परिचयपत्रको व्यवस्था कायमै राखिएको छ । कैदी तथा थुनुवालाई पनि मतदान गर्न दिइने उल्लेख छ । मतदाता नामावली प्रकाशन भइसकेपछि पनि नागरिकता प्राप्त गर्ने व्यक्तिको नाम मतदाता नामावलीमा समावेश गर्न सकिने प्रावधानले यससम्बन्धी विवादको अन्त्य गरेको छ ।

संविधानसभाको २०४ स्थानमा समानुपातिक वितरण गर्दा महिला, दलित, आदिवासी, जनजाति, मधिसेलाई कसरी वितरण गर्ने भन्ने विषय सबैभन्दा विवादास्पद हुने देखिन्छ । दलितभित्रका विभिन्न जातजातिलाई कसरी प्रतिनिधित्व गराउने, जनजातिमा कसरी भागबन्डा गर्ने, मधेसीहरूको परिभाषा के हुने, तराईका दलित कुन कोटीमा पर्ने लगायतका विषयमा ऐन नियम तर्जुमा गर्दा व्याख्या गर्नुपर्ने हुन्छ ।

प्रतिनिधिसभाले २-३ वटा ऐन बनाएर बाटो खुला गरिदिएपछि बाँकी ऐन अन्तरिम संसद्ले बनाउने सहमति भएको छ । 'निर्वाचनसम्बन्धी कम्तीमा पाँचवटा ऐन र दर्जनभन्दा बढी नियमावलीको क्रमशः खाँचो पर्दै जान्छ', प्रमुख आयुक्त पोखरेलले भने ।

# लक्ष्य र सिद्धान्तविहीन



■ चन्द्रकान्त ज्ञवाली

## लक्ष्यविहीन प्रस्तावना

अन्तरिम संविधानको प्रस्तावनामा अन्तरिम संविधान लेखिनुपर्ने आधार र कारण, त्यसका स्रोतहरू, पुरानो संविधान खारेज गर्नुपर्ने कारण, नयाँ अन्तरिम संविधान ल्याउनु पर्ने आधार खोलिएको छैन । संविधानसभाले बनाउने नयाँ संविधान कुन राजनीतिक प्रणालीमा आधारित हुने हो, त्यसको लक्ष्य किटान भएको देखिँदैन । जनआन्दोलनको भावना संविधानसभाको माध्यमबाटै लोकतान्त्रिक गणतन्त्र स्थापना गर्नु थियो । लोकतान्त्रिक शासन व्यवस्था लेखिए पनि लोकतान्त्रिक गणतन्त्र संविधानसभाको लक्ष्य हुनेछ भन्ने संविधानमा कहीं छैन ।

भारत, अमेरिका, क्यानडा, अस्ट्रेलिया, अफ्रिका, बोलिभिया, पोल्यान्डजस्ता मुलुकमा प्रजातान्त्रिक एवं लोकतान्त्रिक गणतन्त्रको लक्ष्य लिएर संविधानसभामा गएको देखिन्छ । तर, संविधानसभाको लक्ष्य अन्तरिम संविधानले सम्बोधन गर्न सकेको छैन । राजनीतिक प्रणालीको लक्ष्यविना संविधानसभामा जानुको औचित्य हुन्न । त्यसैले प्रस्ट रूपमा लोकतान्त्रिक गणतन्त्रको लक्ष्य अन्तरिम संविधानको प्रस्तावनामा लेखिनुपर्छ । अर्कोतर्फ प्रस्तावनामै स्वतन्त्र न्यायपालिकाको कल्पना गरिए पनि सक्षम न्यायप्रणाली पूर्णतः हटाइएको छ । प्रधानन्यायाधीशको नियुक्ति प्रधानमन्त्रीले गर्ने व्यवस्था गरिनुले कार्यपालिकीय हस्तक्षेपबाट न्यायपालिका मुक्त हुन सकेको देखिँदैन ।

## गैरनागरिकलाई नागरिकता

नागरिकता व्यक्तिको राष्ट्रियतासँग गाँसिएको हुन्छ । सार्वभौमसम्पन्न राष्ट्र र नागरिकका बीचको स्थायी कानुनी सम्बन्ध नै राष्ट्रियता हो । राष्ट्रियताको मौलिक आधार स्वतन्त्र राजनीतिक समुदायको सदस्यता हो । व्यक्तिले राष्ट्रसँगको कुनै सम्बन्धविना राष्ट्रियता प्राप्त गर्न सक्दैन । नागरिक र राष्ट्रको एक-अर्काप्रतिको अधिकार र कर्तव्यको कानुनी सम्बन्धविना संवत् २०४६ साल चैत्र मसान्तसम्म नेपाल सरहदभित्र जन्म भएको व्यक्तिले नागरिकता प्राप्त गर्न सक्ने प्रावधानले राष्ट्र र राष्ट्रियतामाथि आँच आउन सक्ने देखिन्छ । जन्मसिद्ध, वंशज र अंगीकरणको आधारमा नागरिकता जुनसुकै व्यक्तिलाई दिने प्रावधानले नेपाली नागरिकलाई उपेक्षा गरिएको छ । कुनै पनि नेपाली नागरिक नागरिकताविहीन हुनु हुँदैन । आमाको नामबाट र वंशजबाट नागरिकता दिनु स्वागत योग्य भए पनि नेपालको खुला सिमाना, पासपोर्ट र भिसाविना भारतमा आवतजावत गर्न पाउने प्रावधानबाट नेपालमा जन्मेको व्यक्ति जो नेपाली नागरिक होइन, त्यसलाई नागरिकता प्रदान गर्दा भोलि राष्ट्र नै विलय हुन सक्ने खतरा पनि त्यतिकै छ । राष्ट्र र राष्ट्रियताप्रति नेतृत्व वर्गमा माया छ भने 'नेपालमा जन्म भएको व्यक्ति' भन्ने वाक्यांश झिक्नुपर्छ ।

## कानुन बनाएर दिइने मौलिक हक

मौलिक हक राज्यविरुद्धका नागरिकका हकहरू हुन् । राज्यले मौलिक हकमा लेखिएका कुरा पूरा नगरे राज्यका विरुद्धमा उपचारको हक नागरिकलाई प्राप्त हुन्छ । मौलिक हकको सम्बन्धमा धेरै कुरा समेटिए पनि कानुनमा व्यवस्था भएबमोजिम माध्यमिक शिक्षा निःशुल्क शिक्षा पाउने हक, आफ्नो मातृभाषामा आधारित शिक्षा पाउने हक, रोजगारीको हक, सामाजिक सुरक्षाको हक, सम्पत्तिको हक, निःशुल्क कानुनी सहायता पाउने हक हुनेछ भनी उल्लेख गरी यी हकहरूलाई राज्यले कानुन बनाएर मात्र लागू हुने हुँदा यस्ता हकलाई मौलिक हकका रूपमा मान्यता दिन मिल्दैन ।

प्रत्येक नागरिकलाई काम गर्ने अधिकार मौलिक हक हुन सक्छ, तर रोजगारी पाउने हक मौलिक हकमा लेखिने कुरा होइन । राज्यको साधन र स्रोतले भ्याएसम्म नागरिकलाई रोजगारी दिने राज्यको नीति निर्देशक सिद्धान्तमा मात्र राखिने कुरा हुन् । त्यस्तै 'खाद्य सम्प्रभुता'को हक नभई 'खाद्य सुरक्षाको' हक हुनेछ भन्नुपर्थ्यो । सम्पत्तिको हकको सम्बन्धमा राज्यले अधिग्रहण गर्दा वा सम्पत्तिउपर अधिकार सिर्जना गर्दा कानुनबमोजिम क्षतिपूर्ति दिइनेछ भन्नुभन्दा 'यथोचित क्षतिपूर्ति' भन्नुपर्छ । यसो भयो भने नागरिकको सम्पत्तिमाथिको मौलिक हक भन्न सकिन्छ, अन्यथा सम्पत्तिसम्बन्धी हक केवल कानुनी हकमात्र हुन जान्छ ।

यसैगरी राजनीतिक सहमतिको आधारमा प्रधानमन्त्रीको नियुक्ति र उनको अध्यक्षतामा मन्त्रिपरिषद् गठन हुने व्यवस्थाले प्रधानमन्त्री राजनीतिक दलहरूप्रति मात्र उत्तरदायी र जवाफदेही हुने बनाइएको छ । कुनै पनि प्रजातान्त्रिक मुलुकमा संसद् भएको अवस्थामा राजनीतिक सहमतिबाट प्रधानमन्त्रीको चयन हुन सक्दैन । त्यसैले धारा ३८(१) लाई पूर्ण रूपमा झिकी ३८(२) बमोजिम व्यवस्थापिकाको दुई तिहाइ सदस्यको बहुमतका आधारमा प्रधानमन्त्री नियुक्ति हुने भएमा मात्र प्रधानमन्त्री संसद्प्रति उत्तरदायी र जवाफदेही रहन सक्छ । अन्यथा राजनीतिक सहमतिको आधारमा प्रधानमन्त्रीले नियुक्ति पाए संसद्प्रति उत्तरदायी र जवाफदेही हुनुपर्ने संवैधानिक बाध्यता रहँदैन । यस्तो नियुक्तिले शक्ति सन्तुलन र शक्ति पृथकीकरणको सिद्धान्तलाई उपहास गरेको ठहरिनेछ ।

## दलहरूको पूर्व परीक्षा

मिश्रित प्रणालीको निर्वाचनमा सरिक हुने दलहरूको संख्या दर्जनौं भएमा मतपत्र लामो हुने र मतदाता अलमलिने समस्याबाट मुक्ति पाउन अन्तरिम संविधानले नयाँ उपाय निकालेको छ। विगतका निर्वाचनमा जस्तो 'पारिवारिक पार्टी'ले संविधानसभाको निर्वाचनमा भाग लिन पाउने सम्भावना समाप्त भएको छ।

अन्तरिम संसद्मा प्रतिनिधित्व गर्ने दलहरूले बाहेक अरुले निर्वाचनमा भाग लिने प्रयोजनका लागि दल दर्ता गर्दा कम्तीमा दस हजारको समर्थनसहितको हस्ताक्षर बुझाउनुपर्ने प्रावधान अन्तरिम संविधानले राखेकाले 'भुरा दल'हरूको भविष्य सकिएको हो।

प्रस्तावित संविधानको धारा १४२ (५) को 'निर्वाचनको निम्ति दल दर्ता गर्ने प्रयोजनको लागि कम्तीमा दस हजार मतदाताको समर्थनसहितको हस्ताक्षरयुक्त निवेदन आवश्यक पर्ने, तर अन्तरिम व्यवस्थापिका-संसद्मा प्रतिनिधित्व गर्ने दलहरूको हकमा यो प्रावधान लागू हुनेछैन' भन्ने व्यवस्थाबाट कम्तीमा १ सय ४० दलहरू प्रभावित हुने देखिन्छ।

निर्वाचन आयोगको तथ्यांकअनुसार १ सय ५० भन्दा बढी दल दर्ता भएका छन्। 'एनजिओ खोल्न नसक्नेले समेत दल खोलेका छन्', एक आयुक्तले भने, 'त्यस्ता दलहरूलाई निर्वाचनमा भाग लिन दिने हो भने व्यवस्थापन गर्न निकै कठिन हुने भएकाले हाम्रै अनुरोधमा संविधानमा त्यस्तो धारा राखिएको हो।'

संविधानसभा दल दर्तासम्बन्धी ऐनले यसबारेमा अझ विस्तृतमा व्याख्या गर्ने जानकारी ती आयुक्तले दिएका छन्। '१ निर्वाचन क्षेत्रबाट कम्तीमा १ हजारको दरले १० हजार मतदाताको समर्थनको सूची आयोगमा पेस गरेपछि मात्र दल दर्ता गर्न दिने पक्षमा हामी छौं', उनले भने।

अन्तरिम संविधानले सात दल, माओवादी, विभाजित जनमोर्चा २, राप्रपा र जनशक्ति सहित दर्जन पार्टीले संविधान सभामा सरिक हुन दल दर्तासम्बन्धी उक्त अवरोध पार गर्नु नपर्ने व्यवस्था गरेको छ। निर्वाचन प्रणालीका जानकारहरूले अन्तरिम संविधानको उक्त व्यवस्था दल दर्ता गर्ने संवैधानिक अधिकारलाई कुण्ठित गर्ने अभिप्रायले राखिएको भन्दै विरोध जनाएका छन्। '१० हजारको हस्ताक्षर बुझाउनुपर्ने प्रावधानले दल दर्तामा रोक लगाएको छ', पूर्व निर्वाचन आयुक्त वीरेन्द्रप्रसाद मिश्रले भने, 'दसौं हजार व्यक्तिलाई कहाँ लाइन लगाएर सनाखत गर्ने हो।'

पारिवारिक वा एनजिओ कोटीका पार्टीलाई निरुत्साहित गर्न खोजेको हो भने ५ सयदेखि १ हजारजनासम्मको समर्थनका आधारमा दल दर्ता गर्ने व्यवस्था राख्नुपर्थ्यो भन्ने धारणा उनले व्यक्त गरेका छन्। ■

## राज्य राष्ट्रप्रमुखविहीन

राष्ट्रप्रमुखको रूपमा रहेका राजालाई मुलुकको शासन व्यवस्थासम्बन्धी कुनै पनि अधिकार नरहने भनिएपछि राजा स्वतः निलम्बन भएका छन्। राजाबारे संविधानसभाको पहिलो बैठकले निर्णय नगरुन्जेल राष्ट्रप्रमुखको पद खाली रहेकाले त्यो अवधिसम्म राष्ट्रप्रमुखको रूपमा काम चलाउ अन्तरिम राष्ट्रपति कार्यपालिकाबाटै नियुक्ति गर्ने प्रावधान जरुरी छ। राजाका सम्पूर्ण अधिकार प्रधानमन्त्रीमा हस्तान्तरण भएपछि अब मुलुकको शासन व्यवस्था र सञ्चालनसम्बन्धी सबै काम प्रधानमन्त्रीले गर्ने संवैधानिक व्यवस्थाले प्रधानमन्त्री निरंकुश बन्न जान सक्छन्। बलियो प्रधानमन्त्रीलाई कहीं कतैबाट शक्ति सन्तुलनमा राखिएन भने भोलि देशले ठूलो दुर्भाग्य व्यहोर्नुपर्ने पनि ख्याल राखिनुपर्छ। संसदीय शासन प्रणालीमा प्रधानन्यायाधीशको नियुक्ति प्रधानमन्त्रीबाट हुन सक्दैन। राष्ट्रप्रमुखको रूपमा राजाको टुंगो नलागुन्जेल कमजोर अन्तरिम राष्ट्रपति नियुक्ति गर्नु राजनीतिक संविधानवादको सिद्धान्त अनुकूल रहन्छ।

यसका अतिरिक्त अन्तरिम व्यवस्थापिका-संसद् पुनःस्थापित संसद्को विघटनपछि मनोनीत सांसदको आधारमा एक सदनात्मक ३३० सदस्यको परिकल्पना गरिएको छ। जनआन्दोलनको भावनाअनुसार पुनःस्थापित संसद्को विघटन हुँदा जनताको राजनीतिक सार्वभौमसत्तासँग मनोनयनबाट गठन हुने अन्तरिम व्यवस्थापिका संसद्को कुनै सम्बन्ध रहन सक्दैन। अन्तरिम व्यवस्थापिकालाई जनताप्रति उत्तरदायी र जवाफदेहीभन्दा पनि राजनीतिक दलप्रति उत्तरदायी र जवाफदेही बनाइँदा राजनीतिक संविधानवादको उपहास हुन्छ। अन्तरिम संसद् राजनीतिक सहमतिका आधारमा सञ्चालन हुने भनी गरिएको व्यवस्था समेत घोर आपत्तिजनक छ। अन्तरिम व्यवस्थापिकालाई संविधान, ऐन र नियमावली बनाई सोहीबमोजिम सञ्चालन गर्नुपर्छ। राजनीतिक सहमतिको आधारमा सञ्चालन गर्ने हो भने व्यवस्थापिकाको परिकल्पना नै नगरी राज्यपरिषद् गठन गरे हुन्छ।

जनता आफैले नयाँ संविधानको निर्माण गर्न एक संविधानसभाको गठन हुनेछ भनिए पनि विदेशमा बस्ने नेपाली जनतालाई संविधानसभामा पुग्ने मार्ग प्रशस्त भएको देखिँदैन। उनीहरूलाई विदेशमै बसेर मत खसाल्ने समेतको मौकाबाट वञ्चित गरिएको छ। संविधानसभाबाट बन्ने नयाँ संविधानमा सबै नेपालीको हिस्सा रहन्छ। उनीहरूको अपनत्व समेत रहने हुँदा विदेशमा बस्ने लाखौं नेपाली नागरिकको कुनै लेखाजोखा गरिएको छैन। निर्वाचन क्षेत्र निर्धारण आयोग गठन गरी त्यसको महिनौंको गणितीय एवं वैज्ञानिक प्रणालीको आधारबाट संविधानसभाको सिट संख्या तोकिनु पर्दथ्यो। केवल हचुवाको भरमा २०४७ सालको २०५ प्रतिनिधिसभाको सिट संख्यालाई पहिलो हुनेले जित्ने प्रणाली, २०४ जनाको समानुपातिक निर्वाचन प्रणाली र १६ मन्त्रिपरिषद्बाट मनोनीत हुने प्रणाली अपनाई ४२५ सिट संख्या छुट्याउँदा स्वतन्त्र नागरिक संविधानसभामा पुग्न नसक्ने देखिएको छ। महिला, जनजाति, मधिसे, अल्पसंख्यक सबै क्षेत्रका व्यवसाय, पेसा, धर्म, वर्ण, संघ तथा संगठनमा लागेका मानिसहरू संविधानसभामा पुग्न नसकिने बनाइएको छ।

## संविधानसभा अदालत

संविधानसभा अदालतले संविधानसभाले बनाएको संविधानलाई संशोधन, खारेज, थपघट र व्याख्या गरेर संविधानलाई परिमार्जन गर्ने काम गर्छ। संविधानसभासद्हरूको अयोग्यतासम्बन्धी प्रश्न उठेमा अन्तिम निर्णय गर्ने काम मात्रमा सीमित राखिनु हुँदैन। संविधानसभाको निर्वाचनमा कुनै निर्वाचन अपराध हुन गएमा छुट्टै निर्वाचन अदालत गठन गर्नुपर्छ। संविधानसभा अदालतले निर्वाचन अपराध र सजायको मुद्दा हेर्ने होइन। संविधानसभाले बनाएको संविधानलाई संशोधन, खारेज, थपघट र व्याख्या गर्ने संवैधानिक अदालतको रुपमा मात्र राखिनुपर्छ।

## स्वतन्त्र र सक्षम न्यायपालिकाको अन्त्य

न्यायिक संविधानवादको अवधारणाबमोजिम न्यायपालिका स्वतन्त्र र सक्षम हुनु जरुरी हुन्छ। प्रस्तावना र धारा १०० (२) मा समेत स्वतन्त्र न्यायपालिकाको व्यवस्था गरिए पनि 'सक्षम न्यायप्रणाली' परिकल्पना गरिएन। स्वतन्त्र न्यायपालिकालाई हेर्ने हो भने पनि प्रधानन्यायाधीशको नियुक्तिमा प्रधानमन्त्री, प्रधानमन्त्रीले नियुक्ति गरेका तीन मन्त्री, न्यायमन्त्री, सभामुख रहँदा कार्यपालिकातर्फका पाँचजना, व्यवस्थापिकातर्फ एक र न्यायपालिकातर्फ प्रधानन्यायाधीश एकजना मात्र रहँदा कार्यपालिकाले जस्तो चाह्यो त्यस्तै प्रधानन्यायाधीश नियुक्ति हुने स्थिति छ। प्रधानन्यायाधीश सधैं कार्यपालिकाप्रति उत्तरदायी रहनुपर्ने संवैधानिक बाध्यताले प्रधानमन्त्रीले संविधानविपरीतको कार्य गरे भने पनि त्यसलाई बदर गर्ने आँट सर्वोच्च अदालतलाई रहँदैन। यसबाट स्वतन्त्र न्यायपालिकाको सिद्धान्तको अवधारणाको अन्त्य हुन गई न्यायपालिकासँगको शक्ति सन्तुलन शून्य अवस्थामा देखिन गएको छ। यस्तै, न्यायाधीशले संविधानको शपथ अदालतभित्र प्रवेश गरेपछि बाहिर ननिस्कँदासम्म खाएको हुन्छ। एउटा राजनीतिक प्रणाली परिवर्तन भएर अर्को आउँदा नियुक्ति पाएका न्यायाधीशको पुनर्नियुक्ति र राजनीतिक नियुक्ति पाएको पदलाई शपथ खुवाई स्वच्छ सुरुवात गर्ने प्रचलन हो। त्यसैले न्यायाधीशलाई शपथभन्दा पुनर्नियुक्तिबाटै स्वच्छ सुरुवात गराउन सकिन्छ।

## राज्यको ढाँचा

केन्द्रीकृत र एकात्मक ढाँचा अन्त्य गरी राज्यको समावेशी लोकतान्त्रिक र अग्रगामी पुनर्संरचना गरिनेछ भनिए पनि राज्यको ढाँचा संघात्मक हुनेछ भन्न सकिएको छैन।

■ रुद्र खड्का/नेपालगन्ज (तस्वीर पनि)

नेपालगन्ज यसरी जलिरहँदा पनि प्रशासन चुपचाप रह्यो



# छटपटिएक

**सात राजनीतिक** दलको सरकार बनेको आठ महिना बितेपछि संगठित रूपमा उत्रिएको विरोध र साम्प्रदायिक दंगामाथि प्रशासनले बल प्रयोग गर्दा नेपालगन्जमा एक सर्वसाधारण मारिएका छन्। साम्प्रदायिक रूपमा अत्यन्त संवेदनशील क्षेत्र मानिएको नेपालगन्जमा रन्किएको तनाव शान्त गर्न प्रशासन निकै कमजोर रह्यो। एकै दिनमा नेपालगन्जमा बीसौं घर, पसल र सार्वजनिक थलोहरू दंगाकारीले जलाए, तोडफोड गरे र करोडौं मूल्यबराबरको सम्पत्ति नष्ट गरे। तर, प्रशासनले रोक्ने प्रयाससम्म गरेन।

वर्षौंदेखि एकापसका समस्या एक-अर्काको सहयोगले समाधान गर्दै आएका पहाडी र मधेसी मूल भनिने समुदायका केही व्यक्तिहरूको आपसी तनावले नेपालगन्ज एक्कासि अशान्त भयो। सत्ताधारी दल नेपाल सद्भावना पार्टी (आनन्दीदेवी)ले आयोजना गरेको मधेस बन्दको क्रममा जथाभावी पहाडीमूलका नागरिकहरूमाथि आक्रमण र उनीहरूका सवारीसाधनहरूलाई क्षति तुल्याइएको दाबी गर्दै नेपालगन्जस्थित नमस्ते र बुद्ध बस व्यवसायी समितिले सुरु गरेको विरोध कार्यक्रमले अन्ततः जातीय साम्प्रदायिक हिंसाको रुप लिई करोडौं रुपैयाँको व्यक्तिगत तथा सार्वजनिक सम्पत्ति नष्ट भयो। सर्वसाधारण एकाएक जातीय हिंसामा मुछिए। अघिल्लो दिनसम्म एकै टोलमा बस्दै सहयोग गर्ने पहाडी र मधेसी समुदायका व्यक्तिहरूले केही समूहको उक्साहटमा आफ्नै छिमेकीका सम्पत्ति मात्र तोडफोड र लुटपाट गरेनन्, एकले अर्कोलाई सांघातिक आक्रमण गर्ने अवस्थामा समेत पुगे।

घटनाको दुई दिनपछि पुस १३ गते बुधवार गृहमन्त्री कृष्णप्रसाद सिटौलाले घटनाको छानबिनका लागि उच्चस्तरीय छानबिन आयोग बनाउने घोषणा गरेका छन्। नेपालगन्ज घटनाको वीउ सात दलको एक घटक सत्ताधारी सद्भावना आनन्दीदेवीले रोपेकाले अहिले यो पार्टी सबैको तारो बनेको छ। प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले बुधवार नै सद्भावना आनन्दीदेवीका नेताहरू आनन्दीदेवी र हृदयेश त्रिपाठीलाई भेटेर उनीहरूको पार्टीको रवैयामाथि अप्रसन्नता व्यक्त गर्दै सत्ताधारी दलको आचरणविपरीत काम गरेर साम्प्रदायिक भड्काउन सहयोग गरेको गुनासो गरेका छन्। नेपाली कांग्रेसका उपसभापति सुशील कोइरालाले समेत सद्भावना आनन्दीदेवीको सोमवारको तराई बन्दलाई सत्ताधारी दलले गैरजिम्मेवारीपनका रूपमा लिएको बताएका छन्। तर, सद्भावना आनन्दीदेवीका नेता त्रिपाठीले भने पार्टीको बन्द सकिएको भोलिपल्ट नेपालगन्जमा त्यस्तो घटना भएकाले साम्प्रदायिकतामा उनीहरूको कुनै पनि प्रकारको संलग्नता नरहेको जिकिर गरे।

सानो निहुँ र ख्याल-ख्यालैमा फैलिएको झगडाले राष्ट्रिय रुप लिँदा समेत सत्तारुढ राजनीतिक दलहरू तथा प्रहरी-प्रशासनले समयमै विवाद सुल्झाउने प्रयास नगरेको क्यौं पीडितहरूले गुनासो गरेका छन्। 'एक हुलले होटेलमा जबरजस्ती प्रवेश गरी




# ा शक्तिहरू

आगजनी गर्न लागेको देख्दादेख्दै पनि प्रहरी हुललाई नियन्त्रण लिन त के आगो निभाउनतिर पनि लागेन', दुई समूहको भिडन्तको क्रममा आगजनी गरिएको नेपालगन्जको ठूलोमध्येकै एक होटेल हंगेरीका मालिक डिल्लीविक्रम मल्लले भने, 'प्रहरीहरूलाई आगो नियन्त्रणको लागि जति आग्रह गर्दा पनि माथिको आदेश छैन भन्दै पन्छिए ।'

अवस्था सामान्य रहँदा नै सवारीसाधन तोडफोड गर्न खोज्ने व्यक्तिहरूलाई नियन्त्रणमा लिन नेपालगन्जका अगुवाहरूले प्रहरी र प्रशासनलाई आग्रह गरेका थिए, तर प्रहरीले त्यस्ता उद्दण्ड व्यक्तिहरूलाई पक्राउ गरेन । बढ्दै गइरहेको अराजक गतिविधिहरूलाई नियन्त्रण गर्नुको साटो प्रहरी मुकदर्शक बनिरहेपछि यसअघि परिचित नभएका व्यक्तिहरूको समूहले जथाभावी पसल र घरहरूमा लुटपाट र आगजनी गर्दै हिँडेको थियो ।

स्थानीय प्रशासनले लगाएको कर्फ्युको पालना गर्नु त परै जाओस्, प्रहरीकै सामुन्ने लुटपाट हुँदासम्म तनावको पहिलो दिन कुनै पनि व्यक्ति पक्राउ गरिएन । दुई दर्जनभन्दा बढी घरपसलमा आगजनी तथा एकको हत्या र एक दर्जन घाइते भइसकेपछि स्वस्फूर्त जातीय नारा लगाउँदै निस्किएको समूहलाई नियन्त्रणमा लिन अझ समस्या पर्‍यो । तनावको दोस्रो दिन पनि मधेसी समूहका पसल, घर तथा सम्पत्तिमा पहाडी समूह र पहाडी समूहका व्यक्तिमाथि मधिसे समूहको नाममा आक्रमण गर्ने क्रम जारी रह्यो । तर, दुवैतर्फका आन्दोलनकारीहरूलाई घुसपैठ तत्त्वहरूले उक्साहटमा ल्याएको दाबी केही राजनीतिक दलहरूले गरेका छन् । यही बीचमा नगरका केही लागू औषधी दुर्व्यसनको लतमा रहेका युवाहरूले लुटपाटका लागि पनि पसलहरू तोडफोड गरे ।

नगर जलिरहेको बेला कयौं सर्वसाधारणले आग्रह गर्दा पनि समस्या समाधानको लागि प्रयास गर्ने राजनीतिक दल र अन्य समूहको अभाव खटकिएको थियो नेपालगन्जमा । राजनीतिक दलहरूले प्रतिगामी तत्त्वको घुसपैठमा तनाव सृजना उत्पन्न भएको प्रतिक्रियाबाहेक दोषीलाई कारबाही र पीडितलाई क्षतिपूर्ति दिने पहल नगर्दा सर्वसाधारणमा अन्योल हुनाको साथै अभिभावकविहीन समेत भएका थिए ।

तनाव सुरु भएको दोस्रो दिन माओवादीको नेतृत्वमा सम्पूर्ण पक्ष सामेल भएको शान्ति र्‍यालीपछि जतिखेर पनि खतरा महसुस गरिरहेका सर्वसाधारणलाई केही राहत महसुस भएको थियो । शान्ति र्‍याली अघिसम्म एकापसमा घर छोडेर भागाभाग हुने क्रम केही रोकिएको थियो । स्थानीय प्रशासनले कर्फ्यु घोषणा गरेकै अवस्थामा व्यापक जनसमूह शान्तिको माग गर्दै सडकमा निस्कियो । त्यसअघि सात राजनीतिक दल, व्यापार संघ तथा स्थानीय प्रशासनका प्रतिनिधिहरूले शान्ति र्‍यालीको आयोजना गर्न खोजे पनि द्वन्द्वरत समूहका अवरोधका कारण र्‍याली हुन सकेन ।

पीडितहरूले प्रहरीको गोलीद्वारा एक व्यक्तिको मृत्यु भएको दाबी गरे पनि प्रहरीले उक्त आरोप अस्वीकार गरेको छ । यद्यपि, भेरी अञ्चल प्रहरी प्रमुख प्रहरी वरिष्ठ उपरीक्षक राजेन्द्रसिंह भण्डारी



दंगाका क्रममा देखिएको तनावग्रस्त स्थिति

प्रहरीले अराजक स्थिति नियन्त्रणको लागि सक्दो प्रयास गरेको दाबी गर्छन् । 'कुनै पार्टी वा व्यक्तिको नेतृत्वमा निस्कने विरोधका कार्यक्रमभन्दा यस्ता कुनै पनि व्यक्ति वा पार्टीको नेतृत्वविना निस्कने कार्यक्रमहरूमा बढी सतर्क हुनुपर्छ', उनले भने ।

पुस १० गते सद्भावनाले आयोजना गरेको बन्दको दिनमा होटेल तथा रोकिरहेको गाडीमा आक्रमण गरिएपछि भोलिपल्ट बस तथा होटेल मालिकहरूले बन्दका आयोजकमाथि आक्रमणको सुरुवात गरेका थिए । सद्भावना (आनन्दीदेवी)की केन्द्रीय सदस्य सत्यवती कुर्मीले आफ्नो पार्टीको विरोधको कार्यक्रम अघिल्लो दिन सकिए पनि भोलिपल्ट केही समूहले जबरजस्ती मधेसीमूलका व्यक्तिहरूमाथि आक्रमण गर्न थालेपछि स्थिति तनावपूर्ण भएको बताएकी छन् । उनका अनुसार 'दुई समूहबीच भएको दंगामा सद्भावना पार्टीको कुनै भूमिका छैन र सद्भावनाले जातीय हिंसा भड्किने गरी कसैलाई पनि लाग्न भनेको छैन ।'

बाह्र वर्षअघि २०५१ सालमा मुसलमान र हिन्दुबीच भएको धार्मिक दंगा बाहेक विगत लामो समयदेखि यहाँ अन्य कुनै जातीय दंगा भएको थिएन । जातीय नाममा सुरु भएको दंगा नियन्त्रणको लागि ८ महिनाअघि गठन भएको वर्तमान सरकारले मुलुकमा लोकतन्त्रपछि पहिलो पटक कर्फ्युको घोषणा नेपालगन्जमा गर्नु परेको छ । माओवादी द्वन्द्वका बेला पनि प्रशासनले नेपालगन्जमा दिउँसै कर्फ्यु लगाएको थियो ।

बन्दको भोलिपल्ट भनाभन र कुटपिटपछि सुरु भएको झडप एकापसमा आक्रमण तथा एक-अर्काका सम्पत्तिमाथि आक्रमण गर्ने अवस्थामा पुग्यो । आपसी दंगामा दुवै पक्ष भनेर चिनिने व्यक्तिहरूका घर, पसल, होटल तथा मोटरसाइकल लगायत अन्य सम्पत्तिहरूमा आक्रमण भएको छ । जिल्ला प्रशासन कार्यालयले क्षतिको पूर्ण विवरण प्राप्त गर्न नसकेको जनाए पनि स्थानीय बासिन्दाहरूले दुई दर्जनभन्दा बढी घर, पसल तथा होटेलमा आक्रमण हुनुको साथै एक दर्जन मोटरसाइकल लगायतका सवारीसाधनहरू जलेको बताएका छन् । हिंसामा ओर्लिएका समूहले शैक्षिक संस्था र स्वास्थ्य केन्द्रहरूमा पनि आक्रमणको प्रयास गरेका थिए । करिब १ लाख जनसंख्या रहेको नेपालगन्जमा मधेसी, मुस्लिम र पहाडी मूलका जातजातिका संख्या झन्डै बराबरी अवस्थामा रहेको बताइन्छ । नेपालगन्जमा भएको तनावका कारण विद्यालय, सरकारी तथा गैरसरकारी कार्यालयहरू बन्द रहेका छन् ।

यसैबीच नेपालगन्ज घटनाको छानबिनको लागि पुनरावेदन अदालत बुटवलका न्यायाधीश पुरुषोत्तम पराजुलीको संयोजकत्वमा तीनसदस्यीय न्यायिक छानबिन समिति गठन गरिएको छ । उक्त समितिले १५ दिनभित्र प्रतिवेदन पेस गर्ने बताइएको छ ।

### पत्रकारका मोटरसाइकल पनि जलाइए

आपसी झडपमा नेपालगन्जमा कार्यरत पत्रकारका मोटरसाइकल पनि जलाइएका छन् । आन्दोलनकारीहरूले स्थानीय पत्रकार सम थापाको रोकिराखेको मोटरसाइकल जलाइदिएका छन् । थापाका अनुसार स्थानीय सत्यपत्र दैनिकको कार्यालयअगाडि रोकी राखेको उक्त मोटरसाइकल जलाइएको थियो । ■



## तनावग्रस्त लुम्बिनी

**नवलपरासीमा** झन्डै दुई दर्जन गाडीहरू सद्भावना आनन्दीदेवीका कार्यकर्ताले तोडफोड गरेको विरोधमा मजदुरहरू उनीहरूविरुद्ध खनिए र सडकमा उत्रिएर यातायात ठप्प पारे । आक्रोशको आगो अनियन्त्रित बनेपछि सद्भावना नवलपरासीका अध्यक्ष सत्रजीत यादवले सार्वजनिक रुपमा माफी मागेका थिए । प्रशासन, दलहरू, यातायात व्यवसायी र मजदुरहरूबीचको छलफलमा क्षति पुगेका गाडीहरूलाई क्षतिपूर्ति दिने सहमति बनेपछि यातायात सुचारु गर्ने निर्णय भएको थियो ।

त्यसको अर्को दिन अर्को एक मुद्दामा ट्रक मजदुरहरूले हड्ताल थालेका थिए । गत आइतवार नवलपरासीमा आफ्ना सत्रजना सहकर्मी मजदुरहरू कुटिएको विरोधमा उनीहरू यस्तो हड्तालमा उत्रिएका थिए ।

यातायात हड्तालका कारण बुटवलबाट पूर्वपश्चिम राजमार्गहरूमा यातायात ठप्प भएका थिए । मजदुरहरूले जताततै राजमार्गहरूमा ट्रकहरू तेर्स्याएर र टायर बालेर यातायात ठप्प पारेका थिए । उनीहरूले बुटवल धागो कारखाना नजिक रहेको सवारी कर उठाउने ठाँट पनि जलाएका थिए ।

आइतवार राति नवलपरासीको दाउन्नेमा माओवादी र प्रशासनका मान्छेहरूले आफ्ना सहकर्मी मजदुरहरूलाई कुटपिट गरेको जनाउँदै उनीहरू विरोधमा उत्रिएका हुन् । ट्रक व्यवसायीहरूको संस्था पश्चिमाञ्चल यातायात व्यवसायी समितिका कर्मचारी र मजदुरहरूले भारतीय ट्रकहरूको ओभर लोड जाँच गरिरहेका बेला त्यो रात उनीहरूमाथि कुटपिट भएको थियो । कुटपिट गर्नेहरू माओवादी र प्रशासन संरक्षित मान्छेहरू भएको दाबी ट्रक मजदुरहरूले गरेका छन् ।

■ **दीपक ज्ञवाली/बुटवल** (तस्वीर पनि)



तस्वीरहरू : तेजबहादुर बस्नेत

# बल्भियो समस्या

■ सुवास देवकोटा/काठमाडौं

**चौध मुलुकका** लागि राजदूतको नाम सिफारिस गर्ने सरकारको निर्णयबारे माओवादीको विरोध शिथिल भए पनि दोस्रो ठूलो सत्तारुढ घटक एमालेलाई त्यो प्रसंगको विवादले झनै तताउँदै लगेको छ। महासचिव माधवकुमार नेपालको अनुपस्थितिमा पार्टी स्थायी समितिबाट राजदूतको सिफारिस फिर्ता गराउने निर्णय गरेका अमृत बोहोरा र झलनाथ खनाल लगायत नेताहरू अझै आफ्नो निर्णयमा दृढ छन् भने उपप्रधान तथा परराष्ट्रप्रधानमन्त्री केपी ओली सरकारको निर्णय कार्यान्वयनकै निम्ति भएको उल्लेख गर्दै सरकार निर्णयबाट पछि नहट्ने बताउँछन्। प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले पनि राजदूतबारे सिफारिस गर्ने पुस ३ गतेको निर्णय सरकारले नफेर्ने सार्वजनिक गरिसकेका छन्। यद्यपि, सरकारले सिफारिस गरेका नामहरूबारे संसदीय सुनवाइ बाँकी रहेकाले सिफारिस नामहरूले नै राजदूतमा नियुक्ति पाउने-नपाउने टुंगो लागिसकेको छैन।

राजदूतहरूको सिफारिसबारे एमालेमा देखिएको विवादले छिट्टै गठन हुने अन्तरिम सरकारमा एमालेबाट प्रतिनिधित्व गर्ने मन्त्रीहरूबारे पनि तीव्र विवाद हुने स्पष्ट संकेत दिएको छ। पार्टीको निर्णय नभई पार्टीका तर्फबाट राजदूत सिफारिस गरिएको विरोधमा स्थायी समितिको बैठकले एक मतले निर्णय गर्नुले उपप्रधानमन्त्री ओलीलाई अन्तरिम सरकारमा नपठाउने पक्षमा एमाले स्थायी समितिमा स्पष्ट बहुमत पुगेको देखिएको छ। यद्यपि, उक्त बैठकमा उपप्रधानमन्त्री ओली र महासचिव अनुपस्थित रहेकाले दुवै नेताको उपस्थितिमा स्थायी समिति सदस्यहरूको कस्तो भूमिका हुनेबारे अहिले नै अनुमान गर्नु हतार हुनेछ। यसैगरी उपप्रधानमन्त्री ओलीले राजदूतहरूको सिफारिस महासचिव नेपालकै निर्देशनमा गरेको दाबी गरेकाले (हेरौं अन्तर्वार्ता) महासचिव नेपाल उपस्थित हुने स्थायी समितिको बैठकको परिस्थिति भिन्नै हुने पनि निश्चित छ। महासचिवसँगको परामर्श वा महासचिवको निर्देशनलाई पार्टी निर्णयबराबर मानिने एमालेको परम्परा छ।

त्यसो त, माओवादीको कडा विरोधी मानिएका ओलीलाई पार्टीको तर्फबाट सरकारको नेतृत्व गर्ने जिम्मेवारी दिने बेला गत वैशाखमा पनि एमाले स्थायी समितिका अधिकांश सदस्य खुसी थिएनन्। त्यसबेला पनि स्थायी समिति सदस्यहरू झलनाथ खनाल र वामदेव गौतमले सरकारको नेतृत्व गर्न पाउनुपर्ने दाबी गरेका थिए। तर, उनीहरू प्रतिनिधिसभा सदस्य नभएका र प्रतिनिधिसभा सदस्य रहेका स्थायी समितिका अन्य सदस्यहरू प्रधानमन्त्री शेरबहादुर देउवा सरकारमा मन्त्री भएकाले ओलीलाई पार्टीका तर्फबाट सरकारको नेतृत्व गर्ने जिम्मेवारी दिएको बताइएको थियो। स्रोतहरू, अन्तरिम सरकारमा पार्टीका मन्त्रीहरूको नेतृत्व गर्न खनाल, गौतम, अमृत बोहोरा र भरतमोहन अधिकारी इच्छुक रहेको बताउँछन्।

## एमाले बैठकको निर्णय

राजदूतहरूको नामको सिफारिस गर्ने

मन्त्रिपरिषद्को पुस ३ गतेको निर्णयविरुद्ध माओवादीले ४ गते नै नेपाल बन्द आयोजना गऱ्यो भने एमालेको औपचारिक विरोध पुस ६ गतेपछि मात्र सार्वजनिक भयो। पुस ६ गते कार्यवाहक महासचिव अमृत बोहोराको अध्यक्षतामा स्थायी समिति बैठक हुनु केही घन्टाअघि मात्र महासचिव नेपाल डेमोक्रेटिक फोरम फर नेपालको कार्यक्रमका लागि अस्ट्रिया उडेका थिए। महासचिव नेपाल विदेश उड्नासाथ बैठक बोलाइएको उल्लेख गर्दै उपप्रधानमन्त्री ओलीले बैठकमा सहभागिता जनाउन अस्वीकार गरेको स्रोत बताउँछ। कार्यवाहक महासचिव बोहोराको नेतृत्वमा खनाल र भरतमोहन अधिकारीको टोलीले पुस ८ गते प्रधानमन्त्री कोइरालालाई भेटेर राजदूतहरूको सिफारिस गर्ने निर्णय सरकारले फिर्ता गर्नुपर्ने पार्टीको निर्णय जानकारी गराएका थिए।

राजदूतहरूको नाम सिफारिस गर्ने निर्णयको विरोधमा पार्टी लाग्नुमा कार्यवाहक महासचिव बोहोरा 'जनआन्दोलन विरोधीहरूको नाम हुनु' प्रमुख कारण बताउँछन्। त्यसैगरी उनी 'पार्टीमा निर्णय नगरी नाम सिफारिस गर्नु' विरोध गर्नुको अर्को कारण रहेको उल्लेख गर्छन्। अर्का नेता खनालको विचार पनि कार्यवाहक महासचिव बोहोराको जस्तै छ। 'मुख्यगरी प्रतिकूल विन्दुमा सबैसँग सहमति अघि बढेका बेला यो निर्णय ठिक निर्णय भएन भन्ने हाम्रो भनाइ हो। हाम्रो तर्फबाट राजदूत बनेकाहरूको विषयमा संस्थागत प्रक्रिया भएन भन्ने पनि अर्को प्रमुख विषय हो', खनालको भनाइ छ।

राजदूतमा पठाइने नामबारे पार्टीमा छलफल र निर्णय नै भएन त ? 'बैठकमा चर्चासम्म चलेको हो', खनालको भनाइ छ, 'तर, चर्चा चल्नुलाई पार्टीको निर्णय मान्न सकिँदैन।' उपप्रधानमन्त्री ओली पनि पार्टीको कुनै कमिटीले निर्णय नै गरेको दाबी गर्दैनन्। 'स्थायी समिति बैठकमा पटक पटक छलफल र परामर्श भएको हो', ओली भन्छन्, 'महासचिवको निर्देशनमै मैले सबै काम गरेको हुँ।' गत दुई महिनाअघि पनि उपप्रधानमन्त्री ओलीले प्रधानमन्त्रीलाई राजदूतहरूको नाम पठाइएको सञ्चारमाध्यमहरूमार्फत सार्वजनिक गरेका थिए। त्यस बेला पनि अहिले सरकारले सिफारिस गरेका नामहरू नै सार्वजनिक भएका थिए।

### टंक कार्की पक्षधर दंग

राजदूत सिफारिस प्रकरणले एमाले नेताहरू विवादित बनेका बेला एमाले सम्बद्ध युवाहरूचाहिँ पूर्व विद्यार्थी नेता टंक कार्कीलाई चीनको राजदूतका लागि सिफारिस गरिएकोमा दंग छन्। २०३५ देखि २०४० सालसम्म तत्कालीन माले सम्बद्ध अनेरास्ववियुको नेतृत्व गरेका कार्की अहिले एमाले सम्बद्ध पूर्व विद्यार्थी नेताहरूको 'भूपू विद्यार्थी काउन्सिल'को अध्यक्ष छन्। २०३९ सालमा सिपी मैनालीको पक्ष लिएका कारण लामो समय पार्टी नेतृत्वबाट हेला गरिएका कार्की एमालेमा नेतृत्वबाट पीडित कार्यकर्ताको प्रतीक नै मानिन्छन्। २०३९ मा तत्कालीन मालेमा मैनालीलाई महासचिवबाट पदच्युत गरेपछि झलनाथ खनाल २०४६ सम्म महासचिव रहेका थिए।

कार्कीलाई चीनको राजदूत बनाउन एमालेका सबै नेताका पक्षधर युवाहरूले लामो प्रयास गरेका थिए। गत असारदेखि कार्कीलाई राजदूत बनाउन सुरु गरिएको अभियानमा शंकर पोखेल, घनश्याम भुषाल, अरुण नेपाल, राजन भट्टराई, योगेश भट्टराई, भानुभक्त ढकाल लगायत युवा नेताहरू सहभागी थिए। एमाले उपत्यका समन्वय समितिका सचिव तथा अनेरास्ववियुका पूर्व अध्यक्ष योगेश भट्टराई भन्छन्, 'टंक कार्कीलाई चीनको राजदूत बनाउन हामी नेताहरूकोमा डेलिगेसन गएका थियौं, उहाँको पक्षमा निर्णय भएकोमा हामी सन्तुष्ट छौं।' एमाले विदेश

## 'पार्टी निर्णय विपरीत बोल्ने काम भएको छ'

**■ केपी ओली, उपप्रधान एवं परराष्ट्रमन्त्री तथा एमाले स्थायी समिति सदस्य**



**राजदूत सिफारिसको निर्णयमा सरकार अझै अडिग छ ?**

(हाँस्दै) नियुक्त गर्ने निर्णय सरकारले गरेको हो नि।

**माओवादी र एमालेको विरोधपछि पनि ?**

ती विरोधका पछि कारण अरू नै छन्, तिनमा म जान चाहन्नँ। निर्विवाद काम कुरा नेपालमा केही हुन सक्दैनन्।

**सरकारमा नभएकाले माओवादीको विरोधलाई त बुझ्न सकिन्छ, तर एमालेको औपचारिक विरोधलाई के भन्नुहुन्छ ?**

साथीहरूले (एमाले नेताहरूले) मसँग एक वचन सोधेका छैनन्। मैले यसबारे हल्लाचाहिँ सुनेको छु। हल्लाको भरमा केही टिप्पणी गर्नुभन्दा (नेताहरूसँग) कुरै होला नि।

**पार्टी नेताहरूले आफूसँग कुरा गर्लान् भन्ने अपेक्षा गर्नुभएको छ ?**

अपेक्षा गरेको होइन, कुरा भएको छैन मात्र भनेको हो।

**एमालेबाट राजदूत बनेका नामहरूबारे पार्टीमा छलफल-निर्णय भएको थियो कि थिएन ?**

अहिले सरकारमा सात दल छन्। सबै दलले आफ्ना निर्णय लिएर जाने कुरा हुँदैन। सबैले निर्णय गर्ने र त्यसबाट पछि नहट्ने हो भने के हुन्छ स्थिति ? यो सहमतिसाथ चलाउनुपर्ने सरकार हो। अहिले सहमति खोज्ने र प्राप्त गर्ने प्रयास भएको छ। तर, निर्णयअघि परामर्श र छलफलहरू भएका हुन्। स्थायी समितिमा पनि छलफल भएको हो। महासचिवको सहमति, स्वीकृति र निर्देशनमै सबै भएको हो। म स्थायी समितिको सदस्यको हैसियतले जानकारी गराउने, परामर्श गर्ने र निर्देशन लिने ठाउँ भनेको महासचिव नै हो।

**राजदूतबारेको विवादलाई अन्तरिम सरकारमा पार्टीबाट मन्त्री बन्ने-बनाउने प्रयाससँग पनि जोडेर हेर्न चाहनुहुन्छ ?**

विवाद जे विषयमा देखाइयो त्यही विषयमा विवाद हो र त्यतिकै सरल कुरामा हो भन्ने म ठान्दिनँ। किनभने जतिबेला मैले यो जिम्मेवारी लिएँ, त्यसै बेलादेखि साथीहरूको विरोध र असहयोग सुरु भएको हो। मप्रति उहाँहरूको विरोध लगातार जारी छ। यो विरोध पनि त्यही सिलसिलाको पछिल्लो कडी मात्र हो। राजदूत नियुक्ति नगर्दासम्म गरेन, नालायक, यति पनि गर्न नसक्ने भनेर आलोचना भयो। गरेपछि किन गरियो भन्ने सुरु भइहाल्यो।

**राजदूतबारे तपाईंविरुद्ध स्थायी समितिमा बहुमत बनेका देखिएकाले तपाईंलाई अन्तरिम सरकारमा पार्टीले नपठाउने सम्भावना कत्तिको छ ?**

पहिले सरकारमा जान दिनुहुँदैन भन्ने थियो। त्यसपछि फिर्ता बोलाउनुपर्छ भन्ने रह्यो। मलाई फेर्नुपर्छ भन्ने अभियान पनि अहिलेको मात्र होइन। अर्जुनले रूख नदेखेर चराको आँखो मात्र देखे जस्तो उहाँहरूले एउटै कुरा मात्र देखिरहनुभएको छ। के देखिरहनुभएको छ, मैले भन्नु पर्दैन। तर, पार्टी निर्णयअनुसार उहाँहरूबाट बोल्ने काम भएको छैन। उहाँहरूबाट पार्टी निर्णयभन्दा विपरीत बोल्ने काम भएका छन्। मसँग एक वचन नसोधी र परामर्श नलिई धुमधामसँग डेलिगेसन जाने, निर्णय अवगत गराउँदै कुद्ने तथा तमासा गर्ने प्रयासप्रति मेरो भन्नु केही छैन।

**तपाईंको विपक्षमा स्थायी समितिमा बहुमत त देखियो नि हैन ?**

त्यसबारे म अहिले टिप्पणी गर्न चाहन्नँ। संस्थाका नाममा पनि कहिलेकाहीँ बेठीक निर्णय हुन सक्छन्। निर्णयहरू भावावेशमा हुन सक्छन्। असल मनशायकै साथ निर्णय गर्दा पनि कहिलेकाहीँ असल परिणति नदिने काम हुनसक्छन्। त्यसप्रति पार्टी सचेत छ। पार्टी त अहिले पनि छँदै छ।

**महासचिव माधवकुमार नेपाल स्वदेश आइसकेपछि स्थायी समितिको निर्णयबारे पुनर्विचार हुन्छ कि हुँदैन ?**

मलाई त्यसबारे त्यति ठूलो चिन्ता र सरोकार छैन। राजदूत सिफारिसबारे कुरा हुँदा मैले आफ्नो कुरा राख्ने मात्र हो।


## कर्मचारीको बाध्यता

राजदूत नियुक्तिका निम्ति सिफारिस गर्ने सरकारको निर्णयको विरोध भए पनि यो सिफारिसलाई स्वीकार्य अनुपातको मानिएको छ । १४ राजदूतमध्ये धेरै राजनीतिक क्षेत्रका भए पनि प्रशासनिक क्षेत्रबाट पनि चारजनाले मौका पाएका छन् । प्रशासनिक क्षेत्रबाट न्युयोर्कका लागि दिनेश भट्टराई, बंगलादेशका लागि प्रदीप खतिवडा, बेलायतका लागि भगीरथ बस्नेत र रूसका लागि सूर्यकिरण गुरुङ छन् । एमालेको कोटाबाट बर्माका लागि सिफारिस भएकी गुणलक्ष्मी शर्मा विक पनि कर्मचारी नै हुन् ।


कर्मचारीबाट राजदूतमा सिफारिस गरिएका बस्नेतले माघ १९ पछि राजाको कदमको पक्षमा बंगलादेशमा लेख छपाएको आरोप लागे पनि त्यसलाई कर्मचारीहरूको तत्कालीन बाध्यता मानिएको छ । तत्कालीन परराष्ट्रमन्त्री रमेशनाथ पाण्डेले त्यसबेला सबै राजदूत र कूटनीतिक क्षेत्रमा कार्यरत कर्मचारी पृष्ठभूमिकाहरूलाई राजाको समर्थनमा सार्वजनिक हुन बाध्य बनाएको स्रोतहरू बताउँछन् । अहिले परराष्ट्र बनाइन लागेका ज्ञानचन्द्र आचार्यले पनि त्यसबेला राजाको पक्षमा सार्वजनिक अभिव्यक्ति दिएको प्रमाण रहेको उनीहरू उल्लेख गर्छन् । तत्कालीन व्यवस्थाप्रति कर्मचारीहरू प्रतिबद्ध रहनु स्वभाविक भएको मान्यतामा प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला र उपप्रधानमन्त्री केपी ओली दृढ रहेको पनि ती स्रोतहरू दाबी गर्छन् ।

विभागका सचिव तथा अनेरास्ववियुका पूर्व सचिव राजन भट्टराई पनि कार्कीलाई राजदूत बनाउनु इतिहासको सम्मान भएको उल्लेख गर्दै भन्छन्, 'टंक कार्कीको पक्षमा भएको निर्णयले कुनै समय ओझेलमा परे पनि राजनीतिकर्मीले एक दिन सम्मान पाउने रहेछन् भन्ने प्रमाणित भएको छ ।' तत्कालीन अनेरास्ववियुलाई चीन पक्षधर विद्यार्थी संगठनका रुपमा प्रचार गरिन्थ्यो ।

तर, एमालेकै केही नेताहरूचाहिँ राजदूत सिफारिस प्रकरणमा विवाद आउनुमा टंक कार्की र मिलन तुलाधरलाई चीनको राजदूत बनाउने नेताहरूबीचको फरक मत प्रमुख कारण रहेको दाबी गर्छन् । उनीहरूका अनुसार स्थायी समिति सदस्यहरू बोहोरा र खनाल र ईश्वर पोखेल अन्तर्राष्ट्रिय संस्था 'इसिमोड'का प्रशासनिक निर्देशक तुलाधरलाई चीनका लागि राजदूत बनाउनुपर्ने पक्षमा थिए भने महासचिव नेपाल र ओलीले कार्कीलाई नै चीनको राजदूतमा सिफारिस गर्ने अडान राखेका थिए । एमालेकै अर्को स्रोतचाहिँ, गणेश योन्जन, गुणलक्ष्मी शर्मा बिक र हमिद अन्सारीबारे बोहोरा र खनालपक्षीय नेताहरूले सहमति नदिएको बताउँछ । अन्तर्राष्ट्रिय सामाजिक संस्थाहरू 'एक्सन एड' र 'प्लान इन्टरनेसन'मा लामो समय संलग्न रहेका बौद्ध निवासी योन्जन अहिले एमाले काठमाडौं जिल्ला कमिटी सदस्य छन् । २०५२ सालमा एमालेको नौमहिने सरकारका बेला योन्जनलाई जापानकै राजदूत बनाउने प्रयास गरिए पनि अन्तिम बेला विष्णुहरि नेपाललाई बनाइएको थियो । बर्माका लागि राजदूतमा सिफारिस गरिएकी नर्सिङ एसोसिएसनकी पूर्व अध्यक्ष गुणलक्ष्मी सरकारको स्वास्थ्य क्षेत्रको कर्मचारीका रुपमा अहिले पनि क्रियाशील छिन् । यसैगरी साउदी अरबका लागि राजदूतमा सिफारिस गरिएका पूर्व सहायक प्राध्यापक हमिद अन्सारी वीरगन्ज निवासी हुन् । बेल्जियमको राजदूतमा सिफारिस गरिएका प्रमेश हमाल २०५२ सालको एमाले सरकारले संयुक्त राष्ट्रसंघको सहायक प्रतिनिधि बनाएको थियो । ■



# सुन्दर पोखरा



सुर्दशन रञ्जित

■ **मधुसुदन पौडेल, केशव लामिछाने**

**हिउँदले ढपक्कै ढाक्न** आँट्दा अन्नपूर्ण हिमाल हिउँले भरिँदै गएको छ। यही बेला अन्नपूर्णको आँगन फेवाताल किनाराका होटल रेस्टुराँहरूमा पर्यटन व्यवसायीहरू सिँगारपटार, रंगरोगन गरिराखेका छन्। हिउँदको बेला नेपालीको फुर्सदको बेला अन्नपूर्णको आँगन पोखरा सहर तिनै हिउँदे फुर्सदका स्वदेशी-विदेशी पाहुनालाई न्यानो सत्कार दिन आतुर छ।

भ्रमणको रुचि हुनेहरूका लागि घुमेर मन आनन्दित पार्ने स्वदेशभित्रको निर्विकल्प सहर हो, पोखरा। मेचीदेखि कालीसम्मका नेपाली देशभित्रको भ्रमण योजना बनाउँदा पोखरालाई पहिलो नम्बरमै राख्छन्। छ्याङ्ग खुलेको हिमाली शृंखला, तल फेवा ताल अनि लुक्दै लुक्दै बगेकी सेती र पाताले छाँगो। प्राकृतिक छटाहरूको स्पर्शमा लुटपुटिन को चाहँदैन र!

राजनीतिक भूगोलमा पश्चिमाञ्चल भनिए पनि यो देशको ठ्याक्कै मध्यभागमा पर्ने सहर हो। जहाँबाट देशका प्रमुख सहर काँकडभिट्टादेखि विराटनगर धरान, वीरगन्ज, हेटौंडा, नारायणगढ हुँदै बुलवल, दाङ नेपालगन्ज, सुर्खेत, धनगढी र महेन्द्रनगरसम्म सीधै बस सेवा जोडिएको छ।

पोखराले पाएको प्रकृतिको अपार वरदानको वर्णन गरेर साध्य चल्दैन। त्यसमाथि यहाँका भौतिक विकासले पनि सम्पूर्णलाई आकर्षित पार्छ। अझ पर्यटकलाई गरिने न्यायो सत्कारको संस्कृति कुनै नेपालीले भुल्न सक्ने खालको हुँदैन।

काठमाडौंबाट पोखरा आउनका लागि पृथ्वीराजमार्ग र धौलागिरी बस संचालक समितिका सयौं बस छन्। त्यसबाहेक सुविधासम्पन्न यातायातको खोजी गर्नेहरूका लागि हवाइजहाज र पर्यटकीय बसको सेवा पनि छ। चार एयरलाइन्सले काठमाडौं-पोखरा उडान गरिरहेका छन्। एक दर्जन निजी संस्थाले पर्यटकीय बस सेवा संचालन गरेका छन्।

पोखराको विशेषता सफा सुग्घरीपन पनि हो। चिटिक्क परेका सडकमा फोहोरको नामोनिसान भेटिन्न। होटल तथा रेस्टुराँ अन्तर्राष्ट्रियस्तरका छन्। सफासुग्घर कोठामा त्यो पनि तातोपानी व्यवस्थासहितको एट्याच ट्वाइलेट बाथरुम। त्यस्ता कोठाहरू न्यूनतम प्रतिरात २ सयसम्ममा पनि पाइन्छ। क्षेत्रीय होटल संघ पोखराका अध्यक्ष लक्ष्मीबहादुर भट्टराई भन्छन्, 'पोखराकै स्तरका राम्रा र सस्ता होटल कहीँ पनि छैनन्।' एसियामै सर्वोत्कृष्टमध्येको एक मानिएको पाँचतारे फूलबारी रिसोर्टदेखि सर्वसाधारणसम्म बस्न सक्ने होटल छन्, पोखरामा। जिब्रो फड्कारेर खान पाइने थकाली सादा खाना ६० रुपैयाँदेखि ३ सयसम्ममा पाइन्छ। देश-परदेशका थरिथरि स्वाद लिन पनि कुनै धन्धा मान्नु पर्दैन। फूलबारी, सांग्रिला सभा-सम्मेलन र आनन्दले बस्न उपयुक्त छन्, अलिक धेरै पैसा खर्च गर्न सक्नेका लागि। तालपारि रहेको फिस्टेल होस् वा नेपालीका लागि १ हजारभन्दा कम मूल्यमा पाइने बाराही, कान्तिपुर, फेवा प्रिन्स र क्रिष्टल उत्तिकै लोभलाग्दा होटल छन्। यातायात सुविधामा धनी पोखरामा २ हजार ट्याक्सीले सेवा दिइरहेका छन्। माइक्रो र मिनी बसको सेवा पनि सहज छ। भैरहवा, नेपालगन्ज, सिमरा, विराटनगर जस्ता सहरसम्म पनि हवाइसेवा विस्तार हुनुपर्ने खाँचो औंल्याउँछन्, पोखरा पर्यटन परिषद्का अध्यक्ष सुन्दरकुमार श्रेष्ठ।

## हिमाल र तालको मोहनी

पोखराका पर्याय हुन्- हिमाल र ताल। पोखरा ओर्लिने पर्यटकका पहिलो पाइला फेवातालतर्फ लम्किन्छ। शरदऋतुमा ड्यामसाइड पुग्दा माछापुच्छ्रेको प्रतिविम्ब फेवातालमा तैरिरहेको हुन्छ। फेवातालबीचको टापुमा वाराही मन्दिर छ। संसारमा सबैभन्दा नजिक हिमाल भएको सहर हो पोखरा, जहाँबाट केवल २८ माइलको दूरीमा मात्रै लहरै उभिएका छन् हिमाल। तैपनि उतिसारो जाडो भन्नु पर्दैन र कठोर गर्मीको महसुस त गर्नै पर्दैन। कुमारी माछापुच्छ्रे हिमाल पोखराको ट्रेडमार्क बनेको

## फूल फूलबारी



केशव लामिछाने

संसारकै सुन्दर फूलबारी होटलमा पर्यटक खचाखच भरिएका छन् । आफ्नै गल्फकोर्स रहेको फूलबारीमा बितेका दुई महिनायता 'अकुपेन्सी' करिब सय प्रतिशत रहेको म्यानेजर तुल्सी लामिछाने बताउँछन् । सेल्स म्यानेजर पुष्प आचार्य भन्छन्, 'अरू केही महिनाका लागि पनि बुकिङ भइरहेको छ ।' १ सय ६० कोठा रहेको होटलमा अहिले क्यासिनो पनि सञ्चालित छ ।

छ । ८ हजार मिटरभन्दा अग्ला हिमालमध्ये तीनवटा एकै ठाउँबाट देखिने ठाउँ पनि पोखरा मात्रै हो । यहाँबाट धौलागिरी, मनास्लु र अन्नपूर्ण धीत मर्ने गरी हेर्न सकिन्छ । देशकै ठूलो ताल वेगनास पोखरा उपत्यकामै छ । पोखरासँगै जोडिएको लेखनाथ नगरपालिकामा वेगनाससहित रुपा, दिपाङ, खाष्टे, न्युरेनी, मैदी र गुँदे गरी सात ताल छन् । ताल र हिमालसँगै जोडिएर आउने पोखराको अर्को विशेषता हो, चेरापुञ्जी चरित्र, जहाँ सबैभन्दा धेरै पानी पर्छ । पोखराको वर्णन गर्दै पर्यटनकर्मी विश्वशंकर पालिखे भन्छन्, 'पियोर एन्ड पर्फेक्ट पोखरा ।'

### भूमिगत संसार !

आधा दिनमा पनि घुमी साध्य नहुने गुप्तेश्वर गुफा होस् वा चमेरै चमेरा भएको चमेरे गुफा, पोखराका आकर्षण हुन् । महेन्द्र गुफाले यसै पनि नाम कमाएको छ । गुप्तेश्वर गुफाभित्र एउटा मन्दिर पनि छ ।

### डेभिज फल

फेवा तालबाट बगेर आउने पानी केही किलोमिटर पर पुगेपछि एउटा डरलाग्दो खाडलमा हराउँछ । तल जोडले खसेको पानीको बाक्ला कणहरू धेरै माथि आकाशमा आइपुग्छन् । घामसँगको संयोजन मिल्दा त्यहाँ सप्तरंगी इन्द्रधनुष बनेको हुन्छ । त्यही हो डेभिज फल्स । साढे चार दशकअघि एक जोडी फेवाको पानीमा नुहाउँदै गर्दा श्रीमती डेभी पानी हराउने त्यही खोल्सोमा हराएकी थिइन् । तिनैको सम्झनामा पाताले छाँगोको नाम फेरिएर डेभिज फल भएको हो ।

### सराङकोटको सूर्योदय

पोखरा आएर पुग्न छुटाउन नहुने ठाउँ हो, सराङकोट । ५५ सय फिट अग्लो सराङकोटबाट माछापुच्छ्रे नाकैमा ठोक्किन आएझैं लाग्छ । फेवा र सुन्दर सहर पोखराको संगमसँगै नागवेली सेतीको सौन्दर्य यहाँबाट हेर्न भ्याइन्छ । सूर्योदय र सूर्यास्त हेर्न कहलिएको यो डाँडोमा होटल रेस्टुराँहरू पनि छन् ।

### चराझैं आकाशमा

आकाशमा चराझैं उड्ने सपना पूरा गर्न पाइन्छ, पोखरामा । वायुमण्डलमा हावाको तापक्रम घट्न थालेपछि पोखरामा हरेक वर्ष प्याराग्लाइडिङको पारो उक्लिन थाल्छ । प्याराग्लाइडिङमा चंगालाई झैं न कसैले जमिनबाट नियन्त्रण गर्छ न आकाशमा कुनै इन्जिनले । प्याराग्लाइडिङमा आफैं चरा बनेर जता मन लाग्यो त्यतै उड्न पाएको अनुभव सुनाउँछिन्, दीक्षिता गुरुङ । संसारका प्रख्यात पत्रिकाले पोखरा प्याराग्लाइडिङका लागि विश्वकै उत्कृष्ट पाँच स्थानमध्ये एक भएको बताउँदै आएका छन् । प्याराग्लाइडिङ पाइलट बेलायती नागरिक एडम हिल भन्छन्, 'प्याराग्लाइडिङबाट सुन्दर दृश्य हेर्न पाइने ठाउँमा त पोखरा विश्वकै





**About Sunrise Paragliding**

As the only licensed paragliding company in Nepal, we have been working closely with the Nepalese Civil Aviation and Nepal Airsports Association to promote paragliding as a major sport in the country. With 9 years experience of flying the Annapurna region we are unrivalled in our knowledge of the conditions, sites and culture of the area.

Our head office is in Pokhara, the beautiful lakeside town 150km west of Kathmandu, the capital of Nepal. Located in a broad valley at an altitude of 800m, the reliable climate of this region allows consistent and friendly conditions for the paraglider pilot. It is not surprising that in a few short years Pokhara has gained the reputation amongest pilots from around the globe as flying heaven.

Our most popular of flights, gives you the opportunity to fly from Sarangkot, the stunning view-point 2000ft. above Lakeside, Pokhara. A 20 min jeep ride brings us to our launch site. From here we can see 3 of the highest mountains in the world. Dhaulagiri, Annapurna, Manasalu, all over 8000m. We offer 3 types of tandem flight from here.

**Phewa Tal View :** In the morning and late afternoon these 15min flights give you a taste of uppowered flight, taking you over Pokhara lake and then landing by a Lakeside bar.

**Cloud buster :** This midday flight gives you the thrill of high flight as we thermal up above Sarangkot in the company of eagles and vultures, 30-40min. We land by the lake.

**Cross-country :** This offers you the chance to experience flying from one valley to another. Using thermals, clouds and birds to guide us, we take you on an unforgettable journey north of Pokhara towards the big mountains. 1-1.5 hours.

**Head Office :**
P.O. Box: 125, Lakeside, Pokhara, Nepal,
Tel: (+977) 61 521174, 531869, Fax: (+977) 61 522810
Email : sunrise@fewanet.com.np, sunrise@nepal-paragliding.com
www. nepal-paragliding.com
**Kathmandu Office**
Thamel, Kathmandu,Tel: (+977) 1 4255717



सुदर्शन रञ्जित

## पोखराको गाइडबुक




नेपाली पर्यटक लक्षित गरेर पत्रकार अमृत भादगाउँलेले पोखराको गाइडबुक लेखेका छन्। 'प्यारो पोखरा' नै नेपाली भाषाको पहिलो गाइड बुक हो। पोखरा आएर कहाँ घुम्ने जस्ता जानकारी त छँदै छन्, पोखराको प्रकृति, संस्कृति र भूगोल पनि समेटिएको छ।

एक नम्बरमा पर्छ।' विश्वप्रसिद्ध टाइम म्यागेजिनले आवरण कथा नै बनाएर छापेको एसियाका उत्कृष्ट पर्यटकीय क्षेत्रमा नेपालका दुई स्थान परेकोमा त्यसभित्र परेको थियो, पोखराको प्याराग्लाइडिङ। एघार वर्षदेखि सनराइज प्याराग्लाइडिङले पोखरामा उडान सुरु गरेको हो। प्याराग्लाइडिङमार्फत माछापुच्छ्रेसम्म पुग्नेहरू पनि हुन्छन्। पाल्पाको तानसेनबाट पोखरा र पोखराबाट लमजुङको वेसीसहरसम्म उडेरै पुगेको अनुभव छ, सनराइज प्याराग्लाइडिङका संचालक राजेश वम्जनसँग। उनको भनाइमा प्रतिदिन ४ सय ३५ किलोमिटरसम्म उडेको विश्व रेकर्ड छ। नागरिक उड्डयन प्राधिकरणले भने पोखराको पनि निश्चित आकाशमा मात्रै उड्ने अनुमति दिएको छ।

### पदयात्राका गन्तव्य

विश्वमा पदयात्रा नेपालबाट सुरु भएको हो। जसका प्रणेता बेलायती नागरिक कर्णेल रोबर्ट र झलक थापा हुन्। नेपालमा पनि पदयात्राका लागि पोखरा र सेरोफेरो प्रसिद्ध छन्। पोखराबाट १५ किलोमिटरको मोटरबाटो पछि एक घन्टाको पदयात्रामा धम्पुस पुग्न सकिन्छ। यो गुरुङ बस्ती हो। हिमालको प्यानोरोमिक भ्यु र सूर्योदय हेर्न प्रख्यात छ, यो गाउँ। मौलिक गुरुङ गाउँ घान्द्रुक पुग्न पोखराबाट ४२ किलोमिटरको मोटरयात्रापछि ५ घन्टा हिँड्नुपर्छ। म्याग्दीको घोरेपानी पुनहिन पुग्न पनि त्यति नै दूरी छ। यी दुई गाउँका लागि तीन दिन छुट्याउनु राम्रो हुन्छ। घोरेपानी मगर बस्ती हो। धम्पुस, घान्द्रुक र घोरेपानीमा सुविधापूर्ण होटल छन्। सात दिनको फुर्सद मिलाउन सके अन्नपूर्ण र माछापुच्छ्रे हिमालको आधारशिविर पुग्न सकिन्छ। यसका लागि प्रतिव्यक्ति ५ हजारको बजेट छुट्याउनु राम्रो हुन्छ। पदयात्राका लागि विश्वमै नाम कमाएको २१ दिने राउन्ड अन्नपूर्णको पदयात्रामा निस्किन सके मनाङ र मुस्ताङलाई चुम्न सकिन्छ।


### पोखरा आउने एयरलाइन्स

यती एयरलाइन्स
नेपाल वायुसेवा निगम
गोर्खा एयरलाइन्स
बुद्ध एयरलाइन्स

### पर्यटकीय बसहरू

ग्रिनलाइन टुर्स एन्ड ट्राभल्स
गोल्डेन टुर्स एन्ड ट्राभल्स
स्विस टुर्स एन्ड ट्राभल्स
सन्नी टुर्स एन्ड ट्राभल्स
लोयल टुर्स एन्ड ट्राभल्स
ब्लुस्काई टुर्स एन्ड ट्राभल्स
सम्राट टुर्स एन्ड ट्राभल्स
ग्रे हर्न टुर्स एन्ड ट्राभल्स
वर्ल्ड वाइड टुर्स एन्ड ट्राभल्स
रोयल सफारी टुर्स एन्ड ट्राभल्स
ओपन हार्ट टुर्स एन्ड ट्राभल्स


FINEST LODGE IN POKHARA



Close to Nature

Base Camp Resort

Lakeside, Pokhara-6, Nepal, Tel : 977-61-522949, 523653, 527058,
Fax: 977-61-520903, E-mail: basecamppkr@wlink.com.np,
Web : http://www.basecampresort.com
Kathmandu,Tel/Fax: 977-1-4216598, Mobile : 9851072270







# स्वदेशीको पर्खाइमा

तस्वीर : मोहन बिष्ट

**जाडोको मौसममा** भ्रमणमा निस्कनेका लागि चितवनको सौरहा उत्कृष्ट गन्तव्य हो । जाडो बिदा मनाउँदै गरेका कर्मचारी, शिक्षक, विद्यार्थी, चिसो छल्न काठमाडौं र पोखराबाट तराई झर्न चाहने पारखीका लागि सौरहा ज्यादै लोकप्रिय बन्दै गएको छ । मधुमास मनाउँदै गरेका नवजोडी मात्रै होइन, उमेर छिप्पिएका जोडीहरू पनि एकपटक सौरहाको आनन्द लिन चाहन्छन् । 'जंगल सफारी' र विश्वका दुर्लभ वन्यजन्तु अवलोकनका लागि विश्वभरका पर्यटकको आकर्षक गन्तव्य बनिरहेको सौरहामा अहिले आन्तरिक पर्यटकको पनि घुइँचो लाग्न थालेको छ । आन्तरिक पर्यटकको स्वागतमा उत्तिकै रमाउने यहाँका पर्यटन व्यवसायीको आतिथ्य सत्कारका कारण पनि सौरहा घुम्न निस्किन चाहने नेपालीको रोजाइ बनिरहेको छ ।

## सौरहाको ख्याति

विश्व सम्पदा सूचीमा सूचीकृत चितवन राष्ट्रिय निकुञ्ज विश्वमा दुर्लभ एकसिंगे गैंडाका लागि प्रख्यात छ । पछिल्लो गणनाअनुसार यहाँ गैंडाको संख्या ३७२ रहेको छ । तर, गैंडा मारिने क्रम नरोकिँदा दुर्लभ जनावर थप संकटतर्फ धकेलिएको त छ नै, सौरहाको पर्यटन उद्योगमा पनि प्रभाव पर्न सक्ने देखिन्छ । यो निकुञ्ज अर्को दुर्लभ जनावर बाघको वासस्थानका रुपमा पनि अन्तर्राष्ट्रियस्तरमा प्रख्यात छ । गौरी गाई, भालु, चित्तल, हरिण, बँदेल लगायतका ५० जातका स्तनधारी, ५२६ जातका चरा, ४९ जातका उभयचर र घस्रेर हिँड्ने प्राणी तथा ६ सयभन्दा बढी जातका बोटबिरुवाबाट निकुञ्ज समृद्ध बनेको छ । यिनै प्राकृतिक छटा, वन्यजन्तु, चराचुरुंगीको आनन्द लिन विश्वभरका पर्यटक चितवन आइपुग्छन् । अद्वितीय प्राकृतिक सम्पदाले भरिपूर्ण यो क्षेत्र नेपालीका लागि पनि उत्तिकै लोभलाग्दो छ ।

मुलुकमा शान्ति स्थापनासँगै सौरहा पुग्ने आन्तरिक पर्यटकको संख्यामा पनि व्यापक वृद्धि भएको छ । राष्ट्रिय निकुञ्जका अनुसार मंसिरमा मात्रै सौरहा पुग्ने आन्तरिक पर्यटकको संख्या दुई हजारभन्दा बढी पुगेको छ भने कात्तिकमा यो संख्या २४ सयभन्दा बढी छ । यसले पनि सौरहाप्रति बढ्दै गएको नेपालीको आकर्षणलाई देखाएको छ । निकुञ्ज अधिकारीहरूका अनुसार सौरहा पुगेर पनि निकुञ्ज नजाने नेपालीको तथ्यांक यसमा समेटिएको छैन, जुन संख्या दोब्बर पनि हुन सक्छ ।

### प्याकेजहरू

| होटलको स्तर | दुई दिन/एक रात | तीन दिन/दुई रात |
|---|---|---|
| सुपर डिलक्स | १,२००।- | २,१००।- |
| डिलक्स | १,०००।- | १,७००।- |
| स्ट्यान्डर्ड | ९००।- | १,५००।- |
| बजेट | ८००।- | १,४००।- |

## कसरी पुग्ने सौरहा ?

काठमाडौंबाट सौरहा पुग्न भरतपुरसम्मको हवाई सेवा संचालित छ । यस क्षेत्रमा यती एयरलाइन्स र बुद्ध एयरले अहिले दैनिक दुई-दुई उडान गर्दै आएका छन् । तर, त्यहाँ जाने यात्रीको चाप बढ्नासाथ एयरलाइन्सले उडान संख्या बढाउने गरिएको छ । काठमाडौंको कान्तिपथबाट दैनिक पर्यटकीय बस सौरहाका लागि छुट्दै आएका छन्, सार्वजनिक यातायातका रुपमा माइक्रो बसको सेवा

पनि उपलब्ध छ। पूर्व जाने सार्वजनिक बसबाट पनि रत्ननगर टाँडीस्थित सौरहा गेटमा उत्रिएर रिक्सा, टाँगा र माइक्रो बसबाट सौरहा पुग्न सकिन्छ। राजमार्गबाट सौरहा ६ किलोमिटरभित्र मात्रै पर्छ। होटलसँग अग्रिम सम्पर्कमार्फत जाने पर्यटकलाई लिन सौरहा गेट वा नारायणगढसम्म पनि होटलहरूले गाडी पठाइदिन्छन्।

### होटलका प्याकेज

होटल संघ नेपाल सौरहा च्याप्टरका उपाध्यक्ष हरिभक्त घिमिरेका अनुसार सौरहामा रहेका करिब पाँच दर्जन होटललाई स्तरअनुसार चार वर्गमा विभाजन गरिएको छ। सोहीअनुसार आन्तरिक पर्यटक लक्षित प्याकेज तयार गरिएको छ। पर्यटकको रुचिअनुसार दुई दिन एक रात वा तीन दिन दुई रातका लागि छुट्टाछुट्टै प्याकेज बनाइएका छन्। होटल प्याराडाइजका मार्केटिङ म्यानेजर अमित श्रेष्ठ भन्छन्, 'यी प्याकेज आन्तरिक पर्यटकका लागि बनाइएका हुन्।' जुन प्याकेजअन्तर्गत थारू संस्कृतिको अवलोकन, थारू सांस्कृतिक कार्यक्रम, हात्तीमा चढेर दुर्लभ वन्यजन्तुको अवलोकन, बूढी राप्तीमा ४५ मिनेटको डुंगा सयर, हात्ती प्रजनन केन्द्रको भ्रमण, राप्तीमा सूर्यास्तको दृश्य र चरा अवलोकनसम्मका कार्यक्रम राखिएका छन्। हात्तीमा चढेर गैंडा, मृग, बदेल, जरायो लगायतका जनावरहरूको अवलोकन गर्न पाउनु र हात्तीसँगै राप्ती नदीमा विभिन्न रमाइला खेल खेल्न पाउनु निकै रमाइलो हुन्छ। ■


## सौरहाको आकर्षण, चितवन एडभेन्चर रिसोट




**आन्तरिक पर्यटकको** आतिथ्य सत्कारका लागि सौरहामा चितवन एडभेन्चर रिसोर्टले ख्याति कमाएको छ। रिसोर्टका निर्देशक श्याम महत भन्छन्, 'आन्तरिक पर्यटक हाम्रा निकै महत्त्वपूर्ण पाहुना हुन्, सौरहामा उनीहरूको चाहना पूरा गर्नु हाम्रो कर्तव्य हो।' आकर्षक साज सज्जा, वातानुकूलित कोठा र पर्यटकको रुचिअनुसारका परिकार रिसोर्टमा उपलब्ध छन्। म्यानेजर माधव श्रेष्ठ भन्छन्, 'सकेसम्म सस्तो मूल्यमा आन्तरिक पर्यटकलाई हामीले अधिकतम सेवा उपलब्ध गराउँदै आएका छौं। अग्रिम जानकारी दिएर यो रिसोर्टका लागि हिँडेका पाहुनाको सेवाका लागि रिसोर्टले नारायणगढ, सौरहा चोक वा अन्य आवश्यक ठाउँसम्म गाडीको व्यवस्था मिलाउँदै आएको छ। रिसोर्ट पुगेका पाहुनालाई 'वेलकम ड्रिङ्स'को स्वागतपछि स्थानीय थारू गाउँको भ्रमणमा लगिन्छ। साँझ रिसोर्ट फर्किंदा थारू सांस्कृतिक कार्यक्रम सुरु हुन्छ। 'ब्रेकफास्ट' गरिरहँदा जंगल सफारीमा जान हात्ती लम्किँदै आइपुग्छ। एकसिंगे गैंडा, बाघ, मृग, बदेल, जरायो हेर्दै जंगलको आनन्दायी भ्रमण साँच्चिकै रोमाञ्चक हुन्छ। रिसोर्टले गोही फर्मिङ, हात्ती प्रजनन केन्द्र, राप्ती किनारको सूर्यास्तको दृश्य, बूढी राप्तीको डुंगा खियाइ लगायतका सबै सेवा आन्तरिक पर्यटकका लागि उपलब्ध गराएको छ। आन्तरिक पर्यटकको सेवामा कमाएको ख्यातिका कारण यो रिसोर्टमा ५० प्रतिशत पाहुना नेपाली नै रहने गरेका छन्। निर्देशक महत भन्छन्, 'जाडोको मौसममा नेपाली पाहुनाको संख्या अरू बढ्ने गरेको छ।'










# सबैको तीर्थस्थल

■ दीपक ज्ञवाली/लुम्बिनी


नवनिर्मित मायादेवी मन्दिर

दीपक ज्ञवाली

**भगवान् बुद्धको** जन्मस्थल, विश्व शान्तिको मुहान, लुम्बिनी विश्वभरका बौद्ध धर्मावलम्बीहरूको प्रख्यात तीर्थस्थल हो । आम नेपालीका लागि पनि यो ठाउँ उत्तिकै पवित्र छ । मुलुकभरका नेपाली कम्तीमा एकपटक लुम्बिनी पुग्ने चाहना राख्छन् । अहिले लुम्बिनीमा ओइरिएका आन्तरिक पर्यटकले यही पुष्टि गरिरहेका छन् ।

शान्तिमय वातावरण, मायादेवीको मन्दिर, अध्ययन अनुसन्धानका लागि प्राकृतिक संग्रहालय रहेको विश्व शान्तिको मुहान लुम्बिनी विदेशी पर्यटकका लागि मात्रै नभई नेपालीको पनि गन्तव्य बनिरहेको छ ।

लुम्बिनी क्षेत्रमा प्रवेश गर्दा आनन्द अनुभूति हुन्छ- वरपर तलाउ, तिनै तलाउमाथि तैरिएका कमलका फूलहरू । तलाउको छायाँमा देखिने विश्वप्रसिद्ध मन्दिर र गुम्बा अझै मनमोहक लाग्छन् । लहरै निर्माण भइरहेका नयाँ संरचनाहरू लुम्बिनी आउनेहरूका लागि चाखलाग्दा दृश्य बनिरहेका छन् ।

लुम्बिनीको वरिपरि बुद्धसँग प्रत्यक्ष सम्बन्ध भएका अन्य ठाउँहरू पनि महत्त्वपूर्ण छन् । धार्मिक आस्था बोकेर आउने तीर्थयात्रीका लागि नवलपरासीको देवदह, कपिलवस्तुको तिलौराकोट पनि उत्तिकै महत्त्वपूर्ण छन् । देवदह बुद्धको मावली गाउँ हो ।

पश्चिम नेपालको व्यापारिक केन्द्र बुटवललाई आधार बनाएर पनि यस क्षेत्रका ऐतिहासिक पर्यटकीय स्थलहरूमा पुग्न सकिन्छ । पर्यटकले पायकअनुसार बुटवल, भैरहवा र लुम्बिनीमा रहेका सुविधायुक्त होटलमा विश्राम लिन सक्छन् ।

बुटवलको मणिमुकुन्दको शीतकालीन दरवार ,मणिमुकुन्दसेन पार्क, अंग्रेज सेनालाई पराजित गरेको पुर्खाको गौरव बोकेको जितगढी किल्ला, सिद्धबाबा मन्दिर लगायतका मन्दिर यस क्षेत्रका धार्मिक र ऐतिहासिक महत्त्व बोकेका ठाउँ हुन् । लुम्बिनीको भ्रमणमा आउँदा यी ठाउँ सजिलै पुग्न सकिन्छ ।

लुम्बिनी विकास कोषका सदस्य सचिव रामलाल श्रेष्ठ लुम्बिनीलाई आधार क्षेत्र मानेर वरपरका क्षेत्रहरूमा आन्तरिक पर्यटकहरू प्रशस्त घुम्न सक्ने र प्रशस्त लाभ लिनसक्ने बताउँछन् । बुद्धसँग सम्बन्धित लुम्बिनी पछिका महत्त्वपूर्ण ठाउँ कपिलवस्तुको तिलौराकोट र देवदह हुन् । तिलौराकोटमा बुद्धले २९ वर्ष बिताएका थिए । सदरमुकाम तौलिहवादेखि ३ किलोमिटर उत्तरमा रहेको यो ठाउँ शाक्यवंशीय राजा शुद्धोधनको दरवार र प्राचीन कपिलवस्तुको राजधानी हो । ई.पू. २५१-२४५ मा मगध सम्राट अशोकले यस क्षेत्रको महत्त्व पत्ता लगाएका थिए । कपिलवस्तुको सदरमुकाम तौलिहवादेखि ७ किलोमिटर उत्तरमा रहेको निग्लिहवा एक महत्त्वपूर्ण पर्यटकीय ठाउँ हो । गौतम बुद्ध जन्मेको सातौं दिनमा यहाँ ल्याइएको थियो । त्यस्तै कुदान, असौराकोट, समरहवा, गोटिहवा, जुम्ल्याहा स्तुप, कपिलवस्तु संग्रहालय लगायतका ठाउँहरू ऐतिहासिक महत्त्वका रहेका छन् । विशेष गरी

## प्रमुख होटलहरू

| | |
|---|---|
| लुम्बिनी | हिमालया |
| क्रिष्टल | सन्तनु |
| बुद्धमाया | ग्लास्बो |
| भैरहवा | बुटवल |
| पवन इन्टरनेसनल | सिन्दूर |
| निर्वाण | सिद्धार्थ |
| यती | कन्दरा |
| लाकौल | न्यु इरा |






संस्कृतिको अनुसन्धाताहरूका लागि यी ठाउँले निकै महत्त्व राख्छन् ।

कपिलवस्तुमा हालसम्म ६३ वटा पुरातात्त्विक स्थलको पहिचान भएको छ । तीमध्ये तिलौराकोट, कोहनी, गोरिहवा, कुदान, चेत्रादी लगायतका स्थानहरूको नक्सा पास भई पुरातत्त्वको नाममा दर्ता गरिएका छन् ।

जिल्ला विकास समिति कपिलवस्तुले जिल्लाका सबै बौद्ध तीर्थाटनमा पुग्नका लागि शुद्धोधन चक्रपथको निर्माण अवधारणा अगाडि सारेको छ । स्थानीय लुम्बिनी-कपिलवस्तु बचाउ अभियान नामक गैरसरकारी संस्थाको पहलमा सो अवधारणा अगाडि ल्याइएको हो । यसको निर्माणमा ५ करोड रुपैयाँ खर्च हुने अनुमान गरिएको छ ।

बुद्धसँग सम्बन्धित कपिलवस्तु जस्तै नवलपरासीको सदरमुकाम परासी बजारदेखि ४ किमी दक्षिणमा रामग्राम पनि त्यत्तिकै महत्त्वपूर्ण स्थान हो । नवलपरासीको रामग्राम प्राचीन कोलिया गण राज्यको राजधानी हो ।

रामग्राम स्तुप नजिकै जापानी नागरिक बुसिन काइकेङजीले केही वर्षअघि लुम्बिनी विकास कोषको नाममा जग्गा किनेर बौद्ध स्तुप निर्माण गरेका छन् ।

मायादेवी माइती देवदह जाने क्रममा बुद्ध लुम्बिनीमा जन्मिएका थिए । लुम्बिनीमा बनाइएको मायादेवी मन्दिर यसैको प्रतीक हो । देवदह क्षेत्र विकास केन्द्रका अध्यक्ष नवराज पुरी सरकारले विशेष ध्यान दिएमा पर्यटकलाई थप सुविधा पुऱ्याउन सकिने बताउँछन् ।

लीम्बनी विकास कोषका हरिध्वज राईले आन्तरिक पर्यटकका लागि लुम्बिनीमा स्तरीय सुविधा रहेको जानकारी दिए । धार्मिक उद्देश्यले आएका पर्यटक लुम्बिनीका गुम्बाहरूमा पनि बस्न सक्ने व्यवस्था मिलाइएको छ । कोषका अधिकारीहरू यस क्षेत्रमा रहेका बुद्धसँग सम्बन्धित १ सय ३३ वटा पुरातात्त्विक महत्त्वस्थललाई व्यवस्थित गर्न सकिए पर्यटकको आकर्षण थप बढाउन सकिने धारणा राख्छन् ।

## सजिलो यात्रा

लुम्बिनी जान चाहने पर्यटकका लागि हवाई र स्थल यातायातको सुविधाजन व्यवस्था छ । काठमाडौंबाट यती र बुद्ध एयरबाट भैरहवा पुग्न सकिन्छ । त्यहाँबाट ट्याक्सी वा सार्वजनिक यातायातका साधनमार्फत एक घन्टाभित्र लुम्बिनी पुग्न सकिन्छ । मुलुकका जुनसुकै ठाउँबाट पनि यस क्षेत्रमा पुग्न सार्वजनिक यातायातको राम्रो व्यवस्था छ । काठमाडौं, पोखरा लगायतका ठाउँहरूबाट ट्रावल एजेन्सीहरूले आवश्यकताअनुसारका प्याकेज टुर उपलब्ध गराउँदै आएका छन् । लुम्बिनीमा खाना र बस्नका लागि न्यूनतम मूल्यका होटलहरू पनि छन् भने राम्रो खर्च गर्न सक्नेका लागि स्तरीय पर्यटकीय होटल पनि छन् । कोषका सदस्य सचिव श्रेष्ठ भन्छन्, 'सामान्य नागरिकले पनि लुम्बिनी भ्रमणमा आउन कुनै गाह्रो छैन ।' ■

## मेलामा पर्यटन प्याकेज

बुटवल औद्योगिक व्यापार, कृषि तथा पर्यटन महोत्सवमा पर्यटन प्याकेजले महत्त्व पाएका छन् । पौष १४ देखि २४ सम्म आन्तरिक तथा बाहय पर्यटकहरूका लागि विशेष सुविधाका प्याकेजहरू सञ्चालन गरिनेछन् । यो अवधिभर लुम्बिनी र वरपरका पर्यटकीय क्षेत्रसम्म पुग्ने पर्यटकलाई निःशुल्क यातायातको व्यवस्था गरिनेछ । प्याकेजमा पर्यटकलाई स्वागत, निःशुल्क यातायात, होटलहरूमा सहुलियत दरको खाने र बस्ने व्यवस्था मिलाइएको छ । पर्यटकीय क्षेत्रहरूको प्रचार प्रसार गर्ने र धेरैभन्दा आन्तरिक तथा विदेशी पर्यटकलाई यस क्षेत्रको भ्रमणमा ल्याउने योजना बनाइएको पर्यटन विभागका संयोजक रत्नहरि गौतमले बताएका छन् ।

बेलहिया नाकाबाट नेपाल भित्रिने भारतीय र नेपालका विभिन्न ठाउँबाट यहाँ आउने आन्तरिक पर्यटकमा सकारात्मक प्रभाव पार्ने र दिगो पर्यटन विकास गर्न यस्तो कार्यक्रम अगाडि सारिएका संयोजक गौतम बताउँछन् । मेला आयोजक संयोजक नवराज श्रेष्ठले मेला अवधिभर पर्यटकलाई बुटवल केन्द्रविन्दु रहेका पर्यटकीय स्थलहरूमा पुऱ्याउन छुट्टै विभाग गठन गरिएको जानकारी दिए ।







# तमोरमा बत्तिँदै

**र्‍याफ्टिङ भन्नेबित्तिकै** तपाईं सायद भोटेकोशी, मर्स्याङ्दी वा कालीगण्डकी सम्झनुहुन्छ । तर, अहिले ती नदीहरू बिर्सिनूस्, किनकि त्यहाँको पानी अत्यन्तै चिसो छ । आउनूस् तमोर, जहाँ ठाउँ-ठाउँमा न्यानो घामको स्वाद लिँदै निरन्तर ५ घन्टासम्म र्‍याफ्टिङको मजा लिन सकिन्छ ।

पानीको डरलाग्दो छाल र तीव्र तरंगहरूसँग हुत्तिँदै, पाइला-पाइलामा फेला पर्ने अट्टसमट्टस ढुंगाहरूबाट बच्दै त्रिवेणी पुग्दासम्म र्‍याफ्टिङको आनन्दले शिखर छोइसकेको हुन्छ । त्यहाँबाट अरुण, वरुण, सुनकोशी, दूधकोशी, तामाकोशी र लिखुलाई अँगालोमा च्यापेर दक्षिणतिर दौडिरहेको सप्तकोशीमा पुग्दा र्‍याफ्टिङको आनन्दले अर्कै अध्याय कोर्न सुरु गर्छ ।

सप्तकोशी तमोरजस्तो साँघुरो र चञ्चल छैन । तर, दक्षिणबाट बतास चल्दा सप्तकोशीमा यति डरलाग्दा छाल आउँछन् कि र्‍याफ्ट हाँक्दै गरेका जल पथप्रदर्शकहरू पनि अत्तालिन सक्छन् । तर, डर नमान्नूस्, तमोरमा जस्तो ढुंगाहरू सप्तकोशीमा छैनन् र र्‍याफ्ट पल्टिहाले पनि तपाईं डुब्नुहुन्न, लाइफज्याकेटले बचाउँछ ।

'सप्तकोशी आइपुग्दा मनको डर पनि भागिसकेको हुँदोरहेछ', तमोरमा पहिलोपटक र्‍याफ्टिङको आनन्द उठाएका धरान पर्यटन विकास समितिका सदस्य वासुदेव बरालले भने, 'बेलुकी वराहक्षेत्रको चतरा पुग्दा मलाई त फेरि मूलघाट नै फर्किऊँजस्तो लाग्यो ।'

हो, धनकुटाको मूलघाट, जहाँ धरानबाट गाडी चढेको करिब ढेढ घन्टामै पुग्न सकिन्छ । मूलघाटको पुलमुनिबाट तमोरमा बहन सुरु भएको र्‍याफ्टले चतरासम्मको ३५ किलोमिटर नदीयात्रा पार गर्न करिब ५ घन्टा लाग्छ । बीच-बीचमा ओर्लिंदै नदी किनारमा डुल्नुको मजा लिने हो भने यो आनन्ददायी यात्राको अवधि झन् लम्बिन सक्छ । चतराबाट फेरि धरान आइपुग्न गाडीमा १ घन्टाभन्दा बढी लाग्दैन ।

अठार वर्षदेखि र्‍याफ्टिङ व्यवसायमा संलग्न प्रमोद सुब्बाको अनुभवमा पर्यटकहरू र्‍याफ्टिङका लागि त्यही नदी रोज्छन्, जसको शिरमा पुग्न र पुछारबाट फर्किन एकदमै कम समय लागोस्, तर नदी भने जतिसक्दो लामो होस् । यसैले तमोरको मूलघाटबाट सप्तकोशीको चतराघाट र्‍याफ्टिङका लागि अत्यन्तै उपयुक्त नदी-खण्ड हुनसक्छ । 'र्‍याफ्टिङ गर्नेहरू जे चाहन्छन्, तमोरसँग त्यही छ', सुब्बा भन्छन् ।

सुब्बाकै भनाइमा तमोर र्‍याफ्टिङका लागि प्रख्यात कालीगण्डकी र मर्स्याङ्दीजत्तिकै 'एड्भेन्च्योरस' छ । र्‍याफ्टिङ व्यवसायीहरू नदीको वेग, साघुँरोपन, तरंगको तीव्रता, बीच-बीचमा फेला पर्ने घुम्ती र ढुंगाको संख्याको आधारमा नदीको श्रेणी छुट्याउँछन् । सेतीजस्तो पहिलो श्रेणीको नदीमा कम घुम्ती, ढुंगा भेटिन्छन्, नदीको वेग र छाल पनि खासै डरलाग्दो हुँदैन । श्रेणी जति बढ्छ, र्‍याफ्टिङको रोमाञ्च पनि उत्तिकै माथि चढ्छ ।

त्रिशूली मध्य श्रेणीमा पर्छ । भोटेकोशी, मर्स्याङ्दी र कालीगण्डकी सबैभन्दा 'एड्भेन्च्योरस' नदीहरू हुन् । आठ वर्षदेखि जल पथप्रदर्शकको रुपमा काम गर्दै आएका अमृत गुरुङलाई भने कालीगण्डकी सबैभन्दा डरलाग्दो लाग्छ । 'कालीगण्डकीमा ढुंगामुनिबाट पनि र्‍याफ्ट बग्छ', गुरुङ भन्छन्, 'कहिलेकाहीँ त र्‍याफ्ट नै ढुंगामा अड्किन्छ ।' तमोर पनि लगभग उत्तिकै 'एड्भेन्च्योरस' रहेको गुरुङ बताउँछन् ।

प्रमोद सुब्बाको एक्शन एड्भेन्च्योर कम्पनीले सन् १९९९तिर तमोरमा विदेशी पर्यटकलाई बोलाएर र्‍याफ्टिङ गराएको थियो, तर त्यसले दिगो रुप लिन सकेन । त्यसैले तमोर र्‍याफ्टिङका लागि अझै नवीन रहेको सुब्बा बताउँछन् । 'नवीनरूप पनि तमोरको एउटा आकर्षक पक्ष हो', उनी भन्छन्, 'कालीगण्डकी र मर्स्याङ्दीमा र्‍याफ्टिङ गरेर अघाएका विदेशी पर्यटकलाई पनि तमोरले नौलो स्वाद दिन सक्छ ।'

यसपटक भने अरुण रिभर र्‍याफ्टिङ एन्ड टुर्सले आन्तरिक, खासगरी पूर्वाञ्चलभित्रकै पर्यटकलाई लक्षित गरी तमोरमा र्‍याफ्टिङ सुरु गरेको हो । 'हामी नेपालीले पनि एड्भेन्च्योरप्रति रुचि राखेको हेर्न चाहन्छौं', कम्पनीका सञ्चालक मदन ढकाल भन्छन्, 'शान्ति प्रक्रियाको सुरुवात हाम्रो लागि राम्रो साइत बन्यो ।' र्‍याफ्टिङले आन्तरिक पर्यटन प्रवर्द्धन गर्ने ढकालको विश्वास छ ।

त्यसो त ढकालको कम्पनीसँग र्‍याफ्टिङको छुट्टै प्याकेज पनि छ, जसले विदेशी पर्यटकलाई तान्न सक्छ । धनकुटाको लेगुवाघाटबाट अरुण नदी हुँदै कोशीटप्पुसम्मको दुईदिने र्‍याफ्टिङमा एक रातको क्याम्पिङ पनि छिट्टै सुरु हुँदै छ । तर, नदी किनारमा 'क्याम्प फायर' गरेर राति अबेरसम्म मनोरञ्जन गर्नु, बिहानै चिसो अरुणसँग बत्तिँदै सप्तकोशीमा मिसिनु र दिउँसो कोशी टप्पु पुगेर रङबिरङका चरा अवलोकन गर्नुको रोमाञ्च कम्तीमा अहिलेलाई भने कल्पनामै सीमित छ ।

■ **ओमआस्था राई/मूलघाट (धनकुटा)** (तस्वीर पनि)






खेलकुदमय बनेको दोहा सहर

तस्वीरहरू : एजेन्सी

# सहभागितामै सीमित

**सन् १९५१ मा भारतको नयाँदिल्लीबाट सुरु भएको एसियाडको पुरानो इतिहास र पहिलो एसियाडबाटै सुरु भएको हाम्रो अन्तर्राष्ट्रिय सहभागितालाई मनन गर्दै खेलकुदको ताजा स्थितिलाई मूल्यांकन गर्ने हो भने पनि भन्न सकिन्छ । दोहा एसियाड पनि सहभागितामै सीमित रह्यो, हाम्रो लागि ।**

■ **नवीन अर्याल/दोहा, कतार**

**चौध खेल,** ४९ खेलाडी, पचासभन्दा बढी पदाधिकारी, तीन काँस्य पदक । दोहा एसियाडमा नेपालको स्थिति हो यो । पदकको दृष्टिकोणले दोहा एसियाडलाई सफल संस्करणको रुपमा लिन सक्छ, नेपाली खेलकुदले । तर, खेलाडी सहभागिता र समावेश तथा एसियाडमा नेपाली सहभागिताको ५५ वर्षीय इतिहासलाई कोट्याउने हो भने दोहा एसियाडलाई सफल मान्न सकिँदैन । सन् १९५१ मा भारतको नयाँदिल्लीबाट सुरु भएको एसियाडको पुरानो इतिहास र पहिलो एसियाडबाटै सुरु भएको हाम्रो अन्तर्राष्ट्रिय सहभागितालाई मनन गर्दै खेलकुदको ताजा स्थितिलाई मूल्यांकन गर्ने हो भने पनि भन्न सकिन्छ । दोहा एसियाड पनि सहभागितामै सीमित रह्यो, हाम्रो लागि ।

बाह्र खेल, पूरै असफल रहे । पहिलोपल्ट एसियाडमा समावेश गरिएको चेसमा नेपाली खेलाडीहरूले ऐतिहासिक प्रदर्शन गरे । यद्यपि, यसमा पदकविहीन रह्यो, नेपाल । तर, विलमलाल श्रेष्ठको प्रदर्शन गर्व गर्न योग्य रह्यो । उनले संयुक्त अरब इमिरेट्स (युएई) का ग्रान्ड मास्टर तलिब मुसालाई हराए, जुन नेपाली चेस इतिहासकै सबैभन्दा सफल दिन थियो ।

तेक्वान्दोले फेरि पनि नेपाली खेलकुदको लाज बचायो । सन् १९९४ देखि लगातार पदक जित्दै आइरहेको तेक्वान्दोले यसपालि तीनवटा पदक जित्यो । एक पुरुष खेलाडी र दुई महिला खेलाडीले काँस्य पदक जिते । बुसान एसियाडमा फेदरवेटमा काँस्य पदक जितेका दीपक विष्टले भिन्न तौल समूहमा फेरि पदक जिते । उनी यसपल्ट वेल्टरवेटमा उत्रिए, जसमा काँस्य पदक जित्दै अन्तर्राष्ट्रिय प्रतियोगितामा सबैभन्दा सफल नेपाली खेलाडी बने । यसै वर्षदेखि अन्तर्राष्ट्रिय प्रतियोगितामा 'डेब्यु' गरेका दुई महिला तेक्वान्दो खेलाडी मनिता शाही र आयशा शाक्यले पनि काँस्य पदक जिते । दोहा एसियाडमा तेक्वान्दोतर्फ ४० देशका तीन सय खेलाडीले १६ स्वर्ण पदका लागि प्रतिस्पर्धा गरेका थिए, जसमा नौ नेपाली खेलाडी समावेश थिए । सत्र देशले पदक जिते, जसमा नेपाल एघारौं स्थानमा रह्यो । कराँतेमा दीपक श्रेष्ठबाहेक अन्य खेलाडी अन्तर्राष्ट्रियस्तरका देखिएनन् । दीपक आफ्नै गल्तीले काँस्य पदकबाट वञ्चित भए । उनी मलेसियाका दक्षिण एसियालीमूलका कुनासिलान लकनाथनबाट ५-

दोहा एसियाडको मुख्य खेलस्थल एस्पायर हलको रात्रिकालिन तस्वीर



दोहा एसियाडका पदकधारी तीन तेक्वान्दो खेलाडी बायाँबाट क्रमशः मनिता शाही, दीपक विष्ट र आयशा शाक्य



नवीन अर्याल

४ ले पराजित भए। प्रतिस्पर्धाको अन्तिम मिनेटसम्म ४-१ ले अगाडि रहेका दीपक पछि पराजित भए। उनले सधैँझैं पराजयको दोष रेफ्रीमाथि लगाउन भुलेनन्।

कुल पदक तालिकामा नेपाल पैतीसौं स्थानमा रह्यो। यो एसियाडमा दक्षिण एसियाली राष्ट्रको प्रदर्शनको कुरा गर्ने हो भने भारत, पाकिस्तान र श्रीलंकापछि नेपाल पदक तालिकामा चौथो स्थानमा रह्यो। पाँच महिनाअघि श्रीलंकाको राजधानी कोलम्बोमा भएको दसौं दक्षिण एसियाली खेलकुद प्रतियोगिता (साग)को कुल पदक तालिकाझैं अफगानिस्तान र बंगलादेश १-१ काँस्य पदक जितेर पछाडि रहे।

अन्तर्राष्ट्रिय खेलकुदमा नेपालको स्थान कहाँ छ ? हाम्रो खेलस्तरको विषयमा हरपल जिज्ञासा राख्ने खेलप्रेमी नेपालीहरूका लागि दोहा एसियाड ऐनाझैं छर्लंग बन्न पुगेको छ। नेपाल ओलम्पिक कमिटीका अध्यक्ष रुक्मशम्शेर राणाकै भनाइ उधारो लिने हो भने ओलम्पिकमा भारतको स्थिति जहाँ छ, एसियाडमा नेपालको स्थिति पनि त्यही हो। तर, खेलकुदमा अन्य राष्ट्रहरूको बढ्दो लगानीका कारण आउँदो एसियाड तथा अन्य अन्तर्राष्ट्रिय प्रतियोगिताहरूमा नेपालको प्रदर्शन अहिलेभन्दा पनि खराब रहने खतरा बढेर गएको छ। बुसान एसियाडमा बत्तीसौं स्थानमा रहेको नेपाल यसपालि तीनस्थान पछाडि धकेलिएको छ।

पछिल्लो एसियाडसम्म फितलो प्रदर्शन गर्दै आइरहेका आयोजक कतार, बहराइन, साउदी अरेबिया, कुवेत, युएई, ताजकिस्तान र जोर्डन केही वर्षदेखि खेल क्षेत्रमा राज्यले गर्दै आइरहेको अत्यधिक लगानीका कारण यसपल्ट सफल रहे। तर, नेपाली खेलकुद राज्यको प्राथमिकतामा नै नपर्ने हुँदा दिनहुँ ओझेलमा पर्दै गइरहेको छ। ८० को दशकको अन्त्यतिर र ९० को दशकको सुरुवातसम्म नेपाली मुक्केवाजहरू एसियालीस्तरमै कहलिएका थिए। कराँतेले पनि नेपालको इज्जत राख्दै आइरहेको थियो। तर, सन् २००६ सम्म आइपुग्दा नेपाली मुक्केवाजहरू एसियाडबाट मात्र हराएका छैनन्, दक्षिण एसियामै उनीहरूको अस्तित्व खोज्ने बेला आइसकेको छ। कराँते बुसान एसियाडदेखि नै असफल छ।

सन् १९८६ को सिओल एसियाडमा चार बक्सरले नेपालका लागि काँस्य पदक जितेका थिए, दलबहादुर राना मगर, तुलबहादुर थापा, सुशील पोखरेल र मनोजबहादुर श्रेष्ठ। त्यसको चार वर्षपछि बेइजिङ एसियाडमा नेपाली टोलीको इज्जत धान्ने काम बक्सिङले नै गरेको थियो। चित्रबहादुर गुरुङले नेपालका लागि एकमात्र काँस्य पदक जितेका थिए।

दोहा एसियाडमा एकमात्र बक्सर सुशील घिमिरे सहभागी थिए। उनी आफ्नो तौल समूहमा यति कमजोर देखिए कि नेपाली बक्सिङ विकासको जिम्मा लिएका व्यक्तिहरूले अहिलेदेखि नै यस खेलको उत्थानमा तत्परता नदेखाउने हो भने आउँदो केही एसियाडपछि नेपाली खेलकुदले हकीजस्तै बक्सिङको अस्तित्व खोज्ने बेला नआउला भन्न सकिने स्थिति छैन।

सन् १९९४ को हिरोसिमा एसियाडमा कराँतेतर्फ सीता राईले पहिलो काँस्य पदक जितेकी थिइन्। यसलाई निरन्तरता दिने क्रममा चार वर्षपछि बैंकक एसियाडमा समरबहादुर गोलेले काँस्य पदक जितेका थिए। नेपालले दोहा एसियाडमा ८ कराँते खेलाडीलाई उतारेको थियो। जसमा दीपकलाई छोडेर अन्य सबै खेलाडी फितलो प्रस्तुत भए। राष्ट्रिय खेलकुद परिषद्का सदस्य तथा कराँते मुख्य प्रशिक्षक पुरेन्द्रविक्रम लाखे भन्छन्, 'खेलकुदमा अन्य देशले गरेको लगानी हेर्ने हो र उनीहरूको प्रदर्शनलाई मूल्यांकन गर्ने हो भने हामीले नतिजाको आशा गर्नु नै गलत हुनेछ।'

नेपालमा विगत आठ वर्षदेखि राष्ट्रिय प्रतियोगिता हुन सकेको छैन। यतिमात्र होइन, २०५५ सालमा नेपालगन्जमा चौथो बृहत् राष्ट्रिय खेलकुद आयोजना भएपछि खेलकुदको कुनै ठूलो प्रतियोगिता भएको छैन। दोहा एसियाडमा चीन, दक्षिण कोरिया, जापान र अन्य अरबी देशहरूले खेलकुदलाई राष्ट्रिय प्रतिष्ठाको रुपमा हेरेको परिप्रेक्ष्यमा प्रतियोगिताको अभाव, अभ्यासको अभाव, हचुवाको भरमा छनोट, लामो समयदेखि खेल्दै आइरहेका बूढा खेलाडीहरूबाट नै काम चलाउने नीति र अन्तर्राष्ट्रिय प्रतियोगिताहरूलाई पदकको लागि नभएर अनुभवको रुपमा हेर्ने पुरानै नीति, अन्तर्राष्ट्रिय प्रतियोगिता खेलाडीका लागि



नभएर पदाधिकारीहरूका लागि वनभोज मनाउने अवसर बन्दै जानुले नेपाली खेलकुदको भविष्यलाई सहजै आँकलन गर्न सकिन्छ ।

'अब पनि हामीले नयाँ ढंगले सोचेनौं भने नेपाली खेलकुदको भविष्य अँध्यारो छ', दोहा एसियाडलाई नजिकबाट नियालेका राष्ट्रिय खेलकुद परिषद्का सदस्य-सचिव तथा दोहा एसियाडमा नेपाली टोलीका सेभ द मिसनसमेत रहेका जीवनराम श्रेष्ठ भन्छन् । साँच्चै नै श्रेष्ठले भनेजस्तै अब पनि नेपाली खेलकुद पहिलेझैं लथालिंग तालले चल्ने हो भने आउँदो एसियाडमा पदक तालिकामा नेपालको नाम खोज्नु पर्ने स्थिति नआउला भन्न सकिँदैन । बाह्र वर्षदेखि सफल रहँदै आइरहेको तेक्वान्दोको पदक जित्ने नियम आगामी एसियाडदेखि परिवर्तन हुँदै छ । त्यसमा पनि अरबी देशहरूमा लोकप्रिय हुँदै गइरहेको यो खेल र यस खेलमा अरेबियाली देशहरूले गर्दै आइरहेको ठूलो लगानीले हामी जस्ता देशहरूलाई सोच्न बाध्य बनाएको छ । फेरि अन्तर्राष्ट्रिय तेक्वान्दो महासंघले सेमिफाइनलसम्म पुग्ने खेलाडीहरूलाई पदक बाँड्ने नियम सच्याउँदै अघिल्लो एसियाडदेखि तेस्रो स्थानका लागि पनि खेल्नु पर्ने नयाँ नियम लागू गर्ने भएको छ । यसले अन्ततः बेफाइदा नेपाललाई नै हुनेछ ।

दोहा एसियाडले नेपाली खेलकुदलाई एउटा सन्देशचाहिँ स्पष्ट दिएको छ । यथास्थितिमा नेपाली खेलकुद चल्न सक्दैन । अन्तर्राष्ट्रिय प्रतियोगितामा भाग लिने खेल (पदक भित्र्याउने)हरूको वर्गीकरण

# दोहापछि कहाँ ?



■ सुधीर अर्ज्याल

**दोहामा सम्पन्न** पन्ध्रौं एसियाली खेलकुदमा नेपाली खेलाडीहरूले सीमित साधन र स्रोतलाई बिर्सँदै उत्साहप्रद प्रदर्शन गरे । जसको कारण नेपालले पैतीसौं स्थान प्राप्त गर्‍यो । साधन र स्रोतको अभावले सुटिङ र कराँतेका खेलाडीहरूले भोग्नु परेको दुःख र कष्टका कथा पनि पढ्न पाइयो । एकातिर राष्ट्रिय खेलकुद परिषद् यसमा आफ्नो आर्थिक स्रोतको अभाव रहेको भनेर नेपाल सरकारलाई दोष देखाएर पन्छियो । अर्कोतिर सबैको ध्यान दोहामै भएको बेला त्यसैताका विराटनगरमा सम्पन्न प्रजातान्त्रिक राष्ट्रिय युवा संघको राष्ट्रिय भेलाको मौका छोपी परिषद्ले आफ्नै स्रोतबाट व्यहोर्ने गरी नयाँ कर्मचारीलाई भर्ना एवं काजमा पठाएको तथ्यले परिषद्मा आर्थिक अभाव नभएको पुष्टि गर्‍यो ।

पहिले नै घाम तापेर बसिरहेका कर्मचारीको जमातमा थप कर्मचारीको भर्नाले खेलकुदमा लोकतन्त्र नआएको र हुकुमीतन्त्र कायमै रहेको हो कि भन्ने प्रश्न उब्जिएको छ । साधन र स्रोतको अभाव थिएन भने खेल सामग्री किन समयमा उपलब्ध भएन ? आर्थिक स्रोतको अभाव थियो भने धमिलो पानीमा माछा पार्ने यो प्रयासको जिम्मेवारी कसले लिने ? सबै खेलप्रेमीहरूले परिषद्लाई दोहापछि कहाँ ? भन्ने प्रश्न सोध्ने बेला आएको छ । परिषद्ले नयाँ कर्मचारी भर्ना गर्न फेरि अन्तर्राष्ट्रिय प्रतियोगितालाई कुर्ने कि वर्षौंदेखि जिल्ला, क्षेत्रीय एवं राष्ट्रिय प्रतियोगिताको आशामा केन्द्रलाई नियालिरहेका विषयतिर ध्यान केन्द्रित गर्ने । दोहा एसियाडमा नेपाली खेलाडीहरूको प्रदर्शनको गम्भीर समीक्षा गर्नुको साटो कर्मचारी भर्नाको तितो प्रसंग उठाउनु पर्दा दुःख लाग्नु स्वभाविक हो ।

जहाँसम्म दोहामा नेपालको प्रदर्शनको सवाल छ, त्यो कदापि सन्तोषजनक छैन । विगतमा योभन्दा राम्रो प्रदर्शन नेपालले गरिसकेको परिप्रेक्ष्यमा ३ काँस्यले सन्तोष गर्ने ठाउँ पक्कै रहँदैन । थप दुःख तब लाग्छ, जब दोहा गएका पदाधिकारीहरू एक-अर्कालाई दोष दिएर झारा टार्ने काम गर्दै छन् । प्रश्न ओलम्पिक कमिटी, परिषद् अथवा खेल संघको होइन । मूलभूत प्रश्न भनेको कहिलेसम्म हामी अधुरो तयारीका साथ अन्तर्राष्ट्रिय प्रतियोगितामा भाग लिन जाने भन्ने हो । यस विषयमा अब नेपाल सरकारको पनि ध्यान जानु जरुरी भइसकेको छ । होइन भने खेलकुदका जिम्मेवार पदाधिकारीहरू दोहापछि यसको परिणामबारे गम्भीर मन्थन गर्न छोडेर बहानावाजीमै दिन बिताउन पछाडि पर्नेछैनन् । जगविनाको खेल गतिविधि संचालन गरेर फल लिन हतार गर्ने प्रवृत्तिले खेल क्षेत्र कुनै पनि हालतमा उकालो लाग्न सक्दैन । यसको पुष्टि बैंकक एसियन गेम्समा रजत जितिसकेको नेपालले यसपालि बल्लतल्ल तीनवटा काँस्य पदक मात्र जित्नुले पनि पुष्टि हुन्छ ।

भर्खरै घटेको राजेन्द्र भण्डारी डोपिङ काण्ड, अनि एसियाली खेलकुदमा प्राप्त असफलतामा परिषद्, ओलम्पिक कमिटी एवं संघबीच एक-अर्कालाई औंला देखाउने हतार विगतका शृंखलाका नयाँ कडीहरू मात्र हुन् ।

सीमित साधन र स्रोतबीच खेल विकास गर्ने जिम्मेवारी पाएका पदाधिकारीहरूले आपसमा दोषारोपण गर्नुको साटो मिलेर खेलकुद विकासको लागि दीर्घकालीन नीति ल्याउनु जरुरी छ । अल्पकालीन रुपमा परिषद्लाई कर्मचारी भर्ना गर्ने थलो एवं अन्तर्राष्ट्रिय खेल समारोहलाई भ्रमण गर्ने मेलो भन्ने मानसिकता अब त्याग्नै पर्छ । करिब २ वर्षअघि खास गरी ग्रामीण क्षेत्रका निमुखा वर्गमा अवसरको अभावले छाएको निराशा हटाउन विश्व बैंकको अगुवाइमा 'लौन अब त केही गरौं' भन्ने नाराका साथ उनीहरूलाई उत्पादनमूलक काममा लगाउने योजना प्रस्तावको आह्वान राष्ट्रव्यापीरुपमा गरिएको थियो । सोही नाराअनुरुप ग्रामीण क्षेत्रमा काम गर्ने उत्साह बोकेर स्वयंसेवी संस्थाहरू अगाडि आएका थिए र हाल स्वीकृत परियोजनाहरूमा काम भइरहेको छ । निमुखा र दुर्गम क्षेत्रका बासिन्दाको हैसियत बढाउने यो कार्यक्रमले अवश्य पनि सकारात्मक परिणाम ल्याउने आशा गर्न सकिन्छ । राष्ट्रिय खेलकुद परिषद्ले पनि अहिले मुलुकमा शान्ति छाएको बेला देशभर छरिएर रहेका गैरसरकारी संस्था, निजी क्षेत्र एव स्थानीय निकाय आदिको सहयोगमा त्यस्तै खालको खेलकुद विकासका कार्यक्रम तर्जुमा गर्ने तिर लाग्नु पर्छ अनि मात्र खेलकुदको जग निर्माण गर्न सकिन्छ ।

अहिले परिषद्, संघ एव ओलम्पिक कमिटी स्थापित खेलाडी, सेना, प्रहरी र सशस्त्रमा कार्यरत खेलाडीहरूको भरमा अन्तर्राष्ट्रिय प्रतिस्पर्धामा आशावादी रहेको देखिन्छ । सरकारले दिएको पैसाले केन्द्रमै बोलाएर खेलाडी छनोट गर्ने प्रवृत्ति र अल्पकालीन बन्द प्रशिक्षणको भरमा अन्तर्राष्ट्रिय प्रतियोगितामा पदकको 'च्याखे दाउ' थाप्ने प्रवृत्तिले नेपाली खेलकुदमा अहिले जरो गाडेको देखिन्छ । 'गमलामा फूल फुलाउने' नीति त्यागेर दीर्घकालीन रुपमा खेल विकास गर्ने विकेन्द्रीकृत खेल नीति अवलम्बन गर्नु आवश्यक भइसकेको छ । होइन, कोलम्बो, दोहा र अब बेजिङकै गोल चक्कामा घुमेर खेलकुद चलाउने हो भने भोलि प्राप्त हुने निश्चित असफलताको जिम्मेवारी पनि पदीय दायित्व बोकेकाहरूले लिनु पर्ने हुन्छ ।

नगरी हालका झैं सबै खेललाई समान व्यवहार गरिने हो भने आगामी एसियाडमा पदकको आशा गर्नु मुर्खता हुनेछ। अन्तर्राष्ट्रिय प्रतियोगितामा महिलाहरूको बढ्दो सहभागितालाई नेपाली खेलकुदले आत्मसात गरेको खण्डमा भविष्यमा यसबाट ठूलो फाइदा उठाउन सकिनेछ। किनभने यो एसियाडमा समावेश भएका प्रायः सबै देशका महिला खेलाडीहरूको स्तर समान देखिन्थ्यो, चीनका महिला खेलाडीहरूलाई छोडेर। दोहा एसियाडमा चीनले पदक तालिकामा अन्य राष्ट्रहरूलाई धेरै पछाडि छोड्नुको अर्को ऐतिहासिक पाटो पनि यही थियो। चीनका पुरुष खेलाडीहरूको तुलनामा महिला खेलाडीहरूले २० बढी स्वर्ण पदक जितेका थिए।

दोहा एसियाडमा पैसा भएका अरेबियाली देशहरू पहिलोपल्ट सफल देखिन्थे। यसको मुख्य कारण खेलकुदको विश्वव्यापी सिद्धान्तलाई उनीहरूले आत्मसात गरेको देखिन्थ्यो। उनीहरूले अफ्रिकीमूलका खेलाडीहरूलाई नाम परिवर्तन गराउँदै आफ्नो देशबाट खेल्न प्रोत्साहन गरेका थिए। यसबापत करोडौं रुपैयाँ पनि खर्चिएका थिए, उनीहरूले। यसले नेपाली खेलकुदलाई एउटा पाठ सिकाएको छ। यद्यपि, राज्यको उपेक्षा र पैसाको अभावमा हामी विदेशबाट खेलाडी किन्ने हैसियतमा छैनौं। तर, विदेशमा बसेका नेपालीहरू, जो आफ्नै बलबुताले विभिन्न खेलमा लागेका छन्। उनीहरूमा भएको विशेषताको पहिचान गरी नेपाली खेलकुदमा उनीहरूलाई समाहित गर्न सकिएको खण्डमा यसले केही हदसम्म नेपाली खेलकुदलाई राहत दिने थियो। ■

# बेइमान गल्फ एयर

**काठमाडौंबाट** दोहा जाने विमान सेवाहरूले नेपालीहरूलाई आफ्नो अतिथि नभई कामदारझैं व्यवहार गर्ने गरेका गुनासा बेलाबखत सार्वजनिक नभएका होइनन्। यसको प्रत्यक्ष अनुभव दोहा एसियाड सकेर घर फर्किने क्रममा मस्कट विमानस्थलमा हामीले गर्न पायौं। एसियाड सकेर बहराइन र मस्कट हुँदै काठमाडौं फर्किन लागेका खेलाडी, प्रशिक्षक, पदाधिकारी र पत्रकारहरूको ३९ सदस्यीय टोलीलाई गल्फ एयरले मस्कट विमानस्थलमा विचल्ली मात्र पारेन, उनीहरूको रुखो व्यवहारले दोहामा काम गर्न जाने नेपाली कामदारहरूमाथि हुने गरेको असमान व्यवहारलाई पनि पुष्टि गरेको छ।

दोहाबाट फर्किने क्रममा डिसेम्बर १७ तारिखका दिन रात्रि १२ बजे विमान ढिलो भएको घोषणा गर्दै गल्फ एयरले विमानमा सवार यात्रुहरूलाई होटलको व्यवस्था गरेको थियो, जुन होटलको स्तर निकै कमजोर थियो। मध्य रातमा विमान ढिलो भएको खण्डमा 'पाँचतारे होटल'को सुविधा दिने अन्तर्राष्ट्रिय नियम भए पनि गल्फ एयरले मस्कटको एक साधारण अल सिराए होटल, जसमा सबै यात्रु सुत्ने पर्याप्त कोठा नभए पनि जबरजस्ती राख्ने प्रयास गरेको थियो। गल्फ एयरले होटलका प्रत्येक कोठामा तीनजनाको दरले यात्रु सुताउने प्रयास नगरेको होइन। तर, बुक गरिएका केही कोठामा मात्र होइन, कोठाको शौचालय र स्नानागारमा समेत चुकुल नभएपछि महिला खेलाडीसमेत रहेको नेपाली टोली विमानस्थल फर्किएको थियो।

विमानस्थलमा गल्फ एयरकी एक महिला कर्मचारीलाई आफ्नो असन्तुष्टि जनाउँदा उनले काठमाडौं जाने विमान रद्द भएको हुँदा मस्कटको सबै होटलहरू भरिभराउ भएको र त्यसैले नेपाली टोलीलाई खराब होटलमा राख्नु परेको जवाफ दिइन्।

मस्कटबाट काठमाडौं आउने गल्फ एयरको एउटा विमान रद्द हुँदा मस्कटका राम्रा खाले सबै होटलहरू भरिभराउ भएको विमान कर्मचारीको भनाइ आफैंमा हास्यास्पद भए पनि विमानको खराब व्यवहारका कारण नेपाली टोली पाँच घन्टा मस्कट विमानस्थलको बेन्चमा बिताएको थियो। यसअघि युरोपबाट दोहा हुँदै काठमाडौं आइरहेका यात्रुलाई गल्फ एयरले राम्रो व्यवस्था भएको होटल होलिडे इनमा बसाएको थियो। 'यिनीहरूले हामीलाई कामदार भनेर हेप्ने गर्दछन्', दोहामा ६ वर्ष बिताएर नेपाली टोलीसँगै घर फर्किंदै गरेका एक नेपालीले विमानभित्र भने। उनले महँगो पैसा तिरेर टिकट किने पनि विमान सेवाले आफूहरूमाथि राम्रो व्यवहार नगरेको बताउँछन्। काठमाडौंदेखि दोहासम्म ६ घन्टा लामो विमान यात्राको क्रममा खानाको सुविधा यति कमजोर हुने गर्छ कि गल्फ एयरमा यात्रा गर्ने आम नेपालीहरूले आफू ठगिएको र हेपिएको महसुस गर्ने गर्छन्।

# सहाराको छलाङ



सहारा क्लबको आफ्नै खेल मैदान

तस्बीर : सुदर्शन रञ्जित

**गएको आठ वर्षअघि** स्थापना भएको सहारा क्लब पोखराले आफ्नो खेल मैदान बनाउने भएको छ। क्लबले यसै साता पोखराको दक्षिणस्थित वडा १७ मा अन्तर्राष्ट्रियस्तरको फुटबल मैदान बनाउन पुग्ने २६ रोपनी जग्गा खरिद गरेको छ। यसका लागि क्लबले २८ लाख खर्चेको क्लबका अध्यक्ष विक्रम थकालीले *समय*लाई बताए।

काठमाडौंमा सञ्चालन भइरहेको सहिद स्मारक एन्फा सानमिगेल लिगमा प्रशासनिक क्लबबाहेक अन्य कुनै पनि व्यवसायिक फुटबल क्लबसंग अभ्यासका लागि आफ्नो छुट्टै मैदान नभएको स्थितिमा सहारा क्लबको यो उपलब्धि नेपाली फुटबलकै लागि ऐतिहासिक हो। क्लब अध्यक्ष थकाली भन्छन्, 'यो सबै हाम्रा सहयोगी र शुभेच्छुकहरूको देन हो।' जग्गा खरिदमा क्लबले झन्डै १० लाख ऋण लिएको थकाली बताउँछन्।

नेपालमै पहिलो पटक गैरसरकारीस्तरबाट फुटबल एकेडमी संचालन गर्ने क्लब पनि सहारा नै हो। २०५८ सालको असोज १ गते २० जना बालकहरूलाई निःशुल्क प्रशिक्षण थालेको क्लबले त्यसको तीन वर्षपछि असहायक बालकहरूलाई बसोवास र पठनपाठनको व्यवस्थासहित प्रशिक्षण दिएर फुटबल एकेडमी संचालन गरिरहेको छ। राजधानीबाहिरका क्लबहरूमा सबैभन्दा पहिलो पटक खेलाडीहरूलाई पारिश्रमिकमा अनुबन्ध गरेको थियो, सहारा क्लबले। अहिले क्लबको खर्च मासिक ७० देखि ८० हजार रहेको क्लबले जनाएको छ।

प्रत्येक वर्ष हुँदै आएको आहा गोल्डबाट हुने आम्दानीमध्येबाट खर्च कटाएर बाँकी रहेको रकम जोहो गर्दै क्लबले जग्गा किन्न सकेको जग्गा खरिद समितिका संयोजक तथा क्लबका निवर्तमान अध्यक्ष वसन्त थकाली बताउँछन्। आहा गोल्ड कपको दोस्रो संस्करणबाट १० लाख जम्मा गरेको क्लबले तेस्रो वर्षमा ८ लाख र चौथोपटक ७ लाख बचाएको थियो। त्यसैगरी प्रत्येक वर्ष तिहारमा भैलो खेलेर १ लाख जम्मा गर्दै आएको क्लबले पोखराको बसपार्क व्यवस्थित गर्दै आएको छ।

■ **केशव लामिछाने/पोखरा**

# जीवन्त अनुभूति




**अहिलेको व्यस्त** समयमा कविता पढ्ने धैर्य राख्ने पाठक खोज्नुपर्ने अवस्था छ। झन् पछिल्लो समयमा त कविता र पाठकको बीच दूरी बढिरहेको छ। केही हदसम्म भए पनि केही छोटा र स्तरीय कविताले जेनतेन पाठक धानिरहेका छन्। तर, छोटा र चुस्त कविताहरूको अभाव भने उही रूपमा छ। हुनसक्छ, यही कुरा आत्मसात गरेर कवि विश्वविमोहन श्रेष्ठले ७५ थान साना कविताहरूको सँगालो 'अँगारका धमिला धर्साहरू' सार्वजनिक गरेका छन्।

भनिन्छ, कविता कविको नितान्त वैयक्तिक भोगाइको सम्प्रेषण हो। एउटा कविले आफू बाँचेको परिवेशमा जे देख्छ, जे भोग्छ, त्यही अनुभूतिलाई कवितामा उतार्छ। कवि विश्वविमोहन पनि निजात्मक भोगाइलाई कवितामा उतार्न खप्पिस छन्। हरेक मानिसको जीवनप्रतिको दृष्टिकोण आ-आफ्नै हुन्छन्। पाँच दशक लामो जीवनयात्रालाई उनले कवितामार्फत यसरी अभिव्यक्ति दिएका छन् -


*लाग्यो छोडिदिऊँ सारा यो प्रपञ्च*
*झन्झट, खिचातानी र श्रीसम्पत्ति*
*एकान्तमा बिर्सिएर सबै थोक*
*रमाऊँ केही छिन सम्झँदै 'उर्वशी'*
*तर छोडेन कस्तै एकान्तमा पनि*
*सन्तापले खान माथापच्चिसी*
*सधैं आशामा बाँचेको,*
*हाय ! यो कस्तो जिन्दगी।*

विश्वविमोहनले आफ्ना कवितामा व्यक्तिगत अनुभूतिमात्र होइन, सामाजिक विषयवस्तुलाई पनि स्थान दिएका छन्। त्यसो त सामाजिक बेथितिप्रति उनको असहमति छ, त्यसलाई तोड्न चाहन्छन् उनी। समाजमा विद्यमान असमानताका पर्खाल ढाल्न वैचारिक क्रान्तिको आवश्यकता देख्छन्। यथास्थितिले समाज चल्न नसक्ने भावना चित्रण गरेका छन् कवितामा। छब्बीसौं कवितामा उनले लेखेका छन्-

*भोलिको नयाँ घामसँगसँगै*
*मेरो छोरो जन्मने छ 'क्रान्ति'*
*क्रान्ति !*
*साँच्चै भनेको*
*त्यो तिम्रो आशाको प्रतीक*
*त्यो मेरो विश्वासको प्रतीक*
*प्रतीक*
*त्यो मिचाहा र थिचाहाहरूको*
*मृत्युको प्रतीक।*

विश्वविमोहनका कविता चोटिला छन्, चस्स छुन्छन्, साँच्चै भन्ने हो भने चटनीको काम गर्छन्। कतिपय कवितामा उनले कलात्मक ढंगले व्यंग्यात्मक अभिव्यक्ति पनि पस्केका छन्, जुन पाठकलाई पढ्न रोचक लाग्छ। एपेक नेपालले छापेको यो किताब एकापट्टि नेपाली र अर्कोपट्टि हरिहरराज जोशी र इन्दु जोशीले गरेको कविताको अंग्रेजी अनुवाद राखिएको छ।

# शिवशंकरलाई चिनाउने पुस्तक




**नेपाली संगीतका** हस्तीमध्ये एक शिवशंकर मानन्धरबारे 'नेपाली संगीतका अभियन्ता शिवशंकर' पुस्तक प्रकाशित भएको छ। संगीतकार बुलु मुकारुङद्वारा लिखित उक्त पुस्तकले शिवशंकरको व्यक्तित्वबारे पाठकलाई राम्रो जानकारी दिन्छ। तीन सय सोह्र पेजको मोटो पुस्तकमा मुकारुङले शिवशंकरबारे अम्बर गुरुङ, फत्तेमान, गणेश रसिक, प्रेमध्वज प्रधान, बच्चुकैलाश, रामेश लगायत दर्जनौं संगीतकार, गायक र साहित्यकारका भनाइ पनि समेटेका छन्।

करिब एक शताब्दी लामो नेपाली संगीतको आधुनिक इतिहासमा शिवशंकरलाई अग्रणीमध्ये एक मानिन्छ।

नेपाली संगीत क्षेत्रलाई पाँच दशक योगदान दिएका शिवशंकरले संगीत दिएका दर्जनौं गीत अझै पनि चर्चित छन्। शिवशंकरले धेरै गीतमा संगीतसँगै स्वर पनि दिएका छन्। शिवशंकर पहिलो नेपाली चलचित्र 'आमा'का नायक पनि हुन्। संगीतकर्मीहरू शिवशंकरलाई नेपाली संगीतमा पाश्चात्य शैली भित्र्याएको जस पनि दिन्छन्।

संगीतकार मुकारुङको पुस्तकले शिवशंकरको जीवन र नेपाली संगीतमा उनको योगदानसँगै नेपाली संगीतको संक्षिप्त इतिहासबारे पनि जानकारी दिएको छ। मुलुकको संस्कृति निर्माण गर्न महत्त्वपूर्ण भूमिका रहने गीत संगीतको इतिहास निर्मातामध्ये एक शिवशंकरबारे अध्ययन-अन्वेषणसमेत गर्न सहयोग पुऱ्याउने कृति पाठकलाई दिएकोमा मुकारुङ धन्यवादका पात्र बनेका छन्।

■ **सुवास देवकोटा**



**किताब** : दलित समुदायको सामाजिक आयाम एक विश्लेषण
**लेखक** : मान बहादुर बीके
**पृष्ठ** : १७१
**मूल्य** : रु १२०/-
**प्रकाशक** : जन उत्थान प्रतिष्ठान




**किताब** : प्रा. दिनेशराज पन्त अक्षरको अभिवादन
**लेखक** : शेषराज सिवाकोटी
**पृष्ठ** : २१०
**मूल्य** : रु १००/-
**प्रकाशक** : ज्ञानगुन साहित्य प्रतिष्ठान




**किताब** : माओवादीको राष्ट्रिय र अन्तर्राष्ट्रिय आयाम
**लेखक** : अर्जुन ज्ञवाली
**पृष्ठ** : २१९
**मूल्य** : रु ५०/-
**प्रकाशक** : निरन्तर प्रकाशन




**किताब** : कलाश्री
**मूल्य** : योगराज, मोमिला, विराट
**पृष्ठ** : २१८
**मूल्य** : रु २००/-
**प्रकाशक** : इन्टेन्सि इन्टरनेसनल एकेडेमी



# ब्ल...ब्ल...ब्ल... डट कम

■ विश्वम्भर चञ्चल

**अरूले सरह** रामसिंहले पनि एउटा संस्था खोल्यो । त्यसको कहीं कतै औपचारिकरुपमा दर्ता भयो भएन, त्योचाहिँ थाहा भएन । थाहा मात्र त धेरैलाई के भयो भने उसले त्यस संस्थाको उद्घाटन विधिवत्‌रुपमा गरायो, निकै मानिस भेला गरायो । उद्घाटन भाषणमा प्रमुख अतिथिको रुपमा मन्त्रीले स्टेरियोटाइपकै पाठ घोके- देशको आजको यस परिस्थितिमा र अन्तर्राष्ट्रियस्तरमा पनि देश विकास र जनताको चेतनाको पहिचान गराउन र यस्ता कुरामा हाम्रो देश स्वयं सक्षम छ भनी देखाउन पनि यस्ता संस्थाहरूको स्थापना हुनु अति जरुरी छ । संयुक्त राष्ट्रसंघबाट पारित बालअधिकारसम्बन्धी महासन्धिमा हाम्रो देश नेपालले पनि महान् जनआन्दोलन २०४६ सालबाट प्राप्त बहुदलीय प्रजातन्त्रको पुनःस्थापनापश्चात् नै हस्ताक्षर गरिसकेको परिप्रेक्ष्यमा सरकारलाई घचघच्याउन, झकझक्याउन र यस दिशातर्फको परिपालनामा जागरुक तुल्याउन, सचेत गराउन हामी सबै यस दिशातर्फ लाग्यौं भने, हाम्रो देशले चाँडै नै हामीले बालबालिकाका लागि प्राप्त गरेका यी सबै अधिकारहरू सुनिश्चित गर्न सक्छौं । हाम्रा सहारा हुन्, देशका पाइला हुन् । यस्ता बालबालिकाका अधिकारका लागि कटिबद्ध भएर लाग्ने आज हाम्रा अगाडि रामसिंह जस्ता समाजसेवीलाई पाउनु पनि कम गौरवको कुरा होइन । हामी कामना गरौं रामसिंहजी जस्ता अरूअरू समाजसेवी पनि हाम्रा देशमा जन्मियून् र हामीले हाम्रो देशलाई सगरमाथाको देश, बुद्धको देश, वीर गोरखालीको देश भनेजस्तै समाजसेवीको देश भनेर पनि चिनाउन सकौं ! हामीलाई र अझ खासगरी मलाई आशा छ, उहाँबाट स्थापित यस संस्थाले देशका समस्त बालबालिकाको हित र प्रवर्धनमा टेवा पुऱ्याउँदै बालअधिकारको सुरक्षा गरोस्..., यस्तो पुनीत कार्यमा सरकारको पनि टेवा पुऱ्याओस्... !

मन्त्रीजीको भाषणपछि तालीको गडागडाहट भयो र करिबकरिब कार्यक्रमको समाप्ति पनि हुन लागेको घोषणा उद्घोषकले गरे । दर्शकको चलमलाहटले ठाउँ पायो र कोहीकोही त उद्घाटनपछिको भोजमा अरूभन्दा ढिला होइएला कि भनेर अरूको खुट्टा नाघ्दै र हिर्काउँदै फाट्टफुट्ट बाहिर पनि निस्के । त्यसमाथि रात्रिभोज भनेपछि त रसपानको सम्भाव्यता पनि धेरै ठाउँमा बोकेको हुन्थ्यो । आ-आफूमा खासखुस पनि गरे कसैले । एउटाले सोध्यो, 'ट्वाँट पनि छ कि के हो भाइ ?'

'खोइ अगि म बाहिर ट्वाइलेट जाँदा त त्यस्तै गिलासहरूको टाङराङटुङरुङ पनि सुनेको थिएँ, होला नि राम्रै' अर्कोले सुनायो । तेस्रोले आस लियो, 'होला, होला ।'

हुन पनि राम्रैगरी चल्यो भोज, राम्रैगरी गरायो रामसिंहले । विनारसपान आजभोलिको रात्रिभोज जम्दैन भन्ने उसलाई थाहा भएर नै त उसले यसप्रकारको कार्यक्रम बनाएको थियो । निम्तालुहरू पनि छानीछानीकन नै बोलाएथ्यो । त्यस्ता निम्तालुहरूमा खासगरी नवनेताहरू पर्दथे, जसले अब आउने दिनमा गरिने आन्दोलनका लागि शंखघोष गरिसकेका थिए । अनि अरू त्यस्तालाई पनि उसले बोलायो, जो नवधनाढ्य, विभिन्न पदमा बसेका र बस्नेवालाहरू पनि थिए ता कि ज-जसबाट उसले आउँदा दिनहरूमा मनग्य काम लिन सकोस् ! त्यस्तालाई चाहिँ त विशेष आग्रह नै गऱ्यो उसले टेलिफोनमार्फत पनि । चिन्नु नचिन्नु बेग्लै कुरा थियो । नाम सुन्न र उनीहरूबाट लिन सक्ने कामको पहिचान मात्र चाहिन्थ्यो उसलाई र त्यस्तो हुलियाको फेहरिस्त उसले पहिले नै कसैनकसैबाट लिइसकेको हुन्थ्यो । यसैले त निकै होसियारसाथ नै दुईतीनपल्ट नै चेक गरेर भए पनि पठाएको थियो उसले निम्ताहरू र तिनै अपरिचित निम्तालुहरूको अगाडि पनि ऊ हात जोड्दै र अझ कसैलाई त हनुमानभक्ति देखाएर नै भोजमा यहाँउहाँ गर्दै रह्यो । श्रीमती र आफ्ना छोराछोरीलाई पनि चिनायो सबैसँग एकएक गरी । निम्तालुहरूलाई पनि के थियो र ! 'बोलाइहाले, चिनजान भइहाल्यो, उसको तारिफ गरिदिँदैमा के बिग्रने हो र !' भनिठाने र तारिफका पुलहरू बाँधिदिए । उनीहरूले भने, 'ओ हो रामसिंहजीको नाम र कामको बारेमा हामीले पहिलेपहिले पनि सुनेकै हौं । केवल व्यक्तिगत चिनाजानी थिएन त्यत्ति हो । मानिस त सारै भद्र र इमान्दार पो हुनुहुँदोरहेछ !'

अझ कोही त उसकी श्रीमती र छोराछोरीको पनि तारिफ गरिदिन्थे, कति राम्रा र कति मायालु हुनुहुँदो रहेछ भनेर । यसमा रामसिंह हात मोल्दै र केही निहुरिँदै सुनाउँथ्यो मात्र, 'ज्यू... हजुर... ।' बीचबाट कोही फुसफुस गर्थ्यो आफ्नो साथीको कानमा गएर, 'के हो भाइ ! छोराछोरीको तारिफ त गरिस् गरिस् । अब यी श्रीमतीलाई पनि राम्री र मायालु भनेर तारिफ गर्नुको अर्थ के हो नि ?'

'त्यसो नभन् न भाइ ! चिजकी रहिछ चिजकी...' भन्दै मुख मिठ्याउँदै र बूढी र चोरी औंलाको टुप्पा जोड्दै अर्कोले जवाफ फर्काउँथ्यो ।

जे होस्, केही आरिसेबाहेक भोजमा सबैले सन्तोषै माने र रामसिंहको कामको सफलताको कामना गर्दै आ-आफ्ना घरघरतिर लागे । ऊ पनि अब आफ्नो काममा जोडतोडका साथ लाग्यो र घर, परिवार तथा इष्टमित्रको बीचबाट केही विश्वासिला व्यक्ति छानी काममा मद्दत पुऱ्याउन पनि नियुक्ति गऱ्यो । आन्दोलनको हल्ला चलिरहेकै थियो र भ्याकभ्याके सडक आन्दोलन त गत तीन वर्षदेखि नै चालू थियो देशमा । आन्दोलनकारी दलहरूमा कहिले कोही जुट्थे, कहिले कोही फुट्थे । यसबीचमा कोही सरकारमा पनि गए र जयजयकार पनि मनाए, आफ्ना केही स्वार्थ पनि परिपूर्ति भएकै होलान् कसैका तैपनि देश र सर्वसाधारण जनताको लागि भने केही हुन सकेन । न त देशमा शान्ति छाएर मानिसहरूले आ-आफ्नो गरिखान पाए न त राजनीतिक स्थिरता नै आयो । उता, आन्दोलनको दिशा र गतिले पनि कुनै नौलो मोड लिन सकेन ! त्रिशंकु नै बनिरह्यो देश । जनताले दुःख पाइरहे । कहिले यहाँ आन्दोलन त कहिले वहाँ आन्दोलन । कहिले यहाँ जुलुस त कहिले वहाँ जुलुस । कहिले यहाँ बाटो बन्द त कहिले वहाँ बाटो बन्द । कहिले यहाँ झडप त कहिले वहाँ झडप । लाठी र ढुंगा हानाहान, दगुरादगुर, हाहाहुहु, आगो, पानी, ग्याँस, धुवाँ, धुलो, फोहोर, गन्ध र अस्तव्यस्त नै बन्यो काठमाडौं । प्रहरीले आन्दोलनकारीहरूलाई दिनभरि

गिरफ्तारी गरेर रातभरिमा छोडिदिन्थ्यो त कहिले तत्कालै पनि । कहिले प्रमुख नेताहरूलाई आन्दोलनस्थलबाट गिरफ्तार गरी आरामसँग वासस्थानमा लगेर छोडिदिन्थ्यो भने कहिले टाउको फुट्ने नै गरेर लाठी पनि बजाइदिन्थ्यो ।

एउटा हँसी र रमाइलोको रुप लिइरहेको थियो आन्दोलनले । सरकार पनि निषेधाज्ञा तथा कर्फ्यु सजिलै गरी लगाइदिन्थ्यो कुनै निश्चित ठाउँलाई तोकेर र त्यसको औचित्य र आफ्नो तागतको आँकलन नगरीकन भने उता आन्दोलनकारीहरू निषेधाज्ञा तथा कर्फ्यु सजिलै तोड्थे र हाँसीहाँसी आ-आफ्ना गिरफ्तारी दिन्थे । प्रहरीले आन्दोलनकारीहरूलाई ट्रक वा मिनिटाटा वा पुलिस भ्यान कहाँ के मिल्छ त्यसैमा दर्सैंको भेडाच्यांग्रा जस्तो कोचेर लैजान्थ्यो र अझ गिरफ्तारीमा नपरेका कोही त प्रहरीले पन्छाउँदापन्छाउँदै पनि बलजफ्ती पुलिसभ्यानमा चढेर र टेलिभिजनको क्यामरामा आफूलाई महान् आन्दोलनकारीको रुपमा दर्शाउँदै कनीकनीकन अरुभन्दा पनि चर्का नारा लगाउँथे, दर्शकमाथि हात हल्लाउँथे । यस्तो लाग्थ्यो- राज्य अब राज्य रहेन । कानुन अब कानुन रहेन र शासक र शासितमा कोही कसैबाट भिन्न रहेन । कानुनी राज्यको माग गरेर हिँड्नेहरूले नै बेथिति कानुन तोडिरहेका थिए भने उता संयुक्त राष्ट्रसंघकै मान्यताअनुसारको मानवअधिकारको पालना गराउन कटिबद्ध छु भन्ने सरकार पनि उल्टो झन् बढी मानवअधिकारकै हनन गरिरहेको हुन्थ्यो । आन्दोलनकारी भन्थे- यो आन्दोलन होइन, क्रान्ति हो । क्रान्तिमा औचित्य र विधिले काम गर्दैन । उता कानुनको पालना गराउन बस्नेहरूले आफ्नो कमजोरी लुकाउन छाती पिटेर भनिरहेका थिए- हामीले आन्दोलनलाई प्रजातन्त्रको आवाज उठाउने शान्तिपूर्ण माध्यम भनिठानेर बल प्रयोग नगरेका हौं र बारम्बार सरकार आन्दोलनकारीहरूलाई यो अनुरोध गर्न चाहन्छ कि सरकारले लगाएको निषेधाज्ञा र कर्फ्युलाई मानिदिनुहोस् र सरकारलाई बल प्रयोग गराउन बाध्य नपारिदिनुहोस् ता कि यहाँ फेरि उच्छृंखलतत्त्व तथा आतंककारीको घुसपैठ हुन नपावस् ! हामीलाई रिपोर्ट छ, प्रजातन्त्रवादीको बीचमा आतंककारीको घुसपैठ हुने सम्भावना धेरै छ र सरकार आफ्ना जनताको ज्यू-धनको सुरक्षा दिन कटिबद्ध छ... ।'

यी सबै दृश्य देख्ने बूढापाकाहरू भन्थे- यी दुवै घिउ बेचुवा र तरवार बेचुवा हुन् । कोही कुनैमाथि कम छैनन् ।

रामसिंह यी सबै घटनाक्रमलाई नजिकैबाट नियालिरहन्थ्यो र उसले आफ्ना सहयोगीहरूको पनि भरपूर सहयोग लिइरहेको थियो । अनि पछि त्यसको रिपोर्ट कहाँ पठाउन पर्ने हो, पठाउँथ्यो । जवाफ पनि ऊबाहेक अरू कसैलाई थाहा हुँदैनथ्यो । यसैबीच देशमा अब एउटा नयाँ हलचल आयो । हिजोसम्मका टाउकोटाउकोका मोलतोलाइ गर्नेहरू र वर्गशत्रु भन्नेहरू सब एकै बने र तिनीहरूको बीचमा एउटा सम्झौता भयो, जसलाई कसैले अप्राकृतिक गठबन्धनको संज्ञा पनि दिए । आन्दोलनरत दलहरूले चाहिँ देशले अब राजनीतिमा एउटा निश्चित दिशा पक्डिने र प्रजातन्त्रको लागि जनताले बारम्बार राजासँग लडाइँ गर्नु नपर्ने तथा देशमा स्थायी शान्ति ल्याउने वाचा बाँध्दै निश्चित राजनीति र स्थायी शान्तिले मात्रै देशको चौतर्फी विकास हुने आश्वासन जनतालाई बाँडे । लामो विद्रोह र द्वन्द्व तथा अभाव र अशिक्षाबाट पीडित र गरिब जनताले पनि स्थायी शान्ति तथा दिगो विकासको लागि दलहरूलाई साथ दिए । यसबाट रामसिंहको हौसलामा दिन दुगुना, रात चौगुनाले वृद्धि भयो । ऊ कहिले नागरिकसमाजको नाउँमा त कहिले समाज सुधारकको नाउँमा, कहिले मानवअधिकारवादीको नाउँमा त कहिले बालअधिकारकर्मीको नाउँमा अनि कहिले राजनीतिक नेताकै रुपमा त कहिले विद्यार्थीकै बीचमा पनि नारा र जुलुस गर्दै हिँडिरहेको हुन्थ्यो । कहाँ, कसरी र कोसँग सम्पर्क बढाउन सकिन्छ त्यस्तैमा ऊ व्यस्त रहन्थ्यो । मानौं उसको संस्थाले अब राम्रो काम गरिरहेको छ र सबै दलहरूबाट उसले आफ्नो संस्थामाथि सहानुभूति पनि प्राप्त गरिरहेको छ ! बालबालिकाको नाममा उसले जे संस्था खोलेको थियो, त्यसले के काम गर्थ्यो र अहिलेसम्म के काम गऱ्यो कसैलाई केही पत्तो भएन तर प्रचारप्रसारमा भने खूबै आइरहेको थियो । संस्थाको नाम थियो- डु...डु...डु... र यसको मुख्य नारा मानिएको थियो - बालबालिका जोगाऊँ, सच्चा नागरिक बनाऊँ ।

आन्दोलनले अब तीव्र गति लियो । आन्दोलनकारीसँगको सम्झौताअनुरुप आजसम्म जंगलमै बसेर विद्रोह र लडाइँ गर्दै आएकाहरू पनि अब सहर पसे । यसले आन्दोलनमा आन्दोलनकारी दलहरूको ऊर्जा बढायो र यी सबको एकगठले अधिराज्यव्यापी आन्दोलन सुरु भयो । शिक्षकहरूले अध्यापन गराउन छोडे । विद्यार्थीहरूले अध्ययन गर्न छाडे । पेसागत संघसंस्था र यहाँसम्म कि कर्मचारीवर्गसमेत सरकारको काम ठप्प पारेर आन्दोलनमा उत्रिए जब कि निजामती कर्मचारी भनेका देशको स्थायी सरकार हो र यस्ता कर्मचारीले कुनै पनि आन्दोलन वा परिवर्तनमा भाग लिनु हुँदैन भन्ने मान्यतालाई पनि यहाँका कर्मचारीले मानेनन् । ती कर्मचारीवर्गमा पनि टाठाबाठाले परिवर्तित समयलाई आफ्नो पक्षमा पार्न अरूहरूलाई मोड्न सफल भए । सम्पूर्ण कर्मचारीतन्त्र नै राजनीतिकतन्त्रमा परिणत भयो । राजनीतिक दलहरूले नै कर्मचारीहरूलाई सरकारी कामकाज ठप्प पारेर आन्दोलनमा उत्रिन आह्वान गरे तर 'आज तँलाई खाने बाघले भोलि मलाई पनि खान्छ' भन्ने कुरा सम्झेनन् । त्यसमाथि विभिन्न वर्ग र समुदायको सामाजिक हितका लागि भनेर नागरिकका नाममा खुलेका संघसंस्था पनि राजनीतिकै नारा दिन लागे । घरघरबाट महिलाहरू चुलाचौका गर्न छाडेर सडकमा आए । यहाँसम्म कि स-साना नानीहरूलाई समेत उनीहरूले काखीमा च्यापेरै ल्याए । कोही डर, धाक, धम्की र उक्साहटले नै पनि आए, केही स्वतस्फूर्तरुपमा रमाए । अलि ठूला बालबालिकाहरूका लागि त यस्ता हुलमुल र नारा जुलुसका अवसर चाडवाडकै रुपमा भइहाले । किन छोड्थे उनीहरू आफ्नो रमाइलोको अवसर गुमाउन ! स्कुलहरू सब बन्द छँदै थिए र परिवारले रोक्दारोक्दै पनि कोहीकोही त फुत्किहाल्थे हुलमुलमा सामेल हुन । बुझे पनि नबुझे पनि जजसले जुनजुन पार्टीको झन्डा दिन्थे, बोक्थे । जिन्दावाद, मुर्दावादको नारा लगाउँथे र कसैलाई ....चोर देश छोड पनि भन्थे । त्यस हुलमुलमा सडक बालबालिकाको त झन् बाहुल्य नै थियो । उनीहरूको पनि दिन बिताउने र केही आम्दानी गर्ने समय बन्यो त्यो । बसे गएर जुलुसकै अग्रभागमा ! केटाकेटीको स्वभावै पनि त्यस्तो । कसैले रोकेका पनि होइनन् उनीहरूलाई जुलुसबाट हटाउन । अझ उल्टो उनीहरूलाई अग्रभागमा राखेर र जोस्याएर र ताली ठटाएर नचाउन लगाउने नै मान्छे धेरै भए रामसिंह जस्ता । उनीहरू नाच्थे गाउँथे र बीचबीचमा उनीहरूलाई प्रहरीहरूमाथि ढुंगा हान्न पनि प्रेरित गरिन्थ्यो तर विचराहरूलाई के थाहा कि प्रहरीहरूको तर्फबाट हानिएका डण्डा र गोली पहिले उनीहरूलाई नै लाग्छ भनेर... ! सरकारले झिनामसिना ठानेको र कमजोर महसुस गरेको आन्दोलनले अब क्रान्तिकै रुप लियो र समस्या थेग्न नसक्ने भयो । क्रान्तिकारीहरूको पूर्वयोजनाअनुसार काठमाडौंको चक्रपथ घेरियो चारैतिरबाट र त्यो हुल सहरभित्र प्रवेश गर्दै आयो ।

सरकारको सामु अब अरू केही विकल्प रहेन र त क्रूर नीतिमा उत्रियो र दमनको शृंखला चल्यो । बन्दुकको भाषाले महिला, बालबालिका तथा युवा, प्रौढ वा वृद्ध केही भनेन । भाग्न सक्नेजति भागे तर महिला तथा बालबालिका नै बढी हताहत भए र तिनीहरूका विभत्स दृश्य टिभी च्यानलहरूले देखाए र पत्रपत्रिकाहरूले पनि छापे । रामसिंहले ती महिला तथा बालबालिकाका त्यस्ता कार्यहरूलाई साहसिक भनेर भरपूर तारिफ गरायो । केही सञ्चरमाध्यमले फुके, 'स्यावास् ! देशका सपूत बालबालिका तथा महिलाहरू हो ! देश, जनता र लोकतन्त्रको लागि सहादत प्राप्त गर्न पनि तिमीहरू पछि परेनौ । तिमीहरूलाई हामी कोटीकोटी प्रणाम गर्छौं ।' यी सबै दृश्य र परिस्थितिहरूले गर्दा अन्तर्राष्ट्रिय मुलुक तथा संघसंस्थाको पनि व्यापक ध्यानाकर्षण भयो । सबैले सरकारमाथि औंला ठड्याए, 'खबरदार ! यस्तो मानवअधिकार र बालअधिकारको हनन नगर र निर्दोष बालबालिकाको ज्यान अकालमा नमार... । बरु चाँडै देशमा लोकतन्त्रको बहाली गराऊ र शान्तिस्थापना गर । यसैमा तिम्रो कल्याण छ... ।' यस प्रचारले आन्दोलनबाट अहिलेसम्म तटस्थ रहेका जनता पनि अब त्यसै बस्न सकेनन् । उनीहरू पनि देशको लोकतन्त्रकारी आन्दोलनमा होमिए र अतन्तोगत्वा उन्नाइस दिनको शान्तिपूर्ण आन्दोलनपछि राजाबाट आन्दोलनकारीहरूले भनेबमोजिमकै भाषामा लोकतन्त्र स्थापनाको घोषणा भयो । जनताले अब देशमा स्थायी शान्ति आउने र देश समृद्धितिर लम्किने आशा लिए । त्यसैदिन राति रामसिंहले ब्ल...ब्ल...ब्ल... डट कमलाई आफूले गरेका कामको फेहरिस्त दिँदै अन्त्यमा लेख्यो, 'मैले मेरो काम इमानदारीपूर्वक निर्वाह गरें, त्यसको भुक्तानी तुरुन्त पाऊँ । साथै गर्नुपर्ने अन्य कामको पनि निर्देशन हुन अनुरोध गर्दछु... ।' उताबाट खबर आयो, 'तपाईंको र हाम्रो सम्झौताबमोजिमको काम पूरा भएकोमा हामी असाध्य खुसी छौं, त्यसको लागि धेरैधेरै धन्यवाद । तपाईंले काम गरेबापतको भुक्तानी तपाईंको डट...डट...डट... बैंकको डट...डट...डट... खातामा जम्माको लागि पठाएका छौं । अरू यस्तै कार्यको लागि अपेक्षा राख्दै फेरि धन्यवाद दिन चाहन्छौं । तपाईंको शुभचिन्तक डट...डट...डट..., बिजिनेस अफिसर ।' ■

# नेपथ्य देशयात्रामा



**नेपथ्यको 'शान्तिको** लागि शिक्षा' संगीतयात्रा अहिले नारायणगढ हुँदै झापाको दमक र धनकुटामा दर्शक तताएर लाहान हान्निएको छ। यसै शीर्षकमा चार वर्षदेखि सांगीतिक कार्यक्रम प्रस्तुत गर्दै आएको नेपथ्यको प्रस्तुतिलाई स्थानीय दर्शकले खुब रुचाएका छन्।

यो साताको सुरुमा नारायणगढमा भएको कार्यक्रममा सबै उमेरका दर्शक भए पनि किशोरकिशोरीको बढी उपस्थिति थियो। कार्यक्रमलाई स्थानीय रेडियो स्टेसन- सिनर्जी एफएम र स्थानीय केबुल युनिक टेलिभिजनले प्रत्यक्ष प्रसारण गरेका थिए।

दुई घन्टासम्म चलेको कार्यक्रममा नेपथ्यले आफ्ना पुराना चर्चित गीतहरू *छेक्यो छेक्यो, घर हाम्रो पोखरा, चरी मऱ्यो सिसैको गोलीले, रेशम र नयाँमा भेडाको ऊन, सा कर्णाली, आमा* लगायत डेढ दर्जन गीत प्रस्तुत गरेको थियो।

उता यही साता दमकमा भएको कार्यक्रममा गायक अमृत गुरुङ दर्शकलाई प्रश्न गर्दै थिए- 'तपाईंहरूलाई हाम्रो राष्ट्रिय झन्डा कत्तिको मन पर्छ?' खचाखच दर्शकदीर्घाबाट लामो लेग्रो तानिएका आवाज एकसाथ उर्लिरहेका सुनिन्थे, असाध्य मनपर्छ। दर्शकसँग गोपालप्रसाद रिमालको 'रातो र चन्द्र सूर्जे' गीत गाउनुअघि गरिएको कुराकानीको यस्तो शैलीलाई दुई घन्टासम्मको कार्यक्रम अवधिभर कायम राखेका थिए, अमृतले।

नेपथ्यले आफ्नो कार्यक्रममा सामाजिक चेतना तथा सहयोगको कार्यलाई सम्बद्ध गरेको आयोजक तथा नेपथ्यका व्यवस्थापक नेपा-लयका टोली नेता किरणकृष्ण श्रेष्ठ बताउँछन्। 'विगतको सहकार्यलाई निरन्तरता दिँदै यसपटक पनि नेपथ्यले राष्ट्रका बालबालिकाको आवाजलाई बल पुऱ्याउने काम गर्नेछ', उनी भन्छन्।

लहानपछि हेटौंडा हुँदै देशको पश्चिम भेगतिर नेपथ्य टोली लम्कनेछ। ■



# उज्जयनमा नेपाली कलाकार

**भारतको उज्जयनमा** भइरहेको एघारौं अन्तर्राष्ट्रिय कला महोत्सव तथा कला कार्यशालामा भाग लिन तीनजना नेपाली कलाकार अहिले त्यहाँ छन्। नेपाली कलाकारहरू सुष्मा राजभण्डारी, संगी श्रेष्ठ र मनीषलाल श्रेष्ठलगायत देशविदेशका सयौं कलाकार उक्त कार्यक्रममा सहभागी हुनेछन्।

यो कला महोत्सवलाई भारतकै प्रतिष्ठित एवं बहुचर्चित कार्यक्रमका रूपमा लिइन्छ। महोत्सवका लागि महिला कलाकार समूह नेपाल (वागन)को पहलमा नेपाली टोली उज्जयन गएको हो।

भिन्दाभिन्दै शैलीका लागि परिचित ती तीन स्थापित कलाकारहरूले नेपाली कला र संस्कृतिको मौलिक ढंगले प्रस्तुत गर्ने महिला कलाकार समूह नेपालका अध्यक्ष रागिनी उपाध्याय बताउँछिन्।

पुस १२ गते देखि पुस १६ गतेसम्म चल्ने उक्त कला कार्यशालामा तयार पारिएका चित्रकलाहरू भारतका विभिन्न स्थानमा प्रदर्शन गरिनेछ।



# सदरखोरमा 'वो लम्हे..'

**युवाहरूले गुनगुनाइरहने** 'वो लम्हे...' लगायतका लोकप्रिय गीत गाइसकेका जल ब्यान्डका कलाकार भारतीय नोट प्रकरणमा पक्राउ परेका छन् । चर्चित पाकिस्तानी ब्यान्ड 'जल'का ती कलाकारहरू काठमाडौंमा 'कन्सर्ट' देखाएर फर्कने क्रममा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट प्रतिबन्धित पाँच सय र हजारको भारतीय नोट बोकेको आरोपमा पक्राउ परेका हुन् । काठमाडौंबाट दिल्ली हुँदै पाकिस्तान जाने क्रममा जल ब्यान्डका कलाकारहरू त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको सुरक्षाजाँचमा ११ लाख भारतीय रुपैयाँसहित पक्राउ परे । ब्यान्डका म्यानेजर हुसेन आलामको ब्रिफकेसबाट सुरक्षा गार्डले प्रतिबन्धित पाँच सय र हजारको भारतीय नोट देखेपछि उनलाई पक्राउ गरेको थियो ।

हुसेनलाई प्रतिबन्धित भारतीय नोट बोकेको आरोपमा राजस्व अनुसन्धान विभागले कारबाही प्रक्रिया अगाडि बढाएको छ । हुसेनले भने आफूहरूले भारतका विभिन्न सहरमा 'कन्सर्ट सो' गरेको र त्यसको पारिश्रमिक बोकेर नेपाल आएको *समय*सँग बताए । हुसेनले भारतीय नोटहरू नेपालमा प्रतिबन्धित भएको जानकारी नभएका कारण आफूहरूले साथमा बोकेर हिँडेको बताएका छन् । उनी भन्छन्, 'नेपालमा पाँच सय र हजारका भारतीय नोट प्रतिबन्धित छन् भन्ने थाहा नभएकाले गर्दा भारतमा प्रदर्शन गरेको कन्सर्टको पारिश्रमिक लिएर आएका थियौं ।' निकै चर्चा कमाएको पाकिस्तानी जल ब्यान्डका प्रतिष्ठित कलाकारहरूलाई भारतीय नोट काण्डमा पक्राउ गरेकोमा कार्यक्रम आयोजकहरूले दुःख व्यक्त गरेका छन् । जल ब्यान्डलाई नेपाल बोलाएको रिड्स इन्टरनेसनलका निर्देशक महान अर्याल भन्छन्, 'निकै चर्चित कलाकारहरूलाई पाहुनाको रुपमा नेपाल बोलाइयो, तर जानकारी नभएका कारण भारतीय रकम बोकेका कारण सरकारले पक्राउ गरेर हामीलाई लज्जास्पद बनाएको छ ।' ब्यान्ड म्यानेजर हुसेनलाई अहिले पुर्पक्षको लागि डिल्लीबजार सदरखोरमा थुनामा राखिएको छ । संगीतमा अन्तर्राष्ट्रिय ख्याति कमाएका सेलिब्रेटीहरूलाई सरकारले भारतीय नोटकै कारण देखाएर पक्राउ गर्नुभन्दा पनि वास्तविक परिस्थिति बुझेर व्यवहार गर्नुपर्ने अर्याल बताउँछन् । नेपालमा कार्यक्रम देखाएबापतको पारिश्रमिक भने आयोजकहरूले ब्यान्डलाई अग्रिम भुक्तानी गरेको बताएका छन् । उता विभागले भने प्रतिबन्धित नोटहरू बोकेपछि जो कोहीलाई पनि कानुनअनुसार कारबाही गरिने बताएको छ । विभागका मुद्दा फाँटका अधिकृत साधुराम वोगटी भन्छन्, 'कानुनले को सानो र को ठूलो भन्दैन, त्यसैले दोषीलाई कारबाही हुन्छ ।'



रवि मानन्धर

विभागले रकम सजिलै बैंक ड्राफ्ट बनाएर लैजानु पर्नेमा नगद लिएकाले थप शंकास्पद देखिएको बताएको छ । उनीहरूले बौद्धको हायत रिजेन्सी र काठमाडौं मलको प्रवर्द्धनको निम्ति टुँडिखेलमा 'कन्सर्ट' गरेका थिए । कानुनअनुसार प्रतिबन्धित भारतीय नोट प्रयोग गर्नेलाई कम्तीमा जफत भएको रकम बराबर र बढीमा तीन गुनासम्म जरिवाना हुने व्यवस्था छ । अधिवक्ता हेमन्त मल्ल भन्छन्, 'राष्ट्र बैंकले पाँच सय र एक हजारको नोटमै प्रतिबन्ध लागएकाले त्यसलाई नै बिगो मानेर जरिवाना मूल्यांकन गर्न मिल्दैन ।' राजस्व अनुसन्धान विभागले भने एघार लाख भारतीय रुपैयाँ जफत गरेकोमा त्यही बराबरको रकमलाई बिगो मानेर मुद्दा दायर गरेको छ । मुद्दाको प्रकृति हेरेर बिगोको तीन गुनासम्म जरिवाना वा सजाय हुने व्यवस्था २०१९ को संशोधित विदेशी मुद्रा विनिमय ऐनले गरेको छ । तर जफत रकम एक करोडभन्दा बढी भएमा भने तेब्बर रकम जरिवानासहित ३ वर्षसम्म जेल सजाय हुने व्यवस्था ऐनले गरेको छ । यदि बिगो कायम नहुने हो भने पक्राउ परेको रकम जफत र दुई लाखसम्म जरिवाना हुने व्यवस्था ऐनले गरेको छ ।

मल्लका अनुसार हुसेनको मुद्दा बिगो कायम नहुने प्रकृतिको मुद्दा हो । नेपाल र भारत बाहेक अन्य मुलुकमा भने डलर बाहेक अन्य मुद्रालाई गैरकानुनी मानिएको छ । जल ब्यान्डका गायक फरहिन सहित ब्यान्डका अन्य तीनजना सदस्यहरू भने सोही दिन दिल्ली हुँदै पाकिस्तान गएका छन् । ब्यान्ड म्यानेजरको पक्राउपछि गितारिस्ट गहर भने काठमाडौंमै थुनिएका छन् । मुद्दा अदालतमा गएपछि जरिवाना भुक्तानी गरेर रिहा हुने उनका वकिलले बताएका छन् ।

**■ गोविन्द परियार/काठमाडौं**



# जॉगरको सम्मान


रुद्र खड्का

**सधैं अनियमित** भइरहने नेपाल वायुसेवा निगमको उडानबाट चाँडो घर फर्कन सकिएला भनेर साढे दुई वर्षदेखि माओवादी त्रासका कारण विस्थापित भएका मुगुका द्वन्द्वपीडितहरूलाई विश्वास थिएन ।

कयौं दिन लगाएर पनि उडान गर्न नसक्ने निगमको लागि झन्डै तीन सय विस्थापितहरू र उनीहरूमा झिटीझिम्टा बोक्नुलाई निश्चय पनि समय लाग्थ्यो । तर, सधैं ढिला सुस्ती र अनियमित भइरहने नेपाल वायुसेवा निगमले ढिला मात्र गर्दैन, त्यहाँ पनि जाँगरिला र कर्मठ कर्मचारीहरू अझै छन् भन्ने उदाहरण यसै साता उक्त निगमका चालक वाइपी जुहार्चनले देखाइदिएका छन् ।

माओवादीको त्रासले वर्षौंदेखि घर फर्कन नसकेका पीडितहरू चाँडो घर फर्कनलाई सहयोगको लागि दैनिक पाँचवटा नेपालगन्ज-मुगु उडान गरी चालक जुहार्चनले उनीहरूलाई चाँडो घर फर्कन सहयोग गरेको देख्दा नेपाल वायुसेवा निगम मात्र मख्ख भएन, कयौं सर्वसाधारणले समेत जुहार्चनलाई जहाज भित्र र बाहिर धन्यवाद दिए ।

घर जानलाई आतुर भई नेपालगन्ज विमानस्थलमा जम्मा भएका विस्थापितहरूलाई चालक जुहार्चनले लगातार १५ उडान गरेर लामो समयदेखि घर पुग्ने उनीहरूको इच्छा पूरा गराइदिए । तीन वर्षअघि मुगुको विमानस्थल निर्माण गरिए पनि अहिलेसम्म मुगुमा जहाज कम्पनीहरूले नियमित उडान गर्न सकेका छैनन् ।

विस्थापितहरूको घर फर्कने इच्छालाई सहयोग गर्दै नेपाल वायुसेवा निगमले सहुलियत दरमा उडान समेत सञ्चालन गरेको थियो । यसअघि पनि थुप्रैपटक हिमाली र पहाडी जिल्लाहरूमा नियमित उडान गरेबापत पहाडी जिल्लाका सर्वसाधारणबाट सम्मानित हुँदै आएका चालक जुहार्चनलाई यसपटक पनि विस्थापितहरूलाई घर फर्काउन सहयोग पुऱ्याउने इन्सेक लगायत थुप्रै संस्थाहरू र सर्वसाधारण जनताले कामको प्रशंसाबापत सम्मान गरे । सम्मानपछि जुहार्चनले कामलाई अझ बढी जनमुखी बनाउने प्रतिबद्धता जनाएका थिए । जाँगरिला चालक जुहार्चनलाई शुभकामना !

■ रुद्र खड्का/नेपालगन्ज


## रेडियो सगरमाथा एफ. एम. १०२ थोप्लो ८ मेगाहर्ज



**रेडियो खबर पत्रिका**

पत्रपत्रिकाको संगालो, विशेषज्ञहरूको प्रतिक्रिया र विश्लेषण, फिचर र रिपोर्ट, शेयर बजारको साप्ताहिक विश्लेषण, दैनिक हुने औपचारिक कार्यक्रमको जानकारी साथै चाडपर्व, जात्रा, दिवस, जन्मदिन र महत्त्वपूर्ण घटनाहरूको संगालो । हरेक विहान (६:००-७:१५)

**हालचाल**

ताजा खबर थाहा पाउन- **हालचाल**, विहान, ८:४५, ११:४५, अपरान्ह, २:४५, ४:४५, साँझ ६:४५ र राती ९:४५ बजे

**बिबिसी नेपाली सेवा**

हरेक दिन राती (८:४५-९:१५)

**हरेक विहान ५:०० देखि राती ११:०० बजेसम्म सूचना, शिक्षा र स्वस्थ मनोरञ्जनका लागि भरपर्दो साथी रेडियो सगरमाथा एफ. एम. १०२ थोप्लो ८ मेगाहर्ज**

**नेपाली रेडियो**
**नेपाली आवाज**

ठेगाना :
रेडियो सगरमाथा एफ. एम. १०२ थोप्लो ८ मेगाहर्ज
बखुण्डोल, ललितपुर
फोन: ५५२८०९१, ५५४२२४५, ५५४५६८०
पोष्ठ बक्स, ६९५८, काठमाडौं
ईमेल : info@radiosagarmatha.org

शून्य समय



युवराज घिमिरे

# षड्यन्त्रको घेराभन्दा माथि रहनुपर्छ वार्ता प्रक्रिया

**आत्मसम्मान** र पूर्ण स्वतन्त्रताका साथ मुलुकलाई अग्रगमनतर्फ लैजाने अठोट सात दल र माओवादीले गरेपछि उनीहरूको आचरण त्यो घोषित प्रतिबद्धताविपरीत देखिँदै जानु मुलुकको दुर्दशाको सूचक हो । हालै सम्पन्न शान्ति प्रक्रिया र वार्ताका विभिन्न चरणमा उच्च सुरक्षाअन्तर्गत रहेको प्रधानमन्त्री निवासमा वार्ताको गोपनीयता भंग भएको, त्यसमा अवाञ्छनीय र संदिग्ध स्वार्थको 'व्यक्ति'को घुसपैठ भएका आरोप र प्रमाणहरू बाहिर आएका छन् ।

नेपाली सञ्चारमाध्यमलाई प्रधानमन्त्री निवासको हाताभित्र छिर्न नदिइएको सम्पूर्ण वार्ता प्रकरणमा अवाञ्छनीय घुसपैठ कसको अनुमोदन र प्रयासमा भएको हो ? यो त्रुटिको जिम्मेवार को हो, त्यसलाई प्रधानमन्त्री कोइरालाले सार्वजनिक गरी बाँकी वार्ता प्रक्रिया र सहमतिहरू राष्ट्रिय स्वार्थ तथा हितबाट मात्र परिचालित हुनेछ भन्ने आश्वासन मुलुकवासीलाई दिन सकेनन् भने कोइरालाप्रति जन अविश्वास चुलिन धेरै समय लाग्नेछैन ।

शान्ति प्रक्रियामा भएका सहमतिहरूको अवमूल्यनका लागि प्रधानमन्त्रीको खास विश्वासपात्रहरू दोषी भएको आम गुनासो छ । संयुक्त राष्ट्रसंघलाई माओवादी हतियार र सेना अनुगमनका लागि बोलाउनु उपयुक्त थियो वा थिएन ? अब यो प्रश्न पुनर्विचारको चरण बाहिर गइसकेको छ । तर, राष्ट्रसंघलाई बोलाइसकेपछि पूर्व गोर्खा सैनिकहरूलाई समानान्तर रूपमा त्यो जिम्मेवारी दिइने तयारीले नयाँ विवाद सिर्जना गरेको छ । कसको खटन र आदेशमा सञ्चालित होलान् उनीहरू ? र, अझ प्रचण्डले स्पष्टरुपमा नेपाली सेनाबाट अवकाशप्राप्त गरेकाहरूलाई अनुगमनका लागि स्वीकार नगर्ने अडान लिएर माओवादीले समय समयमा विरोध गर्दै आएका विदेशी सैन्य भर्तीसम्बन्धी अभिव्यक्तिभन्दा फरक आचरण प्रस्तुत गरेका छन् ।

उनीहरू भारतीय र ब्रिटिस सेनालाई जिम्मेवारी दिन चाहन्छन्, तर नेपालीलाई दिन चाहन्नन् । किन ? इयान मार्टिनले गोर्खा सैन्य भर्तीलाई पूर्णरुपमा समर्थन नजनाए पनि त्यसबारे एक प्रकारको लाचारी व्यक्त गरेका छन् । तर लाचारी व्यक्त गरेर उनले माओवादी र सरकारले विविधत् रुपमा दिएका दायित्व पूरा गर्न सक्लान् त ?

इयान मार्टिन मात्र हैन, मानवअधिकार सम्बन्धी राष्ट्रसंघीय विशेष कार्यालयले समेत नेपालमा व्याप्त अराजक र अन्योलको परिस्थितिलाई उसको कार्यक्षेत्रको सीमाभित्र रहेर मूल्यांकन गर्न जरुरी देखिन्छ । मैना सुनुवार मामिलामा दोषीलाई सजाय पर्याप्त भएन भन्नु पर्याप्त हुँदैन । कुन सजाय पर्याप्त हो ? त्यो उसले खुलाएको छैन । त्यस्तै दण्डहीनताको संस्कृतिको अन्त्य गर्दा कानुनको शासनको अवधारणाबाट अलग जान नमिल्ने तथा बदलाको संस्कृतिलाई स्थापित गर्ने सरकारको गतिविधिलाई निरुत्साहित गर्ने जस्ता जिम्मेवारीबाट ऊ पन्छिन पाउँदैन । वर्तमान सरकार र पुन:स्थापित संसद् मुलुकलाई जनआन्दोलनको सफलताकै उल्लासबाट हाँक्न सकिन्छ भन्ने मान्यताबाट बाहिर आइसकेको छैन । रायमाझी आयोग कानुनको सिद्धान्तमा आधारित छैन भन्न राष्ट्रसंघीय आयोगले सकेको छैन । र, माडी नरसंहारबारे छानबिनका लागि उसले सरकार-माओवादीलाई पर्याप्त दबाब दिइनरहँदा उसको निष्पक्षता र प्रभावकारिता समेत आशंकामा आउन सक्छ । त्यसो भएमा सम्पूर्ण वार्ता प्रक्रिया पनि कमजोर हुनेछ, किनकि सेना, हतियार, मानवअधिकार तथा संविधानसभाको निर्वाचन पर्यवेक्षणमा राष्ट्रसंघीय संलग्नताको व्यवस्था गरिएको छ, सरकार-माओवादी सहमतिद्वारा । त्यसैले राष्ट्रसंघका नेपालस्थित यी दुई विशेष कार्यालयहरूले जिम्मेवारी क्षेत्रभित्रका विषयहरूमा आवश्यक अडान लिनै पर्ने हुन्छ । यी राष्ट्रसंघीय निकायहरूका लागि अझ ठूलो चुनौती तथा अन्तरिम संविधान लागू भएपछि आउनेछ किनकि त्यसबेला न्यायपालिका स्वतन्त्र नभएर कार्यकारिणीको खटनमा रहनेछ ।


> इयान मार्टिन मात्र हैन, मानवअधिकारसम्बन्धी राष्ट्रसंघीय विशेष कार्यालयले समेत नेपालमा व्याप्त अराजक र अन्योलको परिस्थितिलाई उसको कार्यक्षेत्रको सीमाभित्र रहेर मूल्यांकन गर्न जरुरी देखिन्छ ।


शान्ति प्रक्रियाको बीउ सातदल-माओवादीबीचको दिल्ली सम्झौतामा रोपिए पनि वर्तमान प्रयासले मुलुकलाई शान्ति, प्रजातन्त्र र प्रगतितिर लैजान सक्नुपर्छ । त्यो प्रक्रियामा राष्ट्रियता जस्तो संवेदनशील विषय सिकार वा उपेक्षित बन्नु हुँदैन । मुलुकको राजनीतिक अस्थिरता, असोज १८ हुँदै माघ १९ र अहिलेको परिस्थितिसम्म नेपालको राजनीतिलाई प्रभावित गर्ने बाहिरी शक्ति र मुलुकहरूको भूमिका रहँदै आएको छ, यद्यपि त्यसमा निरन्तरता छैन । खासगरी असोज १८ को राजा ज्ञानेन्द्रको कदमलाई 'आतंकवादी' दबाउने सार्थक अभियानका रुपमा भारत, अमेरिका, बेलायत र चीन लगायत विभिन्न मुलुकहरूले समर्थन जनाएकै हुन् । माघ १९ विरुद्धको जनआन्दोलनको लहरपछि ती मुलुकहरूको रवैया पनि फेरिएको हो राजाप्रति । अबको सन्दर्भमा र भोलिको पुनर्निर्माणका साथै प्रजातन्त्रको संस्थागत विकासमा पनि ती मुलुकहरूको भूमिका हुन्छ नै यहाँ । तर, त्यसका लागि नेपालले स्पष्टरुपमा उनीहरूसँग प्रत्यक्ष वार्ता तथा पारदर्शी समझदारीमा पुग्ने सामर्थ्य र चरित्र देखाउनुपर्छ । अहिलेको वार्ता प्रसंगमा संलग्न दलहरूले प्रधानमन्त्रीले केही 'विदेशी शक्ति'माथि बढी निर्भर रहेको आरोप लगाउन थालेका छन् । स्वभाविकरुपमा त्यो दोष भारतप्रति लक्षित भएको देखिन्छ । नेपाली राष्ट्रियता भारत विरोधमा आधारित हुनुहुँदैन भन्ने मान्यता मुलुकमा बढ्दै गए पनि अक्सर भारतले अलोकप्रिय र गुम्न लागेको सत्तासँग 'फाइदा' लिन्छ र समानान्तररूपमा त्यसविरुद्धको आन्दोलनलाई समर्थन गर्छ भन्ने मान्यता पनि नेपालमा त्यत्तिकै प्रबल छ । यो २००७ सालको शान्ति तथा मैत्री सन्धिबाट जन्मिएको आशंका हो ।

वर्तमान शान्ति प्रक्रियामा खुलारुपमा खासगरी भारत र अन्य दातृ मुलुकसँग नेपालले परामर्श र सुझावका साथै उनीहरूका संवेदनशील विषयमा सकारात्मक हुनैपर्छ । तर, संवेदनशील शान्ति प्रक्रियामा घुसपैठ भएको सन्देशले 'राष्ट्रियता'को मुद्दामा अराजनीतिक खेल हुन सक्ने सम्भावनालाई जन्म दिन सक्छ भन्ने कुरालाई विशेषत प्रधानमन्त्री कोइरालाले बुझ्नैपर्छ । आठदलको वर्चस्वलाई वैधानिकता, कार्यकारिणीको नियन्त्रणमा प्रतिबद्ध न्यायपालिकामात्र हैन, प्रतिबद्ध व्यवस्थापिका, राष्ट्राध्यक्षको हैसियतप्राप्त सर्वशक्तिमान प्रधानमन्त्रीको व्यवस्थासहितको अन्तरिम संविधानले आठ दल प्रजातान्त्रिक संवैधानिक व्यवस्थाको निर्माणभन्दा षड्यन्त्रपूर्ण अंशबन्डामा तल्लीन देखिनुले उनीहरूविरुद्ध जनआक्रोश निम्तिन सक्छ । ■